# शुद्धोधन गाउँपालिका, रुपन्देही

# संगठन तथा व्यवस्थापन अध्ययन (O&M)

# प्रतिवेदन

<u>पेश गरिएको</u>

शुद्धोधन गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

रुपन्देही, प्रदेश नं. ५

पेश गर्ने

अर्किड मल्टि सर्भिस कन्सल्टेन्सी एण्ड ट्रनिङ इन्स्टिच्युट प्रा.लि.

बुटवल

२०७७

## विषय सूची


| क्र.सं. | | विषय | पाना नं. |
|---|---|---|---|
| १ | | भाग १: प्रारम्भ | ३ |
| | १.१ | पृष्ठभूमी | ३ |
| | १.२. | अध्ययनको उद्देश्य तथा अपेक्षित उपलब्धि | ५ |
| | १.३. | अध्ययनको विधि | ५ |
| | १.४ | अध्ययनको सीमा | ६ |
| २ | | भाग २: परिचय | ७ |
| | २.१. | गाउँपालिकाको संक्षिप्त परिचय | ७ |
| | २.२. | शुद्धोधन गाउँपालिकाको ऐतिहासिक पृष्ठभुमी | ८ |
| | २.३ | शुद्धोधन गाउँपालिकाको अवसर र चुनौती | ८ |
| ३ | | भाग ३: स्थानीय सरकारको कार्य जिम्मेवारीको विश्लेषण | ११ |
| | ३.१ | नेपालको संविधानमा स्थानीय तह | ११ |
| | ३.२ | स्थानीय सरकार संचालन ऐन, २०७४ | १२ |
| | ३.३ | सङ्घ तथा प्रदेश कानूनको अधीनमा रही गाउँपालिकाको काम, कर्तव्य र अधिकार, | २१ |
| | ३.४ | नगरपालिका तथा गाउँपालिकाको अतिरिक्त काम, कर्तव्य र अधिकार | २४ |
| | ३.५ | वडा समितिको काम, कर्तव्य र अधिकार | २५ |
| | ३.६ | संघीय विभिन्न कानून अर्न्तगत स्थानीय तहको काम कर्तव्य अधिकार | २८ |
| | ३.७ | गाउँपालिकाको वित्तीय अवस्था र आन्तरिक आयको प्रमुख श्रोतहरु : | ३० |
| | ३.८ | राजश्व सम्भाव्य क्षेत्रहरु : | ३० |
| | ३.९ | खर्चको अवस्था | ३१ |
| ४ | | भाग ४: गाउँपालिकाको विद्यमान संगठन संरचना | ३२ |
| | ४.१ | विद्यमान साँगठनिक ढाँचा | ३२ |
| | ४.२ | स्थानीय तहको विद्यमान दरबन्दीको अवस्था | ३२ |
| | ४.३ | कर्मचारी समायोजन प्रयोजनको लागि निर्धारण गरिएको दरवन्दी विवरण | ३४ |
| | ४.४ | नेपाल सरकारबाट तोकेको संगठन संरचना | ३८ |
| | ४.५ | विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरु | ३९ |
| | ४.६ | शुद्धोधन गाउँपालिकामा हाल कार्यरत कर्मचारी विवरण | ४० |
| ५ | | भाग ५: प्रस्तावित सांगठनिक ढाँचा | ४५ |
| | ५.१ | प्रस्तावित सांगठनिक ढाँचा र वार्षिक खर्च अनुमान | ४५ |
| | ५.२ | प्रस्तावित दरबन्दी विवरणको व्याख्या | ५० |
| | ५.३ | प्रस्तावित दरबन्दीको निश्कर्ष | ५२ |
| | ५.४ | गाउँपालिकामा रहने विषयगत महाशाखा, शाखाहरु तथा सोको कार्य विवरण (JD) | ५२ |
| | ५.५ | निष्कर्ष तथा सुझावहरु | ७४ |
| | | अनुसूची १: शुद्धोधन गाउँपालिकाको प्रस्तावित संगठन संरचना | ७६ |

# भाग १: प्रारम्भ

## १.१. पृष्ठभूमी

लामो केन्द्रिकृत शासकीय पद्धति पश्चात नेपाल सङ्घीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्थामा प्रवेश गरेको छ। नेपालको संबिधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मूल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरको छ। राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले संविधान तथा कानून बमोजिम गर्ने, संघ, प्रदेश र स्थानीय तहले नेपालको स्वतन्त्रता, सार्वभौमसत्ता, भौगोलिक अखण्डता, स्वाधीनता, राष्ट्रिय हित, सर्वांगीण विकास, बहुदलीय प्रतिस्पर्धात्मक लोकतान्त्रिक गणतन्त्रात्मक संघीय शासन प्रणाली, मानव अधिकार तथा मौलिक हक, कानूनी राज्य, शक्ति पृथकीकरण र नियन्त्रण तथा सन्तुलन, बहुलता र समानतामा आधारित समतामूलक समाज, समावेशी प्रतिनिधित्व र पहिचानको संरक्षण गर्ने गरी शासन व्यवस्था सञ्चालन गर्ने आधार संबिधानले दिएको छ। तीन तह बीचको सम्बन्ध सहकारिता, सहअस्तित्व र समन्वयको सिद्धान्तमा आधारित हुने व्यवस्था समेत गरेको छ। संघीय शासनको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकांक्षा पूरा गर्ने सङ्कल्प गरिएको छ।

विगतमा विकेन्द्रीकरण र स्थानीय स्वायत्त शासन पद्धतिको विकासका लागि विभिन्न प्रयासहरु गरिदै आएका थिए। त्यस क्रममा राज्यले विकेन्द्रीकरणको माध्यमद्धारा सार्वभौमसत्ता सम्पन्न जनतालाई शासन प्रकृयामा अधिकाधिक मात्रामा सम्मिलित हुने अवसर जुटाई प्रजातन्त्रका लाभहरुको उपभोग गर्न सक्ने व्यवस्था कायम गर्ने नीति अगिंकार गर्दै आएको थियो। स्थानीय स्वायत्त शासन पद्धतिको अवलम्बन गरी आफ्नो क्षेत्रको विकासको लागि साधनको परिचालन र विनियोजन स्थानीय जनता आफैले गर्न सक्ने व्यवस्था बाट विकासको प्रतिफल सन्तुलित एवं समान रुपमा उपभोगको माध्यमद्धारा समावेशी तथा सहभागितात्मक विकासको अवधारणा अगाडी सारिएको थियो।

संविधानमा भएको राजनैतिक पुर्नसंरचना अनुसार संघ, प्रदेश र स्थानीय तहको गठन निर्वाचनबाट भएको छ। त्यसैगरी संविधान बमोजिम प्रशासनिक पुनःसंरचनाको टुंगिएको छ। नेपाल एकिकृत शासकिय प्रणालीवाट तहगत शासन प्रणालीमा प्रवेश गरेसंगै यसको शासकिय संरचनमा पुनरावलोकनको आवश्यकता हुनु स्वभाविक देखिन्छ। नेपालको संबिधानको धारा ३०२ अनुसार कर्मचारी समायोजन ऐन, २०७५ जारी भएको छ। ऐनले गरेको व्यवस्था अनुसार राज्यका तीनै तहको काम, कर्तव्य र अधिकारको आधारमा प्रशासनिक संरचना निर्माण गरी साबिकका निजामती सेवा तथा अन्य सरकारी सेवामा कार्यरत कर्मचारीलाई तीनै तहमा समायोजन गर्ने काम सम्पन्न भएको छ। कर्मचारी समायोजन ऐन, २०७५ ले कर्मचारी समायोजनको कार्य सम्पन्न भए पश्चात स्थानीय तहले आवश्यकता अनुसार संगठन संरचना वा दरबन्दी थपघट, हेरफेर वा परिमार्जन गर्न सक्ने व्यवस्था गरेको छ। स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले गाउँपालिका तथा नगरपालिकाको आफ्नो कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र सङ्गठन तथा व्यवस्थापन सर्भेक्षणका आधारमा गाउँपालिका तथा नगरपालिकामा विषयगत शाखा वा महाशाखा रहेको सङ्गठन संरचना कायम गर्नु पर्ने र त्यस्तो सङ्गठन संरचनामा हरेक वडाको सङ्गठन संरचना समेत समावेश भएको हुनु पर्ने व्यवस्था गरिएको छ।

शासकीय पद्धतिको भावना अनुरुप जनतालाई विकास तथा सेवा र सुविधा स्थानीय स्तरमा नै उपलब्ध हुने व्यवस्थाको लागि नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानूनले स्थानीय पूर्वाधारको विकास तथा स्थानीय सेवा प्रबाहको पूर्ण जिम्मेवारी स्थानीय तहलाई दिएको छ। स्थानीय तहहरुले

आफुलाई संबिधान र कानूनद्धारा सुम्पिएका जिम्मेवारीहरु पुरा गर्न संबिधान र कानून अनुसार स्थानीय तह स्वयम्ले परिचालन गर्न सक्ने स्रोत तथा संघ र प्रदेशवाट प्रदान गर्ने समानिकरण अनुदान, राजश्व वाँडफाँड, शसर्त अनुदन र विशेष अनुदान तथा रोयल्टी जस्ता वित्तीय अधिकारलाई सुनिश्चिता संबिधान र अन्तर सरकारी वित्त व्यवस्थाजन ऐन, २०७४ समेत गरिएको छ ।

स्थानीय तहको क्षेत्र भित्र कार्यरत सरकारी निकायहरु, गैर सरकारी संघ/संस्थाहरु तथा सामुदायिक संस्था, औद्योगिक तथा व्यापारिक संघ/संस्थाहरु, बुद्धिजिवि वर्ग आदिलाई स्थानीय तहको सर्वागिंण विकासमा समन्वयात्मक ढंगबाट सहभागी गराउने दायित्व पनि सम्बन्धित स्थानीय तह कै हो । यस अर्थमा स्थानीय तहले आफ्नो क्षेत्रमा नियमनकर्ता, योजनाकर्ता, कार्यान्वयनकर्ता, सहजकर्ता, सहयोगी तथा समन्वयकारी भूमिका निर्वाह गर्नुपर्ने देखिन्छ । यसरी आफ्नो क्षेत्रको विकासमा बहुआयामिक र बहुपक्षीय भूमिकालाई सक्षमतापूर्बक निर्वाह गर्नका लागि स्थानीय तहहरुले आफ्नो सांगठनिक क्षमताको विकासका साथै त्यहाँ कार्यरत जनशक्तिहरुले आफ्नो चिन्तन र व्यवहारमा समेत समयानुकुल परिवर्तन गर्नुपर्ने हुन्छ ।

आजको बदलिदो परिस्थिती अनुरुप स्थानीय जनताका आकक्षांलाई पहिचान गर्दै मितव्ययी तथा प्रभावकारी रुपले स्थानीय सेवा प्रबाह गर्न स्थानीय तहहरुको व्यवस्थापकीय तथा सागंठनिक क्षमतामा सुदृढीकरण हुन जरुरी छ । स्थानीय तहलाई दिएको अधिकार तथा जिम्मेवारी वहन गर्नका लागि स्थानीय स्तरमा पनि स्थानीय जनताको लागि सोच्ने र जवाफदेही वहन गर्न सक्ने संस्थागत संयन्त्र र कार्यगत संरचनाको निर्माण र विकास गर्न पनि अति आवश्यक छ ।

स्थानीय तहहरुले आफूलाई तोकिएको जिम्मेवारी कुशलतापूर्वक पुरा गरे नगरेको लेखाजोखा गरी विधिको पालना र दक्षतापूर्ण कार्यसम्पादनका आधारमा संघले स्रोत साधन प्रबाह गर्ने परिपाटी समेत राष्ट्रिय प्राकृति स्रोत तथा वित्त आयोगले अवलम्बन गर्न थालेको छ । यसका लागि स्थानीय तहले कानूनको पालना तथा कार्यसम्पादनको गुणस्तरमा मापन गर्न लागेको छ । यसैगरी स्थानीय तहको कार्य सम्पादनको स्वमूल्याकंन पद्धतिको अबलम्वनको थालनी समेत गरेका छन् ।

यसरी नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ लगायतका प्रचलित कानूनले तोकेको कार्य जिम्मेवारी पुरा गर्ने सन्दर्भमा पनि गाउँपालिकाहरुको संगठन विकास सम्बन्धी अध्ययन गर्न आवश्यक देखिएको छ । गाउँपालिकाले आफ्नो उद्देश्य तथा भूमिकालाई स्पष्ट रुपमा किटान गरी आवश्यकता अनुसार विभिन्न महाशाखा, शाखा तथा उपशाखाको स्थापना गरी सुव्यवस्थित ढगले कार्यसञ्चालन गर्नु पर्दछ । यसका लागि पर्याप्त ज्ञान, सीप र उच्च मनोवलयुक्त कर्मचारीहरुको आवश्यकता रहने कुरा निर्बिवाद छ । यस्तो जनशक्तिबाट मात्र गुणस्तरीय सेवाको अपेक्षा गर्न सकिन्छ । यस्तो जनशक्तिको व्यवस्था गर्ने सन्दर्भमा आवश्यक पर्ने दरवन्दी तथा संगठन संरचनाको पुनरावलोकन स्थानीय तहले कर्मचारी समायोजनको काम समाप्त भएपछि गर्न सक्ने अधिकार स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा कर्मचारी समायोजन ऐन, २०७५ ले स्थानीय तहलाई दिएको देखिन्छ ।

प्रस्तुत सन्दर्भमा शुद्धोधनगाउँपालिकाले आफ्नो भूमिकालाई प्रभावकारी रुपमा निर्वाह गर्ने सिलसिलामा भोग्नु परेका चुनौतिहरुलाई पहिचान गरी समाधानका लागि सहभागितात्मक पद्धतिबाट गाउँपालिकाको संगठन स्वरुप तथा कार्य विवरणको पुनरावलोकन गरी समसामयिक परिमार्जन गर्नको लागि अर्किड मल्टि सर्बिस कन्सल्टेन्सी एण्ड ट्रनिङ इन्स्टिच्युट प्रा.लि. को प्राविधिक सहयोगमा गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण अध्ययन प्रतिवेदन २०७६ तयार गरिएको हो ।

## १.२. अध्ययनको उद्देश्य तथा अपेक्षित उपलब्धि

गाउँपालिकाको संगठनात्मक क्षमता विकासका लागि सञ्चालित यस अध्ययनको प्रमुख उद्देश्य शुद्धोधनगाउँपालिकाको वर्तमान संगठनात्मक क्षमताको विश्लेषण गरी त्यसमा देखिएका कमजोरीहरुलाई सुधार गर्न संगठन संरचना, दरबन्दी तथा कार्य विवरण पुनरावलोकन गर्नु हो । यस अध्ययनका खास उद्देश्यहरु निम्न बमोजिम रहेका छन :

१. गाउँपालिकाको संगठनात्मक क्षमता विश्लेषण गरी संभावित संगठन विकास रणनीति तथा कृयाकलापहरुको पहिचान गर्ने ।
२. गाउँपालिकाको संगठनात्मक क्षमता विकास रणनीति तथा गाउँपालिकाको कार्यक्रम, कार्यबोझ तथा कार्यप्रकृतिको आधारमा गाउँपालिकाको कार्य व्यवस्थामा सुधार ल्याउन उपयुक्त सांगठनिक संरचनाको प्रस्ताव तयार गर्ने ।
३. गाउँपालिकाको संगठन संरचना अनुरुप दरबन्दी तेरिज प्रस्ताव गर्ने ।
४. गाउँपालिकाको प्रस्तावित महाशाखा/शाखा/इकाई/सेवा कार्यालय, वडा कार्यालय तथा कर्मचारीहरुको कार्यविवरण तयार गर्ने ।
५. गाउँपालिकाको संगठन विकास कार्ययोजना तयार गर्ने ।

**नयाँ संगठन संरचना, शाखागत कार्यविवरण लगायतका व्यवस्थाले गाउँपालिकाको समग्र सेवा प्रबाह लगायतका बिषयमा देहायगत सुधार ल्याउने अपेक्षा गरिन्छ ।**

१. गाउँपालिकाको चुस्त दुरुस्त संगठन निर्माण भै जनशक्ति लागतमा कमि आउने छ ।
२. गाउँपालिकाको सेवा प्रबाहमा आएको सुधारले नागरिक सन्तुष्टिमा बृद्धि भएको हुनेछ ।
३. कार्यरत जनशक्तिको वृति विकासका थप अवसर सृजना हुनेछ ।
४. कार्यबिश्लेषणबाट गाउँपालिकाको कमि कमजोरी तथा अबसरको जानकारी भई सुधारको क्षेत्र पहिचान हुनेछ ।
५. महाशाखा/शाखा/इकाई/सेवा कार्यालय, वडा कार्यालय तथा कर्मचारीहरुको कार्यविवरणले जिम्मेवारी तोक्नका सहजता ल्याउने छ ।

## १.३. अध्ययनको विधि

नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, अन्तर सरकार वित्त ब्यवस्थापन ऐन, २०७४ लगायत प्रचलित कानूनवाट स्थानीय तहलाई प्रदान गरेका कार्य जिम्मेवारी तथा अधिकार,गाउँपालिकामाहाल कार्यरत कर्मचारीहरुसंगको छलफल, प्रस्तावित महाशाखा/शाखा/इकाई/सेवा कार्यालय, वडा कार्यालयको कार्यविवरण, कार्यवोझ र कार्यप्रकृतिको अध्ययन विश्लेषण, यसवाट प्राप्त राय र सुझावहरु तथा कर्मचारी समायोजन प्रयोजनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयवाट स्थानीय तहको लागि जारी भएको अन्तरिम संगठन संरचना, अधिकार सम्पन्न संघीय प्रशासनिक पुन:संरचना समितिको प्रतिवेदन २०७४, विगतका अध्ययन प्रतिवेदनहरुको विश्लेषण समेतको आधारमा यो प्रतिवेदन तयार गरिएको छ । हाल कायम रहने गाउँपालिकाको महाशाखा/शाखा/इकाई/सेवा कार्यालय, वडा कार्यालय सेवा प्रबाहलाई थप प्रभावकारी बनाउन विद्ययमान प्रशानिक संरचनामा पुनरावलोकन गर्नका लागि नयाँ दरवन्दी विवरण तथा संगठन संरचना तयार गरिएको छ ।

## १. ४. अध्ययनको सीमा

कुनै पनि अध्ययन पूर्ण हुन कठिन हुन्छ। त्यो भन्दा त्यो राम्रो भन्ने तुलना भई नै रहन्छ। श्रोत साधन र अध्ययन सामग्रीको सीमित वा पर्याप्त उपलब्धता आदि कारणले पनि अध्ययनको गुणात्मकतालाई प्रभावित पार्दछ । जहाँसम्म यो अध्ययनको विषय छ, यसमा निम्न वमोजिमका सीमा अनुभव गरिएको छ :

१. संबिधानले तोकेको साझा अधिकारका बिषयमा संघीय कानून तथा प्रदेश कानून नबनेको अबस्थाले गर्दा गाउँपालिकाको कार्यबोझ एकिन गर्न नसकिएको,
२. गाउँपालिकाको एकल अधिकारको विषय रहेका शिक्षा तथा स्वास्थ्यमा सशर्त अनुदान जाने गरेको अबस्थाले गर्दा त्यस क्षेत्रको कार्यबोझ एकिन गरी संगठन संरचना र दरबन्दी एकिन गर्न नसकिएको,
३. भैरहेको वित्तीय अवस्था, जनशक्ति, कार्यक्षेत्र र कानूनी व्यवस्था नै अध्ययनको आधार रहेको,
४. विद्यमान संगठन तालिका र अन्य सूचना सामग्री प्रष्ट र पर्याप्त नभएको र
५. उपलब्ध वजेट समय र जनशक्तिको सीमितताको आधारमा प्रतिवेदन तयार गरिएको छ ।

# भाग २: परिचय

## २.१. गाउँपालिकाको संक्षिप्त परिचय

साविक सौ. फर्साटिकर, खडवा वनगाई, मानपकडी र मानमटेरिया गाउँपालिका गाँभेर बनेको शुद्धोधन गाउँपालिका प्रदेश नं. ५ अन्तर्गत रुपन्देही जिल्लाका १६ स्थानीय तह मध्ये एक गाउँपालिका हो । पूर्वपश्चिम लोकमार्ग अन्तर्गत तामनगरदेखि ५ किलोमिटर दक्षिणमा रहेको यो गाउँपालिका समून्द्र सतहदेखि करिब ९२.१ मिटरको उचाइमा छ । ५७.६६ बर्ग किलोमिटर क्षेत्रफल भएको यो गाउँपालिका रुपन्देही जिल्लाको संघीय निर्वाचन क्षेत्र नं ३ मा पर्दछ। पूर्वमा तिलोतमा नगरपालिका, पश्चिममा गैडहवा गाउँपालिका, उत्तरमा बुटवल उपमहानगरपालिका र सैनामैना नगरपालिका र दक्षिणमा सियारी, मायाँदेवी र गैडहवा गाउँपालिकाको सिमाना भित्र उत्तर पश्चिमबाट बग्ने दानव नदीसंगै प्राकृतिक, भौगोलिक, साँस्कृतिक, मनोरमताले यो गाउँपालिका सिंगारिएको छ। खुल्ला दिसा मुक्त, पूर्ण खोपयुक्त र पूर्ण साक्षर यस गाउँपालिकाको सबैतिर बस्ती तथा खेतीयोग्य जमिन रहेको छ । राष्ट्रिय जनगणना २०६८ का अनुसार यस गाउँपालिकामा पहाडी मूलका ब्राह्मण, क्षेत्री, मगर, गरुङ्ग, नेवार, कामी, सार्की, दमाइ लगाएत रैथाने थारु, यादब, लोध, कुर्मी, हरिजन, मुसलमान आदि जातजातिका साथसाथै विभिन्न धर्म र संस्कृतिका ६,१४५ घर छन् जसमा महिला १७,९८६ र पुरुष १६,६५२ गरी जम्मा ३४,६३८ जनसंख्या रहेकोछ यस्तै यहाँको लिगंको अनुपात ९२.६ र गरिवी १४.९२ रहेको छ ।

शुद्धोधन गाउँपालिका रुपन्देही जिल्लाको विकसित गाउँपालिकाहरु मध्ये एक हो । यसको भु-बनोट समथर एकै खालको छ । समतल भू–भाग र उर्वर मलिलो माटोका कारण प्रशस्त कृषि उत्पादन हुन्छ तर आज भोलि घर घडेरीका लागि जमिन प्लटिङ हुदै गएकोले उत्पादन दिन प्रतिदिन घट्दै जानुका साथसाथै वातावणीय असर समेत परेको छ । यहाँ मौसम अनुसारका खेती बाह्रै महिना गर्न सकिन्छ । मुख्य बाली धान, गहुं, मकै, मास, मसरो रहर, आलस, तोरी, मम्फली, आलु आदि हुन् । आजभोलि व्यवसायिक रुपमा तरकारी खेती, पशुपालन, कुखुरापालन गरिदै आएको छ । उत्पादित खाद्यन्न तथा तरकारी नजिकैका स्थानीय हाटबजारहरु, भैरहवा र बुटवलमा बेचबिखन गरिन्छ ।

यस जिल्लामा उष्ण प्रदेशीय हावापानी पाइएता पनि बाह्रै महिना एकैनासको हावापानी छैन । चैत्र महिनादेखि आश्विनको सूरुसम्म गर्मी हून्छ । आश्विन, कार्तिक, मंसिर र फागूनमा यहाकां हावापानी समशिताष्णि हुन्छ भने पौष र माघ महिनामा निकै जाडो हुन्छ । जेष्ठको अन्त्यदेखि आश्विनको सूरुसम्म मनसूनी वायूका कारण प्रशस्त बर्षा हूने गर्छ ।

## २.२. शुद्धोधन गाउँपालिकाको ऐतिहासिक पृष्ठभुमी

विश्व विख्यात शान्तिका प्रतिक गौतम बुद्धका पिता शुद्धोधनको नामवाट यस गाउँपालिकाको नामाकरण गरिएको हो । परापूर्व कालदेखि यस स्थानमा थारु, यादव, मुसलमान लगायतका विभिन्न बासिन्दाहरुको बासोबास छ । कृषिमा आधारित जीवनशैली, पुरानो इतिहास नै भेटाउन गाह्रोपर्ने यहाँका हाटबजार जहाँवाट रैथाने बासिन्दाहरुले सामान साटासाट र किनबेच गर्ने चलन, समूहमा मिलेर बस्ने बानी, गुचुप्प परेका बस्तीहरु, लामो इतिहास बोकेको दरवाहा मेला, मौलिक चार्डपर्व, परामपरा, संस्कृति र भाषा गाउँपालिकाका महत्वपूर्ण र ऐतिहासिक पक्ष हुन् ।

शुद्धोधन गाउँपालिका धार्मिक, सामाजिक सहिष्णुता भएको गाउँपालिका हो । यहाँ ब्राह्मण, क्षेत्री, मगर, गरुङ्ग, नेवार, कामी, सार्की, दमाइ लगाएत पहाडी मुलका विभिन्न मानिस र रैथाने थारु, यादब, लोध, कुर्मी, हरिजन, मुसलमान आदि लगाएतका थुप्रै जातजातिका साथै हिन्दू, बुद्ध, इसाइ, इस्लाम धर्मावलम्बीहरु बसोबास गर्दछन् । दशै, तिहार, जनैपूर्णीमा, तिज, छठ, होली, बुद्धजयन्ती क्रिसमस, इद लगाएतका विभिन्न चाडपर्व यहाँ मनाइन्छ । मठमन्दिर, विभिन्न धार्मिक स्थल, देउसीभैलो, भजनकृतन, कौरा, थारुनाच आदि यहाँका मौलिक साँस्कृतिक धरोहर हुन् ।

यहाँका बासिन्दाहरु अत्यन्तै मिलनसार, सोझा प्रकृतिका र विकासप्रेमीको रुपमा परिचित छन् । पञ्चायतकालदेखि नै यहाँको विकासमा थुपै व्यक्तित्वहरुको योगदान रहेको छ । २०१६ साल देखि नै विद्यालयको स्थापना गर्ने, भैलुभुज सिंचाईको सुविधा, यातायात लगायतका विभिन्न विकासका कार्यमा यहाँका जनताको प्रत्यक्ष योगदान रहेको छ । २०४६ सालको परिवर्तन पश्चात राजनीतिक चेतनामा निकै फड्को मारेको विभिन्न समयमा भएका आवधिक निर्वाचन र तिनको परिणामबाट थाहापाउन सकिन्छ ।

२०७३ साल चैत्र २७ गते यस जिल्लाका साविक सौ. फर्साटिकर, खडवा वनगाई, मानपकडी र मानमटेरिया गाविसलाई गाभेरे शुद्धोधन गाउँपालिका स्थापना गरिएको हो । यस गाउँपालिकाका पहिलो कार्यकारी अधिकृत झविलाल भट्टराईको नेतृत्वमा विभिन्न विषयगत कार्यालयहरु सञ्चालनमा रहेका छन् । २०७४ साल आषाढ १४ मा सम्पन्न गाउँपालिकाको निर्वाचनमा यस शुद्धोधन गाउँपालिकाको अध्यक्ष किशुन चन्द्र चौधरी र उपाअध्यक्ष शान्ता देवी ज्ञवाली निर्वाचित भइ जनप्रतिनिधिका रुपमा क्रियाशिल हुनुहुन्छ ।

## २.३. शुद्धोधन गाउँपालिकाको अवसर र चुनौती

गाउँपालिकामा रहको सम्भावना, अवसर र चूनौती कूनै पनि ठाउँको विकासका लागि प्राकृतिक श्रोत र साधनको महत्वपुर्ण भुमिका हुन्छ । शुद्धोधन गाउँपालिकामा रहेका प्राकृतिक श्रोतहरुलाई हेर्दायहा विकास गर्न सकिने प्रसस्त सम्भावनाहरु रहेकोर्देखिन्छ भने यहाकां मानिसहरुले विभिन्न खाले समस्या र चूनौतीहरुको पनि सामना गरिरहेका छन् । यस गाउँपालिकाका सम्भाव्यता, अवसर, चूनौती र समस्या यस प्रकार रहेका छन् ।

### क. सम्भाव्यता र अवसर

शुद्धोधन गाउँपालिकामा उर्वराशील जमिन धेरै छ । स्थानीय नालाबाटसिंचाइको व्यवस्था गरी उन्नत खालको कृषि र पशुपालनलाई व्यवसायिकरण गरेमा यहाका मानिसको जीवनस्तर उच्च हुन सक्ने संभावना छ ।

- यहाँका ऐतिहासिक महत्व भएको दरवाहा मन्दिरको संरक्षण, दानव नदीबाट सिंचाई, कृषिमा व्यवसायिकता, हामेस्टेको विकास गर्न सकेमा यो स्थान पर्यटकीय क्षत्रेका रुपमा विकास हुन सक्ने संभावना छ ।
- सर्वेक्षणको क्रममा यस गाउँपालिकामा धेरै संख्यामा शिक्षित यूवा जनशक्ति रहेकोपाइयो तर यहा पर्याप्त रोजगारीका अवसर नभएकोले योजना शक्ति नेपालकै विभिन्न शहर तथा विदेशमा पलाएन भएको अबस्था छ । आगामी दिनमा गाउँपालिकाले आफ्ना कार्यक्रम स्वरोजगार सृजना हूने क्षेत्रमा विस्तार गरेमा पलाएन भैरहेको जनशक्ति रोकी आर्थिक तथा सामाजिक क्षेत्रमा ठूला योगदान पुग्न सक्ने देखिन्छ ।
- यहाँका मानिसको मूख्य पेशा कृषि व्यवसायको यस व्यवसायले आर्थिक क्षेत्रमा ठूलो र महत्वपूर्ण भूमिका खेलेको छ । यसलाई उन्नत र व्यवसायिक बनाउन सकेमा रोजगारी र आय आर्जनमा अझ टेवा पुग्ने अवसर छ ।
- यो गाउँपालिका बुटवल र भैरहवादेखि नजिक र यातायात तथा संचारको राम्रो विकास भएकोले यहाँ साना तथा ठूला दुबै किसिमका उद्योगहरु खोल्न सकिने राम्रो संभावना छ जसबाट स्थानीय क्षत्रेको आय र रोजगारी दुबै बढाउन सकिन्छ ।
- यस क्षत्रेमा रहेकोयज्ञोदय थारु बहुमुखी क्याम्पसको लागि त्रि. वि. को आँगिक कलेजको रुपमा स्थापना गरेर व्यवसायिक शिक्षा पठनपाठन हुने व्यवस्था मिलाउन सकेमा स्थानीय क्षेत्रका विद्यार्थी बाहिर जान नपर्ने र यस भेकका लागि आवश्यक हुने प्राविधिक जनशक्ति तयार गर्न सक्ने अवसर छ ।

### ख. समस्या तथा चूनौतीः

- यस गाउँपालिकाको मूख्य समस्या उर्जाको हो । गाउँपालिका भित्र मात्र होइन आसपासका कुनै पनि गाउँपालिकामा सामूदायिक, निजि तथा सरकारी वन छैनन् । यहँको उर्जाको श्रोत गुइठा हो । गुइठाको प्रयोग गर्दा प्रत्यक्ष रुपमा कृषि क्षेत्र प्रभाबित भएको छ भने मानव स्वास्थ्यमा समेत विभिन्न खालका समस्या देँखिएका छन् । सार्वजनिक जग्गा, दानव नदी र तिनाउ नदीमा वृक्षारोपण गरी जंगलको विकास गर्न सकिने छ ।
- गोठे मलको कमी, गैर व्यवसायि कृषि, कृषिमा सरकारको कम प्राथमिकता, उन्नत बिउ मलको अभाव आदि विभिन्न कारणले यहांको उत्पादन र रोजगारी दुबै घट्दै गइरहेको छ ।
- गाउँपालिका भित्रका बस्ती धेरै बाक्ला र एकै ठाउँमा गुजुमुज्ज परेर रहेका छन् भने धेरै घरका छाना फुसको भएका हुँदा गर्मी र हावाहुरीका समयमा यी बस्तीमा आगलागी हुँदा धेरै धनजनको क्षती हुदै आएको छ ।
- पहिले यस गाउँपालिकाका मानिसहरुको सामाजिक सेवाको भावना धेरै राम्रो थियो । सामाजिक सम्पति निमार्ण, मर्मत संभार र जर्गेनामा प्रयाप्त मात्रमा जन श्रमदान हुने चलन थियो । आज भोली यो भावना अत्यन्त कमी भएको छ । सानो कामका लागि अनुदान माग्न गाउँपालिकामा आउने चलनको लगभग हावी भएको छ ।
- यस गाउँपालिकाका सार्वजनिक जग्गा विगतमा भएका अतिक्रमण हुँदा गाउँपालिकाभित्र रहेका संघ संस्था, उद्योग धन्दा, तथा कूनै पनि सार्वजनिक सम्पत्ति व्यवस्थित गर्न कठिन देखिन्छ भने वन वातावरणको विकास गर्ने संभावाना ज्यादै कम छ ।

- यस गाउँपालिकामा धेरै घरले २०० फिट भन्दा कम गहिराइको पानी पिउने गर्दछन् । चेतनाको कमी र आर्थिक कम्जारीका कारण मापदण्ड भन्दा कम उचाईका चापाकलबाट पानी खाँदा यहाकां मानिसको स्वास्थ्यमा प्रतिकुल असर परिरहेको छ ।
- छोरीलाई रजस्वला हुनु भन्दा पहिले बिवाह गरि कन्यादान गर्न पाइयो भने जीवन धन्य हुन्छ र छोरीले पनि घरजम राम्रोसंग चलाउन सक्छ साथै छिटै नातीनातिना खेलाउन पाईन्छ भन्ने परम्परागत मान्यताका कारणले पनि छोरीलाई सानै उमेरमा बिवाह गरी शिक्षाबाट बञ्चित पार्ने चलन अझै छ ।
- बिद्यालय जाने उमेरसमुहका (१० देखी १९ बर्ष) का किशोरीहरु महिनावारी भएपछि बिद्यालयमा आवश्यक महिला चर्पि तथा प्याडको व्यवस्थापन नभएकोले पनि यो उमेरसमुहमा बिद्यालय छाड्नेहरुको संख्या बढ्दो रहेको देखिन्छ ।
- चेतनाको अभावमा बिवाह भएको १०- १५ बर्ष भैसक्दा पनि बिवाह दर्ता, नागरिकता र बच्चाहरुको जन्मदर्ता नगर्दा कानुनीकागजातबाट बञ्चित छन् ।
- श्रीमतीलाई सम्पतीमा हक दिनुहुदैन यदि बिवाहदर्ता, नागरिकता बनाइदिने होभने सम्पतीमा हकदाबी गर्छ भनी हरेक कियाकलापबाट बञ्चित गर्नु । (जस्तैः कुनैपनि बचत समुह, संघसस्था अन्य सामाजिक कृयाकलाप)
- घर परिबार, समुदाय, विभिन्न सार्वजनिक कार्यक्रम सबै क्षेत्रमा अझै पनि छोरा र छोरीमा विभेद गर्ने गरेको पाइन्छ ।

# भाग ३: स्थानीय सरकारको कार्य जिम्मेवारीको विश्लेषण

नेपालको संविधानले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको मुल संरचना संघ, प्रदेश र स्थानीय तह गरी तीन तहको हुने व्यवस्था गरेको छ भने राज्यशक्तिको प्रयोग संघ, प्रदेश र स्थानीय तहले यस संविधान तथा कानुन बमोजिम गर्नेछन् (धारा ५६ र ५७) राज्य शक्तिको प्रयोग तीनवटै तहले गर्ने गरी एकल र साझा दुई प्रकारका अधिकारहरु बाँडफाँट गरेको छ (धारा ५७)। अनुसूची ५ मा रहेको ३५ प्रकारका अधिकार संघको एकल अधिकार हुन् भने अनुसूची ६ मा रहेको २१ प्रकारका अधिकार क्षेत्र प्रदेशको एकल अधिकार भित्र रहेको छ। त्यसैगरी अनुसूची ७ संघ र प्रदेशको साझा अधिकार भित्र पर्दछ भने स्थानीय तहको एकल अधिकार अनुसूची ८ मा २२ वा बुँदामा समेटिएको छ। तीन तहकै साझा अधिकार भने अनुसूची ९ मा समेटिएको छ जहाँ १५ वटा बुँदाहरु रहेका छन्। लोकतन्त्रको लाभहरुको समानुपातिक र न्यायोचित वितरण गरी कानूनी राज्य र दिगो विकासको अवधारणा अनुरुप समाजवाद उन्मुख संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन प्रणालीलाई स्थानीय तह देखि नै सुदृढीकरण गर्न आफ्नो अधिकार क्षेत्रभित्र रहेर गाउँसभा र नगरसभाले आवश्यक कानुन बनाइ लागु गर्न सक्नेछ (धारा २२६) भने स्थानीय सरकार संचालन ऐन, २०७५ को दफा १०२ वमोजिम गाउँसभा र नगरसभाले स्थानीय कानुन बनाउन सक्नेछ।

## ३.१. नेपालको संविधानमा स्थानीय तह

नेपालको संविधानको धारा ५७ को उपधारा (४), धारा २१४ को उपधारा (२), धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) अनुसार संविधानको अनुसूची ८ मा स्थानीय तहको एकल अधिकारका र संविधानको धारा ५७ को उपधारा (५), धारा १०९, धारा १६२ को उपधारा (४), धारा १९७, धारा २१४ को उपधारा (२) धारा २२१ को उपधारा (२) र धारा २२६ को उपधारा (१) अनुसारको अनुसूची ९ मा संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारका विषयहरु उल्लेख भएको छ।

**नेपालको संविधानको अनुसूची ८ अनुसार स्थानीय तहको एकल अधिकारको सूची**

| क्र.स. | विषयहरु |
|---|---|
| १ | नगर प्रहरी |
| २ | सहकारी संस्था |
| ३ | एफ.एम संचालन |
| ४ | स्थानीय कर (सम्पत्ती कर, घर बहाल कर, घरजग्गा रजिष्ट्रेन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, मालपोत संकलन |
| ५ | स्थानीय सेवाको व्यवस्थापन |
| ६ | स्थानीय तथ्यांक र अभिलेख संचालन |
| ७ | स्थानीय स्तरका विकास आयोजना तथा परियोजनाहरु |
| ८ | आधारभूत तथा माध्यमिक शिक्षा |
| ९ | आधारभूत स्वास्थ्य तथा सरसफाई |
| १० | स्थानीय बजार व्यवस्थापन, वातावरण सरसफाई तथा जैविक विविधता |
| ११ | स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिंचाई |

| | |
|---|---|
| १२ | गाउँसभा, नगरसभा, जिल्ला सभा, स्थानीय अदालत, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन |
| १३ | स्थानीय अभिलेख व्यवस्थापन |
| १४ | जग्गा धनी प्रमाणपूर्जा वितरण |
| १५ | कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी |
| १६ | जेष्ठ नागरिक, अपांगता भएको व्यक्ति, र अशक्तहरुको व्यवस्थापन |
| १७ | बेरोजगारहरुको तथ्यांक संकलन |
| १८ | कृषि प्रसारको संचालन, व्यवस्थापन र नियन्त्रण |
| १९ | खानेपानी साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा |
| २० | विपद व्यवस्थापन |
| २१ | जलाधार वन्य जन्तु खानी तथा खतिज पदार्थको संरक्षण |
| २२ | भाषा संस्कृति र ललितकलाको विकास |

**नेपालको संविधानको अनुसूची ९ अनुसारको संघ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूची**

| **क्र.स.** | **विषयहरु** |
|---|---|
| १ | सहकारी |
| २ | शिक्षा, खेलकुद र पत्रकारिता |
| ३ | स्वास्थ्य |
| ४ | कृषि |
| ५ | विद्युत,खानेपानी तथा सिंचाई जस्ता सुविधाहरु |
| ६ | सेवा शुल्क, दण्ड, जरिवाना तथा प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क |
| ७ | बन जंगल, बन्यजन्तु, चराचुरुङ्गी, जलउपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता |
| ८ | खानी तथा खनिज, विपद् व्यवस्थापन |
| ९ | सामाजिक सुरक्षा, गरिबी निवारण |
| १० | व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह, तथ्याङ्क |
| ११ | पुरातत्व, प्राचिन स्मारक र संग्राहलय |
| १२ | सुकुम्बासी व्यवस्थापन |
| १३ | प्राकृतिक श्रोतबाट प्राप्त रोयल्टी |
| १४ | सवारी साधन अनुमति |

## ३.२. स्थानीय सरकार संचालन ऐन, २०७४

स्थानीय सरकार संचालन ऐन, २०७४ ले एकल अधिकारमा रहेका अधिकार क्षेत्रलाई विस्तृतीकरण गरेको छ। ऐनले स्थानीय तहको संचालन र सेवा गाउँपालिका तथा नगरपालिकाको काम कर्तव्य र अधिकारको सम्बन्धमा निम्नानुसार व्यवस्था गरेको छ।

**गाउँपलिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारः**

**क. नगर प्रहरी**

नगर प्रहरीको गठन, सञ्चालन, व्यवस्थापन, नियमन तथा नगर प्रहरी सम्बन्धी नीति, कानून र मापदण्डको निर्माण तथा कार्यान्वयन, तथा देहायका विषयका नगर प्रहरीको परिचालन गर्ने,

(१) गाउँपालिका वा नगरपालिकाको नीति, कानून, मापदण्ड तथा निर्णय कार्यान्वयन,
(२) गाउँपालिका वा नगरपालिकाको सम्पत्तिको सुरक्षा र संरक्षण,
(३) स्थानीयस्तरमा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको सुरक्षा व्यवस्थापन,
(४) स्थानीय बजार तथा पार्किङ्ग स्थलको रेखदेख र व्यवस्थापन,
(५) गाउँ वा नगर सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन,
(६) न्यायिक समितिले गरेका मिलापत्र तथा निर्णयको कार्यान्वयन,
(७) सार्वजनिक ऐलानी र पर्ति जग्गा, सार्वजनिक भवन, सम्पदा, तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,
(८) विपद व्यवस्थापन सम्बन्धी खोजी, उद्धार, राहत तथा पुनर्स्थापना,
(९) अनधिकृत विज्ञापन तथा होडिङबोर्ड नियन्त्रण,
(१०) छाडा पशु चौपायाको नियन्त्रण,
(११) अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,
(१२) कार्यपालिकाले तोकेको अन्य कार्य ।

**ख. सहकारी संस्था**

(१) सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,
(२) सम्बन्धित गाउँपालिका वा नगरपालिकाको भौगोलिक क्षेत्रभित्र सञ्चालन हुने सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटन,
(३) सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण र नियमन,
(४) सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय सङ्घ संस्थासँग समन्वय र सहकार्य,
(५) सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
(६) स्थानीय सहकारी संस्थाको क्षमता अभिवृद्धि,
(७) स्थानीय सहकारी क्षेत्रको प्रवर्द्धन, परिचालन र विकास।

**ग. एफ.एम. सञ्चालन**

(१) एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण, नियमान र  खारेजी,

(२) प्रदेश कानूनको अधीनमा रही एफ.एम. सञ्चालन सम्बन्धी अन्य कार्य।

**घ. स्थानीय कर, सेवा शुल्क तथा दस्तुर**

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही सम्पत्ति कर, घर बहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), मनोरञ्जन कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
(२) स्थानीय पूर्वाधार तथा सेवाको शुल्क निर्धारण, सङ्कलन र व्यवस्थापन,

(३) ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर र्‍याफ्टिङ्ग, मोटरबोट, केवुलकार सेवा लगायत अन्य जल तथा स्थल क्षेत्रमा सञ्चालन हुने नवीन पर्यटकीय सेवा तथा साहसिक खेलको शुल्क,

(४) जडीबुटी, कवाडी र जीवजन्तु कर निर्धारण तथा सङ्कलन,

(५) स्थानीय राजस्वको आधार विस्तार तथा प्रवर्द्धन,

(६) ढुँगा, गिट्टी, वालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट, खरीढुँगा आदि प्राकृतिक वस्तुको बिक्री तथा निकासी शुल्क दस्तुर सङ्कलन,

(७) प्रचलित कानून बमोजिम गर्ने सिफारिस, दर्ता, अनुमति, नवीकरण आदिको शुल्क, दस्तुर निर्धारण र संकलन,

(८) स्थानीय राजस्व प्रवर्द्धनका लागि प्रोत्साहन,

(९) राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,

(१०) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय तहमा राजस्व चुहावट नियन्त्रण सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(११) स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क दस्तुर सम्बन्धी नीति, कानून, मापदण्ड र नियमन,

(१२) मालपोत सङ्कलन,

(१३) कर तथा सेवा शुल्क सम्बन्धी अन्य कार्य ।

## ङ. स्थानीय सेवाको व्यवस्थापन

(१) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना, कार्यान्वयन र नियमन,

(२) संविधानको धारा ३०२ को उपधारा (२) बमोजिम समायोजन भएका कर्मचारीको व्यवस्थापन, उपयोग र समन्वय,

(३) सङ्गठन विकास, जनशक्ति व्यवस्थापन र वृत्ति विकास,

(४) स्थानीय कानून बमोजिम सङ्गठन तथा व्यवस्थापन सर्भेक्षण गरी सङ्गठन संरचना तथा दरबन्दी निर्धारण,

(५) स्थानीय सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग, प्रवर्द्धन र नियमन,

(६) जनशक्ति व्यवस्थापन तथा वृत्ति विकास,

(७) स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

## च. स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन

(१) स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) आधारभूत तथ्याङ्क सङ्कलन र व्यवस्थापन,

(३) जन्म, मृत्यु, विवाह, सम्बन्ध विच्छेद, बसाइँ सराइ दर्ता र पारिवारिक लगतको अभिलेख तथा पञ्जीकरण व्यवस्थापन,

(४) सूचना तथा सञ्चार, प्रविधियुक्त आधारभूत तथ्याङ्कको सङ्कलन र व्यवस्थापन,

(५) स्थानीय तथ्याङ्क र अभिलेख सङ्कलन सम्बन्धी अन्य कार्य।

## छ. स्थानीय स्तरका विकास आयोजना तथा परियोजना

(१) विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,

(३) आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,

(४) सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको पहिचान तथा अभिलेख व्यबस्थापन,

(५) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही शहरी विकास, बस्ती विकास र भवन सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, आयोजना पहिचान, अध्ययन, कार्यान्वयन र नियमन,

(६) राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण अनुमति, अनुगमन र नियमन,

(७) सरकारी भवन, विद्यालय, सामुदायिक भवन, सभागृह र अन्य सार्वजनिक भवन तथा संरचनाको निर्माण र मर्मत सम्भार तथा सञ्चालन र व्यवस्थापन,

(८) सङ्घीय र प्रदेशस्तरीय आयोजना तथा परियोजनाको कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,

(९) सुरक्षित बस्ती विकास सम्बन्धी नीति, योजना, कार्यक्रम तर्जुमा, कार्यान्वयन, अनुगमन, नियमन र मूल्याङ्कन,

(१०) सार्वजनिक निर्माण कार्यको लागि प्रचलित कानून बमोजिमको (घ) वर्गको इजाजतपत्रको जारी, नवीकरण तथा खारेजी,

(११) पर्यटन क्षेत्रको विकास, विस्तार र प्रबर्द्धन सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१२) नवीन पर्यटकिय सेवा तथा कार्यहरु सम्बन्धी आयोजनाहरुको पहिचान, कार्यान्वयन, व्यवस्थापन, अनुगमन तथा नियमन,

(१३) विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य।

## ज. आधारभूत र माध्यमिक शिक्षा

(१) प्रारम्भिक बाल विकास तथा शिक्षा, आधारभुत शिक्षा, अभिभावक शिक्षा, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक निरन्तर सिकाई, सामुदायिक सिकाई र विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र नियमन,

(२) सामुदायिक, संस्थागत, गुठी र सहकारी विद्यालय स्थापना, अनुमति, सञ्चालन, व्यवस्थापन, नियमन,

(३) प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति, अनुगमन, मूल्याङ्कन र नियमन,

(४) मातृभाषामा शिक्षा दिने विद्यालयको अनुमति, अनुगमन तथा नियमन,

(५) गाभिएका वा बन्द गरिएका विद्यालयहरूको सम्पत्ति व्यवस्थापन,

(६) गाउँ तथा नगर शिक्षा समिति गठन तथा व्यवस्थापन,

(७) विद्यालय व्यवस्थापन समिति गठन तथा व्यवस्थापन,

(८) विद्यालयको नामाकरण,

(९) सामुदायिक विद्यालयको जग्गाको स्वामित्व, सम्पत्तिको अभिलेख, संरक्षण र व्यवस्थापन,

(१०) विद्यालयको गुणस्तर अभिवृद्धि तथा पाठ्यसामग्रीको वितरण,

(११) सामुदायिक विद्यालयको शिक्षक तथा कर्मचारीको दरबन्दी मिलान,

(१२) विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
(१३) सामुदायिक विद्यालयको शैक्षिक पूर्वाधार निर्माण, मर्मत सम्भार, सञ्चालन र व्यवस्थापन,
(१४) आधारभूत तहको परीक्षा सञ्चालन, अनुगमन तथा व्यवस्थापन,
(१५) विद्यार्थी सिकाई उपलब्धीको परीक्षण र व्यवस्थापन,
(१६) निःशुल्क शिक्षा, विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
(१७) ट्यूसन, कोचिङ्ग जस्ता विद्यालय बाहिर हुने अध्यापन सेवाको अनुमति तथा नियमन,
(१८) स्थानीयस्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
(१९) स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन,
(२०) माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय र नियमन,
(२१) सामुदायिक विद्यालयलाई दिने अनुदान तथा सोको बजेट व्यवस्थापन, विद्यालयको आय व्ययको लेखा अनुशासन कायम, अनुगमन र नियमन,
(२२) शिक्षण सिकाई, शिक्षक र कर्मचारीको तालिम, क्षमता बिकास,
(२३) अतिरिक्त शैक्षिक क्रियाकलापको सञ्चालन ।

**झ. आधारभूत स्वास्थ्य र सरसफाई**

(१) आधारभूत स्वास्थ्य र सरसफाई तथा पोषण सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको तर्जुमा, कार्यान्वयन तथा नियमन,
(२) आधारभूत स्वास्थ्य, प्रजनन स्वास्थ्य र पोषण सेवाको सञ्चालन र प्रवर्द्धन,
(३) अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
(४) स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
(५) स्वच्छ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण र नियमन,
(६) सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहोरमैलाको व्यवस्थापन,
(७) स्वास्थ्यजन्य फोहरमैला सङ्कलन, पुनःउपयोग, प्रशोधन, विसर्जन र सो को सेवा शुल्क निर्धारण र नियमन,
(८) रक्त सञ्चार सेवाको सञ्चालन तथा स्थानीय र शहरी स्वास्थ्य सेवा,
(९) औषधी पसल सञ्चालन, अनुमति, अनुगमन र नियमन,
(१०) सरसफाई तथा स्वास्थ्य क्षेत्रबाट निस्कासित फोहोरमैला व्यवस्थापनमा निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र साझेदारी,
(११) परिवार नियोजन तथा मातृशिशु कल्याण सम्बन्धी सेवा सञ्चालन, अनुमति, अनुगमन तथा नियमन,
(१२) महिला तथा बालबालिकाको कुपोषण न्यूनीकरण, रोकथाम, नियन्त्रण र व्यवस्थापन ।

**ञ. स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता**

(१) स्थानीय व्यापार, वस्तुको माग, आपूर्ति तथा अनुगमन, उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
(२) बजार तथा हाट बजार व्यवस्थापन,
(३) स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,
(४) स्थानीय व्यापार र वाणिज्य सम्बन्धी पूर्वाधार निर्माण,
(५) स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

(६) स्थानीयस्तरका व्यापारिक फर्मको दर्ता, अनुमति, नवीकरण, खारेजी, अनुगमन र नियमन,

(७) स्थानीय व्यापारको तथ्याङ्क प्रणाली र अध्ययन अनुसन्धान,

(८) निजी तथा गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्य,

(९) स्थानीय व्यापार प्रवर्द्धन, सहजीकरण र नियमन,

(१०) स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,

(११) उपभोक्ता सचेतना अभिवृद्धि, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

(१२) वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तर्जुमा तथा त्यसको कार्यान्वयन, अनुगमन र नियमन,

(१३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,

(१४) स्थानीयस्तरमा जनस्वास्थ्यमा प्रतिकूल असर पर्ने किसिमका उपभोग्य वस्तुको बेचविखन र उपभोग तथा वातावरणीय प्रदूषण र हानिकारक पदार्थहरूको नियन्त्रण, अनुगमन तथा नियमन,

(१५) स्थानीयस्तरमा सरसफाई तथा फोहरमैला व्यवस्थापन,

(१६) स्थानीयस्तरमा नयून कार्बनमूखी तथा वातावरणमैत्री विकास अवलम्बन,

(१७) स्थानीयस्तरमा हरित क्षेत्रको संरक्षण र प्रर्वद्धन,

(१८) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,

(१९) स्थानीय बजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता सम्बन्धी कार्य।

## ट. स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक र सिँचाई

(१) स्थानीय, ग्रामीण तथा कृषि सडक र सिँचाई सम्बन्धी नीति, कानून, मापदण्ड तथा सो सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीय, ग्रामीण तथा कृषि सडक, झोलुङ्गे पुल, पुलेसा, सिँचाई र तटबन्धन सम्बन्धी गुरुयोजनाको तर्जुमा, कार्यान्वयन, मर्मत, सम्भार र नियमन,

(३) स्थानीयस्तरका सिँचाई प्रणालीको निर्माण, सञ्चालन, रेखदेख, मर्मत सम्भार, स्तरोन्नति, अनुगमन र नियमन,

(४) यातायात सुरक्षाको व्यवस्थापन र नियमन,

(५) स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक सम्बन्धी अन्य कार्य।

## ठ. गाउँ सभा, नगर सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन

(१) गाउँसभा वा नगरसभा सम्बन्धी नीति, कानून र कार्यविधि,

(२) स्थानीयस्तरका विषय क्षेत्रगत नीति तथा रणनीति, आवधिक तथा वार्षिक योजना, कार्यक्रम र बजेट स्वीकृति,

(३) सभाका समितिहरूको गठन र सञ्चालन ,

(४) स्थानीय तहबीच साझा सरोकार तथा साझेदारीका विषयमा संयुक्त समिति गठन,

(५) कार्यपालिका तथा न्यायिक समितिबाट सभामा प्रस्तुत प्रतिवेदनमाथि छलफल तथा सो सम्बन्धमा आवस्यक निर्देशन,

(६) विकास योजना तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन तथा सुशासनको लागि कार्यपालिकालाई निर्देशन,

(७) गाउँपालिकालाई आर्थिक व्ययभार पर्ने विषयको नियमन,

(८) स्थानीय मेलपिलाप र मध्यस्थता,

(९) गाउँ सभा, मेलमिलाप र मध्यस्थताको व्यवस्थापन सम्बन्धी अन्य कार्य।

## ड. स्थानीय अभिलेख व्यवस्थापन

(१) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन, अनुगमन र नियमन,

(२) जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, साँस्कृतिक, भौतिक पूर्बाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास तथा लैङ्गिक सशक्तीकरण सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी नवीनतम प्रविधियुक्त र राष्ट्रिय तथा स्थानीय सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक अभिलेखन ,

(३) सूचना तथा अभिलेख केन्द्रको स्थापना तथा सञ्चालन,

(४) सार्वजनिक सम्पत्ति, सामुदायिक सम्पत्ति, भवन, सडक, पसल, व्यावसायको विवरण सहितको अद्यावधिक अभिलेख ,

(५) आफ्नो क्षेत्रभित्र सम्पन्न भएका तथा चालु योजनाको विवरण र त्यस्तो योजनाको सम्पत्तिको अद्यावधिक अभिलेखन ,

(६) स्थानीय अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको उपयोग,

(७) स्थानीय अभिलेख व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

## ढ. जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण

(१) स्थानीय जग्गाको नाप नक्सा, कित्ताकाट, हालसाविक, रजिष्ट्रेशन नामसारी तथा दाखिल खारेज,

(२) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,

(३) भूमिको वर्गीकरण अनुसारको लगत,

(४) सार्वजनिक प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,

(५) नापी नक्सा तथा जग्गाको स्वामित्व निर्धारण कार्यमा समन्वय र सहजीकरण,

(६) जग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण सम्बन्धी अन्य कार्य।

## ण. कृषि तथा पशुपालन कृषि उत्पादन व्यवस्थापन, पशु स्वास्थ्य, सहकारी

(१) कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवस्थापन र पशु स्वास्थ्य सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) कृषि तथा पशुपन्छी बजार सूचना, बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामाग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन, अनुगमन र नियमन,

(३) कृषि तथा पशुपन्छीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

(४) पशुपन्छी चिकित्सा सेवाको व्यवस्थापन,

(५) कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,

(६) पशुनश्ल सुधार पद्धतिको विकास र व्यवस्थापन,

(७) उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,

(८) स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,

(९) पशु आहारको गुणस्तर नियमन,

(१०) स्थानीयस्तरमा पशुपन्छी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,

(११) पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,

(१२) पशुपन्छी सम्बन्धी बीमा र कर्जा सहजीकरण,

(१३) पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य।

**त. जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन**

(१) सङ्घ र प्रदेश कानूनको अधीनमा रही सामाजिक सुरक्षा कार्यक्रमको कार्यान्वयन, सञ्चालन तथा व्यवस्थापन,

(२) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,

(३) जेष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाट स्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,

(४) सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनर्स्थापना केन्द्र, ज्येष्ठ नागरिक केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापन,

(५) सडक बालबालिका, अनाथ, असहाय, अशक्त र मानसिक असन्तुलन भएका व्यक्तिहरूको पुर्नस्थापना केन्द्रको सञ्चालन, व्यवस्थापन, अनुगमन र नियमन,

(६) जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य

**थ. बेरोजगारको तथ्याङ्क सङ्कलन**

(१) रोजगार तथा बेरोजगार श्रमशक्तिको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,

(२) स्थानीय स्तरमा रहेका स्वदेशी तथा विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,

(३) विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिको तथ्याङ्क सङ्कलन तथा व्यवस्थापन,

(४) सुरक्षित वैदेशिक रोजगारी र वैदेशिक रोजगारीमा रहेको श्रमशक्तिको सूचना तथा तथ्याङ्कको सङ्कलन तथा व्यवस्थापन,

(५) रोजगार सूचना केन्द्रको व्यवस्थापन तथा सञ्चालन,

(६) वैदेशिक रोजगारीमा जाने श्रमशक्तिको लागि वित्तीय साक्षरता र सीपमूलक तालीमको सञ्चालन,

(७) वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरूको सामाजिक पुनःएकिकरण,

(८) वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप र उद्यमशीलताको उपयोग,

(९) बेरोजगारको तथ्याङ्क सङ्कलन सम्बन्धी अन्य कार्य।

**द. कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण**

(१) कृषि प्रसार सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन

(२) कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,

(३) कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,

(४) कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,

(५) कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,

(६) स्थानीयस्तरमा कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,

(७) कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,

(८) स्थानीयस्तरका स्रोत केन्द्रहरूको विकास र व्यवस्थापन,

(९) प्राङ्गारिक खेती तथा मलको प्रवर्द्धन र प्रचार प्रसार,

(१०) कृषि प्रसारको व्यवस्थापन, सञ्चालन र नियन्त्रण सम्बन्धी अन्य कार्य ।

**ध. खानेपानी, साना जलविधुत आयोजना, वैकल्पिक उर्जा**

(१) स्थानीय खानेपानी सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन,

(३) एक मेगावाटसम्मका जलविद्युत आयोजना सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड,योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(४) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन नियमन,

(५) स्थानीय विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन, सञ्चालन र नियमन,

(६) स्थानीय तहमा वैकल्पिक ऊर्जा सम्बन्धी प्रविधि विकास र हस्तान्तरण, क्षमता अभिवृद्धि र प्रवर्द्धन,

(७) खानेपानी, साना जलविद्युत आयोजना तथा वैकल्पिक उर्जा सम्बन्धी अन्य कार्य।

**न. विपद् व्यवस्थापन**

(१) विपद् व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, पूर्व सूचना प्रणाली, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

(३) स्थानीय तटबन्ध, नदी र पहिरोको नियन्त्रण तथा नदीको व्यवस्थापन र नियमन,

(४) विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

(५) विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, सङ्घ संस्था तथा निजी क्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

(६) विपद् व्यवस्थापन कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,

(७) विपद् जोखिम न्यूनीकरण सम्बन्धी स्थानीयस्तरका आयोजनाको तर्जुमा, कार्यान्वयन, अनुगमन र नियमन,

(८) विपद् पश्चात स्थानीयस्तरको पुनर्स्थापना र पुनर्निर्माण,

(९) स्थानीयस्तरको विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,

(१०) स्थानीय आपतकालीन कार्य सञ्चालन प्रणाली,

(११) समुदायमा आधारित विपद् व्यवस्थापन सम्बन्धी कार्यक्रमको सञ्चालन,

(१२) विपद् व्यवस्थापन सम्बन्धी अन्य कार्य ।

**प. जलाधार, वन्ययजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण**

(१) जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
(२) पानी मुहानको संरक्षण,
(३) सामुदायिक भू(संरक्षण र सो मा आधारित आय आर्जन कार्यक्रम,
(४) भूसंरक्षण र जलाधार व्यवस्थापनजन्य सामुदायिक अनुकूलन,
(५) खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन,
(६) बहुमूल्य धातु, पत्थर तथा खनिज पदार्थको संरक्षण र सम्बर्द्धनमा सहयोग,
(७) ढुङ्गा, गिट्टी, बालुवा, माटो तथा स्लेट जस्ता वस्तुको सर्वेक्षण, उत्खनन् तथा उपयोगको दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,
(८) भौगर्भिक नक्सा प्रकाशन।

**फ. भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास**

(१) भाषा, संस्कृति र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,
(२) पुरातत्त्व, प्राचीन स्मारक तथा सङ्ग्रहालयको संरक्षण, सम्भार, प्रवर्द्धन र विकास,
(३) परम्परागरत जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,
(४) भाषा, संस्कृति र ललित कलाको संरक्षण र विकास सम्बन्धी अन्य कार्य,
(५) प्रचलित कानून बिरुद्धका कुरिती तथा कुसंस्कार बिरुद्ध सामाजिक परिचालन कार्य ।

**३.३. सङ्घ तथा प्रदेश कानूनको अधिनमा रही गाउँ/नगरपालिकाको काम, कर्तव्य र अधिकार,**

**क. खेलकुद र पत्रपत्रिका**

(१) स्थानीयस्तरका खेलकुदको संरचनाको पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,
(२) स्थानीयस्तरका खेलकुद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,
(३) खेलकुदको विकास र प्रवर्द्धन,
(४) खेलकुद प्रतियोगीता आयोजना र सहभागीता,
(५) खेलकुद सम्बन्धी पूर्वाधारको विकास,
(६) स्थानीय तहका पत्रपत्रिकाको दर्ता, अभिलेख तथा नियमन।

**ख. स्वास्थ्य**

(१) सङ्घीय तथा प्रदेश स्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
(२) जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्था र क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,
(३) स्थानीयस्तरमा औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,

(४) स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,

(५) स्थानीयस्तरमा औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,

(६) स्थानीयस्तरमा औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,

(७) स्थानीयस्तरमा औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,

(८) स्थानीयस्तरमा स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,

(९) स्थानीयस्तरमा जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),

(१०) स्थानीयस्तरको प्रवर्द्धानात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थानात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,

(११) स्वस्थ जीवनशैली, पोषण, शारीरिक ब्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रवर्द्धन,

(१२) जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,

(१३) सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,

(१४) आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

(१५) जनस्वास्थ्य, आपत्कालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,

(१६) रोगको नियन्त्रण तथा रोकथाम,

(१७) आकस्मिक स्वास्थ्य सेवा प्रवाह तथा स्थानीय सेवाको व्यवस्थापन।

### ग. विद्युत, खानेपानी तथा सिंचाइ जस्ता सेवाहरू

(१) विद्युत वितरण प्रणाली र सेवाको व्यवस्थापन

(२) खानेपानी महसुल निर्धारण र खानेपानी सेवाको व्यवस्थापन,

(३) स्थानीय साना सतह तथा भूमिगत सिञ्चाई प्रणालीको सञ्चालन तथा मर्मत सम्भार, सेवा शुल्क निधारण र सङ्कलन सम्बन्धी व्यवस्थापन।

### घ. सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना तथा प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी, पर्यटन शुल्क

(१) स्थानीय सेवा शुल्क, दस्तुर, दण्ड जरिबाना सम्बन्धी नीति, कानून, मापदण्ड योजना तर्जुमा, कार्यान्वयन र नियमन,

(२) प्राकृतिक श्रोत साधन र सेवा शुल्क, रोयल्टी सङ्कलन, समन्वय र नियमन,

(३) खनिज पदार्थको उत्खनन र सो सम्बन्धी रोयल्टी सङ्कलन,

(४) सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त रोयल्टी सङ्कलन,

(५) पानीघट्ट, कूलो, पैनी जस्ता सेवा सञ्चालनबाट प्राप्त रोयल्टी सङ्कलन ।

### ङ. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता

(१) वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) स्थानीयस्तरमा सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कबुलियती र साझेदारी वनको संरक्षण, सम्बर्द्धन, उपयोग, अनुगमन र नियमन तथा वन उपभोक्ता समूहको व्यवस्थापन,

(३) मध्यवर्ती क्षेत्रको सामुदायिक, धार्मिक र कबुलियती वनको व्यवस्थापन,
(४) स्थानीयस्तरमा नदी किनार, नदी उकास, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
(५) स्थानीयस्तरमा निजी वनको प्रबर्द्धन, अनुगमन र नियमन,
(६) स्थानीयस्तरमा सार्वजनिक खाली जग्गा, पाखा वा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,
(७) स्थानीयस्तरमा जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रवर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन,
(८) वनबीउ बगैंचा स्थापना, व्यवस्थापन र प्रबर्द्धन,
(९) नर्सरी स्थापना, बिरुवा उत्पादन, वितरण, रोपण र प्रवर्द्धन,
(१०) वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यवसायिक पालन, उपयोग र अनुगमन,
(११) मानव तथा वन्यजन्तु बीचको द्वन्द्व व्यवस्थापन,
(१२) स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,
(१३) स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,
(१४) स्थानीयस्तरमा आखेटोपहारको व्यवस्थापन,
(१५) स्थानीयस्तरमा वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,
(१६) विश्वसम्पदा सूचीमा परेका स्मारक र पुरातात्त्विक महत्त्वका वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,
(१७) मिचाहा प्रजातिको नियन्त्रण,
(१८) स्थानीयस्तरको जोखिम न्यूनीकरण,
(१९) जैविक विविधताको अभिलेखाङ्कन,
(२०) स्थानीयस्तरमा हरियाली प्रवर्द्धन,
(२१) स्थानीय साना जल उपयोग सम्बन्धी क्षेत्रगत अयोजना तर्जुमा, कार्यान्वयन, अनुगमन र अनुगमन,
(२२) रैथाने प्रजातिको संरक्षण र प्रवर्द्धन,
(२३) स्थानीयस्तरमा वातावरणीय जोखिम न्यूनीकरण,
(२४) स्थानीयस्तरमा प्रदूषण नियन्त्रण र हानिकारक पदार्थहरूको नियमन तथा व्यवस्थापन,
(२५) स्थानीयस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास अवलम्बन,
(२६) स्थानीयस्तरमा वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन।

## च. सामाजिक सुरक्षा र गरिबी निवारण

(१) सामाजिक सुरक्षा तथा गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन र अध्ययन अनुसन्धान,
(२) लक्षित समूह सम्बन्धी स्थानीय योजना, कार्यक्रम, स्रोत परिचालन र व्यवस्थापन,
(३) सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
(४) सामाजिक सुरक्षा सम्बन्धी स्थानीय तथ्याङ्क र सूचना व्यवस्थापन,
(५) गरिब घरपरिवार पहिचान सम्बन्धी स्थानीय सर्वेक्षण, सूचना व्यवस्थापन र नियमन,
(६) स्थानीय सामाजिक सुरक्षा योजना र व्यवस्थापन।

## छ. व्यक्तिगत घटना, जन्म, मृत्यु, विवाह र तथ्याङ्क

(१) व्यक्तिगत घटना (जन्म,मृत्यु, विबाह, बसाइ(सराइ, सम्बन्ध विच्छेद र धर्मपुत्र र धर्मपुत्री) को दर्ता,
(२) व्यक्तिगत घटनाको स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वियन र नियमन,
(३) व्यक्तिगत घटनाको अभिलेख व्यवस्थापन र प्रतिवेदन।

## ज. स्थानीयस्तरमा पुरातत्व, प्राचीन स्मारक र सङ्ग्रहालय संरक्षण, सम्बर्द्धन र पुनःनिर्माण

## झ. सुकुम्बासी व्यवस्थापन

(१) सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,
(२) सुकुम्बासी सम्बन्धी जीविकोपार्जन र बसोबास व्यवस्थापन।

## ञ. प्राकृतिक स्रोतबाट प्राप्त रोयल्टी

(१) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन,
(२) प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टीको सङ्कलन तथा बाँडफाँड।

## ट. सवारी साधन अनुमति

(१) यातायात व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वियन र नियमन,
(२) स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण र नियमन,
(३) वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, विपद् जोखिम संवेद्य, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको स्थानीय तहमा प्रवर्द्धन।

## ठ. संघ, संस्था दर्ता तथा नवीकरण

(१) संघ, संस्था परिचालन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वियन र नियमन,
(२) स्थानीय स्तरका संघ, संस्थाको दर्ता तथा नवीकरण।

## ३.४. नगरपालिका तथा गाउँपालिकाको अतिरिक्त काम, कर्तव्य र अधिकार

## क. भूमि व्यवस्थापन

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीयस्तरको भू(उपयोग नीति, योजना, कार्यक्रम तर्जुमा र कार्यान्वयन,
(२) सङ्घीय तथा प्रदेशको मापदण्डको अधीनमा रही व्यवस्थित बस्ती विकासका कार्यक्रमको तर्जुमा र कार्यान्वयन, एकीकृत वस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यवस्थापन,
(३) स्थानीय स्तरमा अव्यवस्थित बसोबास व्यवस्थापन।

## ख. सञ्चार सेवा

(१) सङ्घीय तथा प्रदेश कानूनको अधीनमा रही स्थानीय क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,
(२) स्थानीय क्षेत्रमा सूचना प्रविधिको विकास र प्रवर्द्धन गर्ने।

## ग. यातायात सेवा

(१) स्थानीय बस, ट्रली बस, ट्राम जस्ता मध्यम क्षमताका मास ट्रान्जिट प्रणालीको नीति, मापदण्ड, योजना, कार्यान्वयन, अनुगमन र नियमन,

(२) राष्ट्रिय रेल पूर्वाधारको उपयोग तथा महानगरीय क्षेत्रभित्र शहरी रेल सेवाको सञ्चालन, व्यवस्थापन, मर्मत सम्भार, समन्वय, साझेदारी र सहकार्य ।

**घ. लघु, घरेलु र साना उद्योग**

(१) लघु, घरेलु र साना उद्योगको दर्ता नवीकरण, खारेजी, नियमन, विकास प्रवर्द्धन र व्यवस्थापन,

(२) उद्यमशिलताको विकास र प्रवर्द्धन

**३.५. वडा समितिको काम, कर्तव्य र अधिकार**

**क. वडाभित्रका योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन,**

(१) सहभगितामूलक योजना तर्जुमा प्रणाली अनुसार बस्ती वा टोलस्तरबाट योजना तर्जुमा प्रक्रिया अवलम्बन गरी बस्ती तथा टोलस्तरीय योजनाको माग सङ्कलन, प्राथमिकीकरण तथा छनौट गर्ने,

(२) टोल विकास संस्थाको गठन र परिचालन तथा वडाभित्र सञ्चालन हुने योजनाहरूका लागि उपभोक्ता समितिको गठन तथा सोको अनुगमन गर्ने,

(३) वडाभित्रका योजना तथा भौतिक पूर्वाधारको संरक्षण, मर्मत सम्भार, रेखदेख तथा व्यवस्थापन गर्ने,

**ख. तथ्याङ्क अद्यावधिक तथा संरक्षण**

(१) निजी घर तथा घर परिवारको लगत राख्ने,

(२) ऐतिहासिक, पुरातात्त्विक, सांस्कृतिक तथा धार्मिक महत्त्वका सम्पदा, प्राचीन स्मारक, सार्वजनिक तथा सामुदायिक भवन, सार्वजनिक, ऐलानी, पर्ती जग्गाको लगत राख्ने तथा संरक्षण गर्ने,

(३) खुला क्षेत्र, चोक, घाट, पाटी, पौवा, सत्तल, धर्मशाला, धार्मिक तथा सांस्कृतिक स्थल, डाँडापाखा, चरनक्षेत्र, पानीको मूल, पोखरी, तलाउ, इनार, कुवा, धारा, ढुँगेधारा, गुठीघर, बाटो, सडक, पुल पुलेसा, कुलो नहर, पानी घट्ट, मिलको तथ्याङ्क सङ्कलन गरी अद्यावधिक लगत राख्ने, संरक्षण गर्ने र खण्डीकृत तथ्याङ्क र सूचना सहितको वडाको पार्श्वचित्र तयार तथा अद्यावधिक गर्ने,

**ग. विकास कार्य**

(१) बाल उद्यानको व्यवस्था गर्ने,

(२) अनौपचारिक शिक्षा कार्यक्रम, शिशु स्याहार तथा प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन गर्ने,

(३) पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन गर्ने,

(४) वडा तहको स्वास्थ्य संस्था तथा सेवाको व्यवस्थापन गर्ने,

(५) खोप सेवा कार्यक्रमको सञ्चालन, व्यवस्थापन तथा समन्वय गर्ने,

(६) पोषण कार्यक्रमको सञ्चालन तथा समन्वय गर्ने,

(७) वडा तहमा स्वास्थ्य जनचेतना विकास तथा स्वास्थ्य सूचना कार्यक्रमको सञ्चालन गर्ने,

(८) शहरी तथा ग्रामीण स्वास्थ्य क्लिनिकको सञ्चालन गर्ने, गराउने,

(९) सार्वजनिक शौचालय, स्नान गृह तथा प्रतिक्षालयको निर्माण र व्यवस्थापन गर्ने, गराउने,

(१०) वडास्तरीय सामुदायिक धाराको प्रबन्ध, कुवा, इनार तथा पोखरीको निर्माण, संरक्षण र गुणस्तर नियमन गर्ने,

(११) घरबाट निकास हुने फोहरमैलाको सङ्कलन र व्यवस्थापन, चोक तथा गल्लीहरूको सरसफाई, ढल निकास, मरेका जनावरको व्यवस्थापन, सतही पानीको निकास तथा पानीको स्रोत संरक्षण गर्ने, गराउने,

(१२) कृषि तथा फलफूल नर्सरीको स्थापना, समन्वय र प्रवर्द्धन तथा वडास्तरीय अगुवा कृषक तालिमको अभिमुखीकरण गर्ने,

(१३) कृषि बीउ विजन, मल तथा औषधीको माग सङ्कलन गर्ने,

(१४) कृषिमा लाग्ने रोगहरूको विवरण सङ्कलन गर्ने,

(१५) पशुपंछी विकास तथा छाडा चौपायाको व्यवस्थापन,

(१६) वडाभित्रको चरन क्षेत्र संरक्षण तथा व्यवस्थापन गर्ने,

(१७) स्थानीय समुदायका चाडपर्व, भाषा संस्कृतिको विकासको लागि कला, नाटक, जनचेतनामूलक तथा सांस्कृतिक कार्यक्रम गर्ने गराउने,

(१८) स्थानीय मौलिकता झल्किने साँस्कृतिक रीतिरीवाजलाई संरक्षण तथा प्रवर्द्धन गर्ने,

(१९) वडाभित्र खेलकुद पूर्बाधारको विकास गर्ने,

(२०) अन्तर विद्यालय तथा क्लव मार्फत खेलकूद कार्यक्रमको सञ्चालन गर्ने गराउने,

(२१) वडा क्षेत्रभित्रको वाटोघाटो चालु अवस्थामा राख्ने तथा राख्न सहयोग गर्ने,

(२२) वडाभित्रका सडक अधिकारक्षेत्रमा अवरोध र अतिक्रमण गर्न नदिने,

(२३) बाटोघाटोमा बाढी, पहिरो, हुरी तथा प्राकृतिक प्रकोपबाट उत्पन्न अवरोध पन्छाउने,

(२४) घरेलु उद्योगको लगत सङ्कलन तथा सम्भाव्यता पहिचान गर्ने,

(२५) वडाभित्र घरेलु उद्योगको प्रवर्द्धन गर्ने,

(२६) प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सो को अभिलेख सङ्कलन तथा संरक्षण गर्ने,

(२७) व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यक्रम सञ्चालन गर्ने,

(२८) सामाजिक सुरक्षा भत्ता वितरण तथा अभिलेख अद्यावधिक गर्ने,

(२९) वडालाई बालमैत्री बनाउने,

(३०) वडाभित्र आर्थिक तथा सामाजिक रुपमा पछि परेका महिला, बालबालिका, दलित, अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, अल्पसंख्यक, सीमान्तकृत समुदायको अभिलेख राखी सामाजिक र आर्थिक उत्थान सम्वन्धी काम गर्ने,

(३१) विभिन्न समुदायका बीच सामाजिक सदभाव र सौहार्दता कायम गर्ने,

(३२) बालविवाह, बहुविवाह, लैङ्गिक हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने,

(३३) प्रचलित कानूनको अधीनमा रही मालपोत तथा भूमि कर, व्यवसाय कर, वहाल कर, विज्ञापन कर, सःशुल्क पार्किङ्ग, नयाँ व्यवसाय दर्ता, सिफारिस दस्तुर, सवारी साधन कर, मनोरञ्जन करको लेखाजोखा र सङ्कलन गरी सम्बन्धित नगरपालिकामा प्रतिवेदन सहित रकम बुझाउने,

(३४) असक्त बिरामी भएको बेवारिस वा असहाय व्यक्तिलाई नजिकको अस्पताल वा स्वास्थ्य केन्द्रमा पुर्‍याई औषधोपचार गराउने,

(३५) असहाय वा वेवारिस व्यक्तिको मृत्यु भएमा निजको दाह संस्कारको व्यवस्था मिलाउने,

(३६) सडक बालबालिकाको उद्धार र पुनर्स्थापनाको लागि लगत सङ्कलन गर्ने,

(३७) वडाभित्रको सामुदायिक वन, वनजन्य सम्पदा र जैविक विविधताको संरक्षण र प्रवर्द्धन गर्ने,

(३८) वडा, टोल, बस्तीस्तरमा हरियाली क्षेत्र बिस्तार गर्ने गराउने,

(३९) वडालाई वातावरणमैत्री बनाउने,

(४०) प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिशामुक्त सरसफाई, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने,

(४१) वडाभित्र घरबास पर्यटन (होम स्टे) कार्यक्रम प्रबर्द्धन गर्ने ।

## घ. नियमन कार्य

(१) वडाभित्र सञ्चालित विकास योजना, आयोजना तथा संलग्न उपभोक्ता समितिहरूका कार्यको अनुगमन तथा नियमन गर्ने,

(२) सिकर्मी, डकर्मीलाई भूकम्प प्रतिरोधी भवन निर्माण सम्वन्धी तालिम दिने,

(३) खाद्यान्न, माछा, मासु, तरकारी, फलफूल, पेय पदार्थ तथा उपभोग्य सामग्रीको गुणस्तर र मूल्यसूची अनुगमन गरी उपभोक्ता हित संरक्षण गर्ने,

(४) वडाभित्रका उद्योग धन्दा र व्यवसायको प्रबर्द्धन गरी लगत राख्ने,

(५) हाट बजारको व्यवस्थापन गर्ने, गराउने,

(६) विद्युत चुहावट तथा चोरी नियन्त्रणमा सहयोग गर्ने ।

## ङ. सिफारिस तथा प्रमाणित गर्ने

(१) नाता प्रमाणित गर्ने,

(२) नागरिकता तथा नागरिकताको प्रतिलिपि लिनका लागि सिफारिस गर्ने,

(३) बहाल करको लेखाजोखा सिफारिस गर्ने,

(४) बन्द घर तथा कोठा खोल्न रोहबरमा बस्ने,

(५) मोही लगत कट्टाको सिफारिस गर्ने,

(६) घर जग्गा करको लेखाजोखा सिफारिस गर्ने,

(७) जन्म मिति प्रमाणित गर्ने,

(८) व्यापार व्यवसाय बन्द भएको, सञ्चालन नभएको वा ब्यापार ब्यवसाय हुँदै नभएको सिफारिस गर्ने,

(९) विवाह प्रमाणित तथा अविवाहित प्रमाणित गर्ने,

(१०) निःशुल्क वा सशुल्क स्वास्थ्य उपचारको सिफारिस गर्ने,

(११) वडाबाट जारी हुने सिफारिस तथा अन्य कागजलाई अङ्ग्रेजी भाषामा समेत सिफारिस तथा प्रमाणित गर्ने,

(१२) घर पाताल प्रमाणित गर्ने,

(१३) व्यक्तिगत विवरण प्रमाणित गर्ने,

(१४) जग्गा धनी दर्ता प्रमाण पुर्जामा घर कायम गर्ने सिफारिस गर्ने,

(१५) कुनै व्यक्तिको नाम, थर, जन्म मिति तथा वतन फरक(फरक भएको भए सो व्यक्ति एकै हो भन्ने सिफारिस गर्ने,

(१६) नाम, थर,जन्म मिति संशोधनको सिफारिस गर्ने,

(१७) जग्गा धनी दर्ता प्रमाण पुर्जा हराएको सिफारिस गर्ने,

(१८) कित्ताकाट गर्न सिफारिस गर्ने,

(१९) संरक्षक प्रमाणित गर्ने तथा संस्थागत र व्यक्तिगत संरक्षक सिफारिस गर्ने,

(२०) जीवितसँगको नाता प्रमाणित गर्ने,

(२१) मृतकसँगको नाता प्रमाणित तथा सर्ज्मिन सिफारिस गर्ने,

(२२) जीवित रहेको सिफारिस गर्ने,

(२३) हकवाला वा हकदार प्रमाणित गर्ने,

(२४) नामसारी गर्न सिफारिस गर्ने,

(२५) जग्गाको हक सम्बन्धमा सिफारिस गर्ने,

(२६) उद्योग ठाउँसारी गर्न सिफारिस गर्ने,

(२७) आधारभूत विद्यालय खोल्न सिफारिस गर्ने,

(२८) जग्गा मूल्याङ्कन सिफारिस गर्ने,

(२९) विद्यालयको कक्षा थप गर्न सिफारिस गर्ने,

(३०) अशक्त, असहाय तथा अनाथको पालन पोषणको लागि सिफारिस गर्ने,

(३१) वैवाहिक अङ्गीकृत नागरिकता सिफारिस गर्ने,

(३२) आर्थिक अवस्था कमजोर वा सम्पन्न रहेको सम्बन्धी सिफारिस गर्ने,

(३३) विद्यालय ठाउँसारी गर्न सिफारिस गर्ने,

(३४) धारा तथा विद्युत जडानको लागि सिफारिस गर्ने,

(३५) जातीय पहिचान र जातीय सिफारिसको कार्य गर्ने,

(३६) प्रचलित कानून अनुसार प्रत्यायोजित अधिकार बमोजिमको अन्य सिफारिस वा प्रमाणित गर्ने।

## ३.६. संघीय विभिन्न कानून अर्न्तगत स्थानीय तहको काम कर्तव्य अधिकार

१. **अन्तर सरकार वित्त व्यवस्थापन ऐन, २०७४:**आर्थिक कार्यक्षेत्र तथा राजश्व बाँडफाँड अनुदान, आन्तरिक ऋण, सार्वजनिक खर्च व्यवस्थापन, राजश्व र व्ययको अनुमान र वित्तीय अनुशासन सम्बन्धी कार्य ।

२. **अपाङ्ग भएका व्यक्तिको अधिकार सम्बन्धी ऐन, २०७४:**अपाङ्ग भएका व्यक्तिलाई निशुल्क शिक्षा उपलब्ध गराउने, अपाङ्ग व्यक्ति प्रतिको दायित्व सम्बन्धी कार्य ।

३. **उपभोक्ता संरक्षण ऐन, २०५५**: स्थानीय बजार अनुगमन समिति मार्फत सुलभ मूल्यमा गुणस्तरीय तथा स्वस्थ बस्तु तथा सेवाको उपलब्धता सम्बन्धी कार्य ।

४. **खाद्य ऐन, २०२३**: अनुगमन तथा निरिक्षण अधिकार अन्तर्गत स्वच्छ खाद्यवस्तुको उपलब्धता सम्बन्धी कार्य ।

५. **खाद्य अधिकार तथा खाद्य सम्प्रुभता सम्बन्धी ऐन, २०७५**: तोकेको स्थानीय तहको काम कर्तव्य र अधिकार सम्बन्धी कार्य ।

६. **घरेलु हिंसा (कसुर तथा सजाय) ऐन २०६६:** स्थापना हुने सेवा केन्द्र सञ्चलन तथा व्यवस्थापन सम्बन्धी कार्य ।

७. **जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना (दर्ता) गर्ने ऐन २०३३**: जन्म मृत्यु तथा अन्य व्यक्तिगत घटना दर्ता एवं अभिलेख सम्बन्धी कार्य ।

८. **जलचर संरक्षण ऐन, २०१७**: जलचर संरक्षण सम्बन्धी कार्य ।

९ **जलश्रोत ऐन २०४९**: स्थानीय जल उपभोक्ता सम्बन्धी संस्था दर्ता नियमन तथा स्थानीय तहले जलश्रोत उपयोग वा विकास गर्ने सम्बन्धी कार्य ।

१०. **आवश्य वस्तु संरक्षण ऐन, २०१२**: आवश्यक बस्तुको हेरचाह गाउँपालिका तथा नगरपालिकाले पालो पहराको व्यवस्था गरी सुरक्षा गर्ने प्रवन्ध मिलाउनु पर्ने ।

११. **आवासको अधिकार सम्बन्धी ऐन, २०७५**: आवास सुविधा उपलब्ध गराउने कर्तव्य स्थानीय तह समेतको हुने ।

१२. **तथ्याङ्क ऐन, २०१५**: स्थानीय तहले विवरण वा तथ्याङ्क संकलन गर्ने सम्बन्धी कार्य ।

१३ **नगर विकास ऐन, २०४५:** स्थानीय तहले जग्गा विकास कार्यक्रम संचालन गर्न सक्ने सम्बन्धी कार्य ।

१४. **जेष्ठ नागरिक सम्बन्धी ऐन, २०६३**: परिचयपत्र उपलब्ध गराउने सम्बन्धी कार्य ।

१५. **फोहोरमैला व्यवस्थापन ऐन, २०६८**: फोहरमैलाको प्रबन्ध सम्बन्धी सम्पूर्ण कार्य ।

१६. **बालवालिका सम्बन्धी ऐन, २०७५**: बालबालिकाको अधिकार प्रचलन गराउने सम्बन्धी कार्य ।

१७ **रोजगारीको हक सम्बन्धी ऐन, २०७५**:रोजगार केन्द्र सम्बन्धी कार्य ।

१८. **विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४**: स्थानीय विपद् व्यवस्थापन समिति सम्बन्धी तथा त्यसको काम, कर्तव्य र अधिकार सम्बन्धी कार्य ।

१९. **भूउपयोग ऐन, २०७६**: जग्गाधनी श्रेष्ता र प्रमाणपुर्जा अद्यावधिक तथा भूउपयोग परिवर्तन गर्ने सम्बन्धी कार्य ।

२०. **राष्ट्रिय प्रशारण ऐन, २०४९**: एफ.एम. ईजाजत दिने कार्य ।

२१. **शिक्षा ऐन, २०२८**: विद्यालय व्यवस्थापन सम्बन्धी कार्य ।

२२. **सहकारी ऐन, २०७४**: सहकारी दर्ता सम्बन्धी कार्य ।

२३. **सुशासन (व्यवस्थापन तथा संचालन) ऐन, २०६४**: सेवा प्रवाहको व्यवस्थापन सम्बन्धी कार्य ।

२४ **सूचनाको हक सम्बन्धी ऐन, २०६४:** सूचना सार्वजनिक गर्नुपर्ने सम्बन्धी कार्य ।

२५. **सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार ऐन, २०७५:**गाउँपालिका तथा नगरपालिकाले सहयोग गर्ने सम्बन्धी कार्य,

### ३.७. गाउँपालिकाको वित्तीय अवस्था र आन्तरिक आयको प्रमुख श्रोतहरु :

शुद्धोधन गाउँपालिकाको आयको अवस्था विश्लेषण आ.ब.०७४।७५, गत आ.ब.२०७५।७६ र चालु आ.ब. २०७६।७७ को आय व्यय अध्ययन गरिएको छ । उक्त आर्थिक वर्षको आम्दानीको प्रवृति हेर्दा हरेक वर्ष आम्दानी वृद्धि हुँदै गएको देखिन्छ । चालु आ.ब.सम्म आईपुग्दा ४७करोड ५ लाख ३५ हजारको आय व्यय अनुमान भएको छ । सम्पत्ती कर, प्रदुषण नियन्त्रण शुल्क, सिफारिस दस्तुर आन्तरिक राजश्वको प्रमुख क्षेत्रको रुपमा देखिएको छ । संघ तथा प्रदेशबाट राजश्व बाँडफाँड हुने राजश्वमा घरजग्गा रजिष्ट्रेसन, मुल्य अभिवृद्धि कर, अन्त शुल्क, खानी तथा खनिज सम्बन्धी रोयल्टी प्रमुख देखिएको छ ।

**विगत तीन आ.व.को वित्तीय अवस्थाको विश्लेषण**

| | आ.ब.०७४।७५ को यथार्थ | आ.ब.०७५।७६ को यथार्थ | आ.ब.०७६।७७ को प्रस्तावित |
|---|---|---|---|

| | | | |
|---|---|---|---|
| समानिरकरण अनुदान (संघ) | १७४०८७००० | ११०२००००० | ११९१००००० |
| समानिकरण अनुदान (प्रदेश) | ७२१३०००० | ४३४०००० | ४३५९००० |
| राजश्व बाँडफाँड (संघ) | ० | ५४२५४३०९ | ८०५००००० |
| राजश्व बाँडफाँड (प्रदेश) | ० | ५४२५४३०९ | ३५५७००० |
| राजश्व आन्तरिक | १९३१६९०४ | १०८३९१२७६ | ४३२१९४०० |
| ससर्त अनुदान (संघ) | १०००००००० | ११८८८००० | ११९८००००० |
| ससर्त अनुदान (प्रदेश) | ० | ९६००००० | ८०००००० |
| सम्पुरक अनुदान (संघ) | ० | ० | १२०००००० |
| सम्पुरक अनुदान (प्रदेश) | ० | ० | १५०००००० |
| सामाजिक सुरक्षा | ५७२५९००० | ५८८६८००० | ६५०००००० |
| लागत सहभागिता | ० | | ० |
| अन्य ससर्त कार्यक्रम अनुदान | ० | | ० |
| **जम्मा आय** | **३३२७९२९०४** | **४११७९५८९४** | **४७०५३५४००** |
| चालु खर्च | ९६.७४% | ८९.७५% | |
| पूँजीगत खर्च | ९२.८०% | ८७.६४% | |
| **जम्मा खर्च** | **९४.६५%** | **८८.९४%** | |

## ३.८. राजश्व सम्भाव्य क्षेत्रहरु :

गाउँपालिकाले राजश्वका क्षेत्रहरु पहिचान गरी राजश्व उठाउँदै आएको छ। यसमा राजश्वको दायरा बढाउदै लैजानुपर्ने देखिन्छ। व्यवसाय करको दायरा बढाउने, पूर्वाधार उपयोग शुल्क लगाउने र पर्यटन क्षेत्रको विकास र प्रचार प्रसार गरी राजश्वको दायरा बनाउन सकिने देखिन्छ।

## २.९. खर्चको अवस्था

गत दुई आर्थिक वर्षको खर्चको अवस्था विश्लेषण गर्दा गाउँपालिकाको खर्च गर्ने क्षमता प्रभावकारी देखिन्छ। पहिलो वर्षमा ९४ प्रतिशत रकम खर्च गर्न सफल भएकोमा दोश्रो आ.व. मा ८९ प्रतिशत वजेट खर्च गर्न सफल भएको छ।

# भाग ४: गाउँपालिकाको विद्यमान संगठन संरचना

## ४.१. विद्यमान साँगठनिक ढाँचा

### क. साविकको संगठन संरचना र कर्मचारी विवरण

नयाँ गठन भएको गाउँपालिका भएकोले यसभन्दा अगाडी संगठन संरचना स्वीकृत भएको देखिदैन । नेपाल सरकाबाट स्वीकृत संगठन संरचनाको आधारमा कर्मचारीहरु समायोजन हुँदै गएको देखिन्छ ।

### ख. नेपाल सरकारद्धार स्वीकृत संगठन संरचना

समायोजन प्रयोजनको लागि नेपाल सरकारले मिति २०७४।१२।१४ मा जनसंख्याको आधारमा गाउँपालिका र नगरपालिकाहरुलाई विभाजन गरी सोही बमोजिमको संगठन संरचना स्वीकृत गरी विभिन्न पदहरुमा कर्मचारी समायोजन गरेको थियो । गाउँपालिकाको साविकको संरचनामा काम गरिरहेको तथा नेपाल सरकारको समायोजन प्रकृयामा सहभागि भएका कर्मचारीहरुलाई एउटै संगठन संरचनामा आवद्ध गराई संगठनको प्रभावकारिता अभिवृद्धि गर्न नयाँ संगठन संरचना, शाखाको कार्यजिम्मेवारी, कार्यविवरण र पदको कार्यविवरण तयार गर्नुपर्ने देखिन्छ ।

## ४.२. स्थानीय तहको विद्यमान दरबन्दीको अवस्था

नेपालको संविधानले स्थानीय तहलाई स्थानीय तहको एक अधिकार भित्र स्थानीय सेवाको व्यवस्थापन रहेको छ । राज्यको पुर्नसंरचना मन्त्रालयको दरबन्दी तेरिज अनुसार कर्मचारी समायोजन भएपनि गाउँपालिकालाई खास आवश्यक पर्ने खास प्रकृतिको संगठन संरचना तयार भएको अवस्था देखिदैन । अतः गाउँपालिकालाई बास्तवमै आवश्यक पर्ने संगठन संरचना निर्माण गर्ने र उक्त संरचनालाई आवश्यक पर्ने दरबन्दी तेरिज समेत तयार गरी स्वीकृत गर्नु आवश्यक देखिएको छ । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारीको समायोजन प्रयोजनको लागि शुद्धोधन गाउँपालिकाको लागि (२५००० भन्दा बढी जनसंख्या भएको गाउँपालिका) देहाय बमोजिमको दरवन्दी तय गरेको छ ।

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७४।१२।१४ को निर्णयानुसार २५००० भन्दा बढी जनसंख्या भएको गाउँपालिकाको लागि देहाय बमोजिमको दरवन्दी तय गरेको छ ।

**२५००० भन्दा बढी जनसंख्या भएको गाउँपालिकाको दरवन्दी विवरण**

| क. सं. | पद नाम | श्रेणी/तह | प्राविधिक | अप्राविधि | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत (उपसचिव) | रा.प.द्धित्तीय | | १ | १ | |
| २. | शाखा अधिकृत | रा.प. तृतीय वा अधिकृत स्तर सातौ/आठौं | | १ | १ | |
| ३. | शाखा अधिकृत | रा.प. तृतीय (शिक्षा) वा अधिकृत स्तर सातौ/आठौं | | १ | १ | |
| ४. | जनस्वास्थ्य अधिकृत /म.वि.अ. | स्वास्थ्य अधिकृत सातौं/आठौं वा रा.प. तृतीय (विविध) | १ | | १ | |

| क्र. सं. | पद नाम | श्रेणी/तह | प्राविधिक | अप्राविधि | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| ५. | कृषि अधिकृत | रा.प.तृतीय (कृषि/पशु) वा अधिकृत सातौ/आठौं | १ | | १ | |
| ६. | लेखा अधिकृत | रा.प. तृतीय (लेखा) | | १ | १ | |
| ७. | इन्जिनियर | रा.प.तृतीय (प्रा. सिभिल, जनरल, बि.आ., स्यानीटरी, सिंचाई, आइवे) वा इन्जिनियर छैटौं/सातौं/आठौं | १ | | १ | |
| ८. | नायब सुब्बा (प्रशासन) | रा.प.अनं. प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | | ६ | ६ | |
| ९. | नायब सुब्बा (न्याय) | रा.प.अनं. प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | | १ | १ | |
| १०. | प्राविधिक सहायक ( शिक्षा) | रा.प.अनं. प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौं | | १ | १ | |
| ११. | नायब सुब्बा -म.वि.नि., स.म.वि.नि., वा खरिदार | रा.प. अनं. प्रथम वा सहायक पाँचौ वा खरिदार/सहायक चौथो | | १ | १ | |
| १२. | लेखापाल | रा.प.अनं. प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौ | | १ | १ | |
| १३. | आन्तरिक लेखा परीक्षक | रा.प.अनं. प्रथम वा अधिकृत छैठौं/सहायक पाँचौ | | १ | १ | |
| १४. | सव इन्जिनियर | रा.प.अनं. प्रथम (प्रा. जनरल, सिंचाई, हाई वे) वा इन्जिनियर छैठौं/सहायक पाँचौ | २ | | २ | |
| १५. | सव इन्जिनियर | रा.प.अनं. प्रथम (प्रा. जनरल, विल्डिङ, आर्किटेक) वा इन्जिनियर छैठौ/सहायक पाँचौ | २ | | २ | |
| १६. | सर्भेक्षक | रा.प. अनं. प्रथम (प्रा.) वा सहायक पाँचौ (प्रा.) | १ | | १ | |
| १७. | रेन्जर/नायब सुब्बा | रा.प.अनं. प्रथम (प्रा. वन) वा अधिकृत छैठौ/सहायक पाँचौ | १ | | १ | |
| १८. | सह लेखापाल | रा.प.अनं. द्धितीय/सहायक पाँचौ/चौथो | | १ | १ | |

| क्र. सं. | पद नाम | श्रेणी/तह | प्राविधिक | अप्राविधि | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|
| | **वडा कार्यालय तर्फ** | | | | | |
| १९. | नायक सुब्बा/खरिदार | रा.प.अन. प्रथम (प्र.) वा अधिकृत छैठौ वा रा.प.अन. द्बितीय (प्र.)/सहायक पाँचौ/चौथो | | १ | १ | |
| २०. | सव इन्जिनियर/ असिष्टेण्ट सव इन्जिनियर | रा.प.अन. प्रथम (प्रा.) वा अधिकृत छैठौ वा सहायक पाँचौ/चौथो (प्रा.) | १ | | १ | |

नोटः सूचना प्रविधि अधिकृत, कम्प्युर अपरेटर, सवारी चालन, कार्यालय सहयोगी, चौकीदार आदि पदमा हाल कार्यरत कर्मचारीहरु यस दरवन्दी तेरिजमा समावेश गरिएको छैन । निजहरुलाई नियुक्तिको सेवा शर्त मिल्दो शाखा वा इकाई अन्तर्गत राखी काममा लगाउन सकिनेछ । यस दरवन्दी संरचनामा नगपरेका तर स्थानीय तहको कार्यसम्पादनका लागि आवश्यक हाल कार्यरत अमिन तथा अन्य प्राविधिक कर्मचारीहरु स्थानीय तहले क्लष्टर बनाई काममा खटाउन सक्नेछन् ।

### ४.३. कर्मचारी समायोजन प्रयोजनको लागि निर्धारण गरिएको दरवन्दी विवरण

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले कर्मचारी समायोजन प्रयोजनको लागि शुद्धोधन गाउँपालिकामा देहाय बमोजिम दरवन्दी तेरिज निर्धारण गरेको छ ।

**शुद्धोधन गाउँपालिकाको वर्तमान दरवन्दी विवरण (कर्मचारी समायोजन प्रयोजनको लागि)**

**(क) स्वास्थ्य सेवा वाहेक अन्य सेवा तर्फ**

| क.स. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | बाँकी रदवन्दी |
|---|---|---|---|---|---|---|---|---|
| १ | प्रमुख प्रशासकीय अधिकृत | आठौं | प्रशासन | सा.प्र. | | १ | | |
| २ | इन्जिनियर | सातौ/आठौं | इन्जि. | सिभिल | | १ | | १ |
| ३ | अधिकृत | सातौ/आठौं | शिक्षा | शि.प्र. | | १ | | १ |
| ४ | अधिकृत | सातौ/आठौं | प्रशासन | लेखा | | १ | | १ |
| ५ | अधिकृत | छैठौ | प्रशासन | सा.प्र. | | २ | | २ |
| ६ | आन्तरिक लेखा परीक्षक | पाँचौ | प्रशासन | लेखा | | १ | | १ |
| ७ | सहायक | पाँचौ | प्रशासन | सा.प्र. | | ४ | | ४ |
| ८ | कम्प्युटर अपरेटर | पाँचौ | विविध | | | १ | | १ |
| ९ | लेखा सहायक | पाँचौ | प्रशासन | लेखा | | १ | | १ |

| क्र.स. | पद | तह | सेवा | समूह | उपसमूह | स्वीकृत दरवन्दी | अन्य सेवाबाट समायोजन हुने दरवन्दी | बाँकी रदवन्दी |
|---|---|---|---|---|---|---|---|---|
| १० | प्रा.स. | पाँचौ | शिक्षा | शि.प्र. | | १ | | १ |
| ११ | हे.अ. | पाँचौ/छैठौ | स्वास्थ्य | हे.ई. | | १ | | १ |
| १२ | सब इन्जिनियर | पाँचौ | इन्जि. | सिभिल | | १ | | १ |
| १३ | अ.सब.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | १ | | १ |
| १४ | स. महिला विकास निरिक्षक | चौथो | विविध | | | १ | | १ |
| १५ | खा.पा.स.टे. | चौथो/पाँचौ | इन्जि. | सिभिल | स्यानीटरी | १ | | १ |
| | **कार्यालय तर्फ** | | | | | **१९** | **०** | **१८** |
| | वडा कार्यालय | | | | | | | |
| १८ | सहायक | पाँचौ | प्रशासन | सा.प्र. | | ३ | | ३ |
| २० | सब इन्जिनियर | चौथो | प्रशासन | सिभिल | | ३ | | ३ |
| १९ | सहायक | पाँचौ | इन्जि. | सा.प्र. | | २ | १ | १ |
| २१ | अ.सब.इन्जिनियर | चौथो | इन्जि. | सिभिल | | ४ | | ४ |
| २२ | मुखिया | | | | | २ | २ | |
| | **वडा कार्यालय तर्फ जम्मा** | | | | | **१४** | **३** | **११** |
| | कुल जम्मा | | | | | **३३** | **३** | **२९** |

**नोटः**

- कुनै स्थानीय तहमा तृतीय तहको कर्मचारी कार्यरत भएमा निजलाई स्वीकृत संगठन संरचना अनुसारको मिल्दो जुल्दो तहमा कामकाज लगाउन सकिनेछ। त्यस्तो पदमा कार्यरत कर्मचारी जुनसुकै कारणबाट रिक्त भएमा सो पद स्वतः खारेज हुनेछ।
- संगठन संरचना भित्र नपरेका सरसफाई, दमकल सञ्चालन, एम्बुलेन्स सञ्चालन, नगर प्रहरी जस्ता स्थायी कर्मचारीहरुलाई हाल कार्यरत रहेकै पदमा कामकाज लगाउन सकिनेछ र त्यस्ता पदमा कार्यरत कर्मचारी कुनै कारणबाट रिक्त भएका स्थानीय सरकार संचालन ऐन २०७४ अनुसार कामकाज गराउनु पर्नेछ।
- स्थानीय तहमा समायोजन भएका खा.पा.स.टे. चौथो र पाँचौ कर्मचारीहरुलाई निजहरुको शैक्षिक योग्यता समेतको आधारमा सब.ई., अ.स.ई वा प्रा.स. को पदमा कामकाज लगाउन सकिनेछ।
- यस दरवन्दी भन्दा बाहेक गाउँपालिकाका स्थायी कर्मचारीहरुले गाउँपालिकाले खटाए बमोजिमको काम गर्नुपर्ने छ।

**(ख) संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वास्थ्यसेवा तर्फको संगठन संरचना र दरवन्दी तेरिज**

(१) गाउँपालिकाको स्वास्थ्य शाखाको लागि निर्धारण गरिएको दरबन्दी विवरण

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | संख्या/जना |
|---|---|---|---|---|---|
| १ | अधिकृत | ६ | स्वास्थ्य सेवा | हेल्थ इन्सपेक्सन | १ |
| २ | अधिकृत | ६ | स्वास्थ्य सेवा | क.न./ज.न. | १ |
| | **जम्मा** | | | | **२** |

नोटः

- अधिकृत ६ तह (स्वा., हे.ई.) भन्नाले स्वास्थ्य सेवा, हेल्थ इन्सपेक्शन समुहको छैठौ तहका जनस्वास्थ्य निरिक्षक, हे.अ. अधिकृत, सि.अ.हे.ब. अधिकृत, प.नि.सु. निरिक्षक, खोप निरिक्षक, क्षे.कु. निरिक्षक, भे.क.स. निरिक्षक, वा सो सरहका पदनामलाई जनाउनेछ। सो पद रिक्त भएमा हेल्थ असिष्टेण्ट ५ तह (स्वा., हे.ई) बाट पदपूर्ती गरिने छ।
- अधिकृत ६ (स्वा., क.न./ज.न.) भन्नाले स्वास्थ्य सेवाको क.न. समुहका प.हे.न. वा सि./अ.न.मि. ६ तह वा जनरल नर्सिङ समुहका स्टाफ नर्स ६ तह (स्वा., ज.न.) लाई जनाउने छ र सो पद रिक्त भएमा स्वास्थ्य सेवा प.हे.न./स्टाफ नर्स ५ तह बाट पदपूर्ती गरिने छ।
- अधिकृत ६ तह (स्वा.अ आयुर्वेद) लाई स्थानीय तहले सम्बन्धित औषधालयबाट कामकाजको लागि खटाउने सक्नेछ। यदि यसरी पनि नपुग भएमा स्थानीय तहले आफ्नो आफ्नो श्रोतबाट सहायक ५ तह (स्वा., आयुर्वेद) नियुक्त गर्न सक्नेछ।

(२) गाउँपालिकामा रहेका स्वास्थ्य चौकीको लागि निर्धारण गरिएको दरबन्दी विवरण

| क्र.सं. | पद | श्रेणी/तह | सेवा | समुह | संख्या/जना | ३ वटा स्वा.चौ. को लागि |
|---|---|---|---|---|---|---|
| १ | अधिकृत | ६ | स्वास्थ्य सेवा | हे.ई. | १ | ३ |
| २ | अधिकृत | ६ | स्वास्थ्य सेवा | क.न. | १ | ३ |
| ३ | सहायक | ५ | स्वास्थ्य सेवा | हे.ई. | २ | ६ |
| ४ | सहायक | ४ | स्वास्थ्य सेवा | हे.ई. | १ | ३ |
| ५ | सहायक | ४ | स्वास्थ्य सेवा | क.न. | १ | ३ |
| | **जम्मा** | | | | **६** | **१८** |

नोटः


- अधिकृत ६ तह (स्वा.,से.हे.ई.) भन्नाले स्वास्थ्य सेवाको हेल्थ इन्स्पेक्शन समुहको छैठौ तहका जनस्वास्थ्य निरिक्षक, हे.अ./सि.अ.हे.ब. अधिकृतलाई जनाउने छ। सो पद रिक्त भएमा हेल्थ असिस्टेण्ट पाँचौ तह (स्वा./हे.ई) बाट पदपूर्ती गरिने छ।
- अधिकृत ६ तहमा (स्वा., क.न.) भन्नाले स्वास्थ्य सेवाको क.न. समुहको ६ तहका सि./अ.न.मि. लाई जनाउने छ। सो पद रिक्त भएमा अ.न.मि. ४ तह (स्वा./क.न.) बाट पदपूर्ती गरिने छ।
- सहायक ५ तह (स्वा.,/हे.ई.) मा स्वास्थ्य सेवाको हे.ई. ५ तहका सि./अ.हे.ब. लाई जनाउने छ। सो पद रिक्त भएमा अ.हे.ब.४ तह (स्वा., हे.ई.) बाट पद पूर्ती गरिने छ।

- सम्बन्धित परिषद्मा दर्ता भएका मध्येबाट स्वास्थ्य चौकीमा तहगत जेष्ठताको आधारमा इन्चार्ज हुनेछ । तर समान तहको हकमा सम्बन्धित परिषद्मा दर्ता भएका मध्येबाट देहायको प्राथमिकताको आधारमा इन्चार्ज हुनेछन् ।
  (क) पाँचौ तहमा लोक सेवा प्रक्रिया पुरा गरी सेवा प्रवेश गरेको ।
  (ख) पाँचौ तहको लागि तोकिएको शैक्षिक योग्यता भएको ।
  (ग) स्वास्थ्य सेवा ऐनको दफा (९) ख अनुसार पदस्थापन भएको ।
  (घ) सम्बन्धित तहको लागि मन्त्रालयले तोकेको स्तरबृद्धि तालिम लिएको ।

* ल्याव असिष्टेण्ट र कार्यालय सहयोगीको पद पूर्ती आवश्यकताको आधारमा करारमा नियुक्ती गर्न सकिने छ ।

## ४.४. नेपाल सरकारबाट तोकेको संगठन संरचना

(ख) २५ हजारभन्दा बढी जनसंख्या भएका गाउँपालिकाको संगठन संरचना (१२६वटा) (अनुसूची २.१)



## ४.५. विद्यमान संरचना र दरबन्दी सम्बन्धमा देखिएका समस्याहरु

- गाउँपालिकाको हालको संगठन संरचना साविक गाउँ विकास समितिहरुमा रहेको संरचना र कर्मचारी समायोजन भई आउदा कायम भएको संरचनाको रुपमा रहेको छ ।
- नेपाल सरकार मन्त्रीपरिषद्को मिति २०७४।१२।१४ को निर्णयबाट निर्धारण गरिएको दरवन्दी विवरण र कर्मचारी समायोजना प्रयोजनको लागि शुद्धोधन गाउँपालिकाको लागि निर्धारण गरिएको दरवन्दी तेरिजमा रहेको विवरण फरक फरक रहेको छ । जसले द्विविधा सृजना गरेको छ ।

- संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले स्वास्थ्य सेवा तर्फको संगठन संरचना र दरवन्दी बेग्लै तोकेको छ। प्राथमिक स्वास्थ्य केन्द्र स्थानीय तहमा हस्तान्तरण भैसकेको सन्दर्भमा प्रा.स्वा.के. को भने अझैसम्म दरवन्दी निर्धारण गरेको पाइएन ।
- कर्मचारी समायोजन गर्दा मन्त्रालयबाट तयार गरेको संगठन संरचना र दरबन्दी तेरिज उपलब्ध गराएको भएपनि सो अनुसार कर्मचारी समायोजन भएको छैन। एक हिसाबले हालको संगठन संरचना र दरबन्दी संक्रमणकालिननै रहेको छ।
- स्थानीय सरकार सञ्चालन ऐनले नेपाल सरकारबाट एक पटक कर्मचारी समायोजन भै आएपछि त्यस पछि भने स्वयम् गाउँपालिकाले संगठन विकास अध्ययन मार्फत दरवन्दी पुनरावलोकन गर्न सक्ने व्यवस्था गरेको छ।
- तसर्थ गाउँपालिकाको कार्यवोझ विश्लेषण गरी गाउँपालिकामा समायोजन भएका कर्मचारी र कार्यरत साविकको स्थानीय निकायका कर्मचारीहरुको उचित व्यवस्थापन हुने थरी प्रभावकारी संगठन संरचना तय गर्न जरुरी छ।

## ४.६. शुद्धोधन गाउँपालिकामा हाल कार्यरत कर्मचारी विवरण

नेपाल सरकारबाट समायोजन भै आएका, साविक गाउँ विकास समितिमा कार्यरत र संघमा दरवन्दी भइ काजमा रहेका समेत गरी हाल शुद्धोधन गाउँपालिकामा ७२ जना कर्मचारीहरुको कार्यरत रहेका छन । हाल कार्यरत कर्मचारीहरुको विवरण देहाय अनुसार रहेको छ । त्यस मध्ये संघबाट समायोजन भएका केही कर्मचारीहरु हालसम्म पनि हाजिर हुन आएको देखिदैन ।

**हाल कार्यरत कर्मचारी विवरण**

| क.स | कर्मचारी नामथर | पद | सेवा/समुह | श्रेणी/तह | समायोजन भएको (संघ/ प्रदेश/ स्थानीय) | पदपूर्तीको अवस्था |
|---|---|---|---|---|---|---|
| १ | अनन्तपाणि मरासिनी | प्र.प्र. अधिकृत | प्रसासन | रा.प. तृतिय | संघ | पूर्ति |
| | | **शिक्षा समुह** | | | | |
| २ | चन्द्रकान्त शर्मा | अधिकृत आठौ | नेपाल शिक्षा | आठौ | स्थानीय | पुर्ति |
| ३ | चन्द्रकला तिवारी | सहायक स्तर पाचौ प्रा.स | नेपाल शिक्षा | पाचौ | स्थानीय | पुर्ति |
| | | **पशु सेवा** | | | | |
| ४ | भुमिश्वर खनाल | पशु वि. अधिकृत आठौ | पशु सेवा | आठौ | स्थानीय | पूर्ति |
| ५ | बोध राज खनाल | अधिकृत छैठौ | पशु सेवा | छैठौ | स्थानीय | पूर्ति |
| ६ | दामोदर घिमिरे | ना.प.स्वा.प्रा चौथो | पशु सेवा | चौथो | स्थानीय | पूर्ति |
| | | **कृषि** | | | | |
| ७ | साधुसरण यादव | कृषि विकास अधिकृत | नेपाल कृषि | आठौ | स्थानीय | पूर्ति |
| ८ | शुशिल खरेल | सहायक स्तर पाचौ | नेपाल कृषि | पाचौ | स्थानीय | पूर्ति |
| ९ | रमेश रेग्मी | सहायक स्तर पाचौ | नेपाल कृषि | पाचौ | स्थानीय | पूर्ति |
| | | **लेखा** | | | | |
| १० | लक्ष्मण पाण्डे | अधिकृत सातौ | लेखा | सातौ | स्थानीय | पूर्ति |
| ११ | कृष्ण प्र. घिमिरे | सहायक स्तर पाचौ | लेखा | पाचौ | स्थानीय | पूर्ति |
| १२ | ज्ञानहरि अर्याल | सहायकस्तर पाचौ | आलेप | पाचौ | स्थानीय | पूर्ति |
| | | **स्वास्थ्य** | | | | |
| १३ | सीता पौडेल (पंथि) | बरिष्ठ अस्पताल नर्सिङ्ग निरिक्षक | नेपाल स्वास्थ्य | सातौं | स्थानीय | पुर्ति |
| १४ | कविराज गौतम | सि.अ.हे.व.छैठौ | नेपाल स्वास्थ्य | छैठौ | स्थानीय | पुर्ति |

| क्र.स | कर्मचारी नामथर | पद | सेवा/समुह | श्रेणी/तह | समायोजन भएको (संघ/ प्रदेश/ स्थानीय) | पदपूर्तीको अवस्था |
|---|---|---|---|---|---|---|
| १५ | बविता न्यौपाने | सि.अ.न.मि.निरीक्षक छैठौ | नेपाल स्वास्थ्य | छैठौ | स्थानीय | पुर्ति |
| १६ | समिर भण्डारी | जन स्वा. निरीक्षक | नेपाल स्वास्थ्य | छैठौ | स्थानीय | पुर्ति |
| १७ | माया क्षेत्रि | सि.अ.न.मी.निरिक्षक | नेपाल स्वास्य | छैठौं | स्थानीय | पुर्ति |
| १८ | सुनिता अधिकारी | सि.अ.न.मी.निरिक्षक | नेपाल स्वस्थ्य | छैठौं | स्थानीय | पुर्ति |
| १९ | सुमेन्द्र राजजोशी घिमिरे | सि.अ.हे.ब.अधिकृत | नेपाल स्वास्थ्य | छैठौं | स्थानीय | पुर्ति |
| २० | ध्रुव प्रसाद भण्डारी | सि.अ.हे.ब.अधिकृत | नेपाल स्वास्थ्य | छैठौ | स्थानीय | पुर्ति |
| २१ | विष्णु प्रसाद नेपाल | सि.अ.हे.ब.अधिकृत | नेपाल स्वास्थ्य | छैठौ | स्थानीय | पुर्ति |
| २२ | राजन जिसी | ल्य.टे.अ | नेपाल स्वास्थ्य | छैठौ | स्थानीय | हाजिर हुन नगएको |
| २३ | टोमलाल गिरी | ल्य.टे.अ | नेपाल स्वास्थ्य | छैठौ | स्थानीय | हाजिर हुन नगएको |
| २४ | रमेश रिजाल | सि.अ.हे. व. | नेपाल स्वस्थ्य | छैठौं | स्थानिय | हाजिर हुन जाने |
| २५ | सरस्वती बस्याल | अ.न.मि. | नेपाल स्वास्थ्य | सहायक पाचौ | स्थानीय | पुर्ति |
| २६ | रेखाकुमारी गौतम | सि.अ.न.मि. | नेपाल स्वास्थ्य | सहायक पाचौ | स्थानीय | पुर्ति |
| २७ | रमेश चौधरी | हेल्थ असिस्टेन्ट | नेपाल स्वास्थ्य | सहायक पाचौ | स्थानीय | पुर्ति |
| २८ | रिम बहादुर सुनार | हेल्थ असिस्टेन्ट | नेपाल स्वास्थ्य | सहायक पाचौ | स्थानीय | पुर्ति |
| २९ | मदन पोखेल | हेल्थ असिस्टेन्ट | नेपाल स्वास्थ्य | सहायक पाचौ | स्थानीय | पुर्ति |

| क.स | कर्मचारी नामथर | पद | सेवा/समुह | श्रेणी/तह | समायोजन भएको (संघ/ प्रदेश/ स्थानीय) | पदपूर्तीको अवस्था |
|---|---|---|---|---|---|---|
| ३० | अर्जुन भण्डारी | हेल्थ असिस्टेन्ट | नेपाल स्वास्थ्य | सहायक पाचौ | स्थानीय | पुर्ति |
| ३१ | लक्ष्मी पौडेल | हेल्थ असिस्टेन्ट | नेपाल स्वास्थ्य | सहायक पाचौ | स्थानीय | पुर्ति |
| ३२ | मधु खत्री | हेल्थ असिस्टेन्ट | नेपाल स्वास्थ्य | सहायक पाचौ | स्थानीय | पुर्ति |
| ३३ | सोभनाथ यादव | हेल्थ असिस्टेन्ट | नेपाल स्वास्थ्य | सहायक पाचौ | स्थानीय | पुर्ति |
| ३४ | सिता पाण्डे | अ.न.मी | नेपाल स्वास्थ्य | सहायक पांचौ | स्थानिय | पुर्ति |
| ३५ | केविनश्रेष्ठ | अ.हे.व. | नेपाल स्वास्थ्य | सहायक चौथो | स्थानीय | पुर्ति |
| ३६ | देवकला जि.सी. अर्याल | अ.हे.व | नेपाल स्वास्थ्य | सहायक चौथो | स्थानीय | पुर्ति |
| ३७ | सविना बि.के. | अ.न.मि. | नेपाल स्वास्थ्य | सहायक चौथो | स्थानीय | पुर्ति |
| ३८ | प्रकास कुमार योगी | अ.हे.व | नेपाल स्वास्थ्य | सहायक चौथो | स्थानीय | पुर्ति |
| ३९ | अस्मिता भुसाल | अ.हे.व | नेपाल स्वास्थ्य | सहायक चौथो | स्थानीय | पुर्ति |
| ४० | नगिना कुमाल | अ.न.मि. | नेपाल स्वास्थ्य | सहायक चौथो | स्थानीय | पुर्ति |
| ४१ | शान्ता भट्टराई | अ.न.मि. | नेपाल स्वास्थ्य | सहायक चौथो | स्थानीय | पुर्ति |
| ४२ | विमला पोखेल | अ.न.मि. | नेपाल स्वास्थ्य | सहायक चौथो | स्थानीय | पुर्ति |
| ४३ | ज्ञानु चुदाली अर्याल | अ.न.मि. | नेपाल स्वास्थ्य | सहायक चौथो | स्थानीय | पुर्ति |
| ४४ | बरमदेव पासवान पासी | अ.हे.व | नेपाल स्वास्थ्य | सहायक चौथो | स्थानीय | पुर्ति |

| क्र.स | कर्मचारी नामथर | पद | सेवा/समुह | श्रेणी/तह | समायोजन भएको (संघ/ प्रदेश/ स्थानीय) | पदपूर्तीको अवस्था |
|---|---|---|---|---|---|---|
| ४५ | प्रांशु ढकाल | ब.का.नि. | आर्युवेद | सातौ | स्थानीय | पुर्ति |
| ४६ | हरिलाल उपाध्या | सहायक | प्रशासन | तेस्रो | स्थानीय | पुर्ति |
| ४७ | प्रज्ञा सुबेदी | बैद्य | नेपाल स्वास्थ्य | सहायक चौथो | स्थानीय | पुर्ति |
| | | **प्रशासन** | | | | |
| ४८ | रुद्रमणि गिरी | अधिकृत छैठौ | प्रसासन | छैठौ | स्थानीय | पूर्ति |
| ४९ | गुञ्जेश्वरी प्र. चौधरी | अधिकृत छैठौ | प्रसासन | छैठौ | स्थानीय | पूर्ति |
| ५० | अग्नि प्र.शर्मापौडेल | सहायक स्तर पाचौ | प्रसासन | पाचौ | स्थानीय | पूर्ति |
| ५१ | लक्ष्मण प्रसाद ज्ञवाली | सहायक स्तर पाचौ | प्रसासन | पाचौ | स्थानीय | पूर्ति |
| ५२ | हिरालाल भुसाल | सहायक स्तर पाचौ | प्रसासन | पाचौ | संघ | हाजिर हुन नगएको |
| ५३ | पुर्ण प्रसाद अर्याल | सहायक स्तर पाचौ | प्रसासन | पाचौ | स्थानीय | पूर्ति |
| ५४ | केशवपन्थ | सहायक स्तर पाचौ | प्रसासन | पाचौ | स्थानीय | पूर्ति |
| ५५ | गंगा गैरे | सहायक स्तर पाचौ | प्रसासन | पाचौ | स्थानीय | पूर्ति |
| ५६ | शारदा खनाल | सहायक स्तर पाचौ | प्रसासन | पाचौ | स्थानीय | पूर्ति |
| ५७ | गिता पछाई | स.म.वि.नी. पाचौ | सामाजिक विकास | पाचौ | स्थानीय | पूर्ति |
| ५८ | होम बहादुर चौधरी | सहायक | प्रसासन | चौथो | स्थानीय | पूर्ति |
| ५९ | हरिहर धोवी | सहायक | प्रसासन | चौथो | स्थानीय | पूर्ति |
| ६० | लक्ष्मीखत्री | स.म.वि.नी. चौथो | सामाजिक विकास | चौथो | स्थानीय | पूर्ति |
| ६१ | कविता गौतम | कार्यालय सहायक | प्रशासन | तृतीय | स्थानिय | पुर्ति |
| | | **प्राविधिक** | | | | |
| ६२ | गौरव लामिछाने | अधिकृत छैठौ ( इन्जिनियर) | प्राविधिक | छैठौ | स्थानीय | पुर्ति |
| ६३ | उमेश अर्याल | सव.इन्जिनियर पाचौ | प्राविधिक | पाचौ | स्थानीय | पुर्ति |
| ६४ | बाबुराम नेपाल | खा.पा.स.टे. पाचौ | खानेपानी | पाचौ | स्थानीय | पुर्ति |

| क्र.स | कर्मचारी नामथर | पद | सेवा/समुह | श्रेणी/तह | समायोजन भएको (संघ/ प्रदेश/ स्थानीय) | पदपूर्तीको अवस्था |
|---|---|---|---|---|---|---|
| ६५ | केशव राज भट्टराई | खा.पा.स.टे रा.प.अन प्रथम | खानेपानी वातावरण | रा.प.अनं.प्रथम | स्थानीय | पूर्ति |
| ६६ | लक्ष्मण खत्री | अ.सव इन्जिनियर चौथो | प्राविधिक | चौथो | स्थानीय | पुर्ति |
| ६७ | कमलेस यादव | अ.सव इन्जिनियर चौथो | प्राविधिक | चौथो | स्थानीय | पुर्ति |
| ६८ | निशा न्यौपाने | अ.सव इन्जिनियर चौथो | प्राविधिक | चौथो | स्थानीय | पुर्ति |
| ६९ | राजदेव चौधरी | अ.सव इन्जिनियर चौथो | प्राविधिक | चौथो | स्थानीय | पुर्ति |
| | | **कार्यालय सहयोगी** | | | | |
| ७० | कोमल प्र. अधिकारी | कार्यालय सहयोगी | प्रसासन | पाचौ | स्थानीय | पूर्ति |
| ७१ | ओमनाथ यादव | कार्यालय सहयोगी | प्रसासन | श्रेणी विहिन पाचौ | स्थानीय | पुर्ति |
| ७२ | ओमप्रकास चौधरी थारु | कार्यालय सहयोगी | प्रसासन | श्रेणी विहिन पाचौ | स्थानीय | पुर्ति |
| ७३ | मोलाहि थारु | कार्यलय सहयोगी | प्रशासन | श्रेणी विहिन | स्थानीय | पुर्ति |
| ७४ | श्रीकान्त प्रसाद चौधरी | कार्यालय सहयोगि | प्रशासन | श्रेणी विहिन | स्थानीय | पुर्ति |

## भाग ५

## ५.१. प्रस्तावित सांगठनिक ढाँचा

शुद्धोधन गाउँपालिका नयाँ गठन भएको गाउँपालिका भएको भएपनि जनसंख्याको हिसावले ठूलो गाउँपालिकाको रुपमा देखिन्छ । संवैधानिक तथा कानुनी अधिकारको कार्यक्षेत्रको आधारमा शुद्धोधन गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतको मातहतमा रहनेगरी देहाय अनुसार ८ वटा शाखा, २२ उपशाखा र वडा कार्यालयहरु उपयुक्त हुने देखिएको छ । यस अनुसारको संगठन संरचना चार्ट अनुसूची १ मा राखिएको छ ।

**प्रस्तावित शाखा तथा इकाईहरु**

| क्र.सं. | शाखा | इकाईहरु |
|---|---|---|
| | कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत |
| १ | सामान्य प्रशासन शाखा | १. सामान्य प्रशासन उपशाखा (वडा कार्यालयहरु ७ वटा)<br>२. जिन्शी उपशाखा<br>३. कानूनी मामिला उपशाखा<br>४. सामाजिक सुरक्षा तथा पन्जिकरण उपशाखा<br>५. नगर प्रहरी इकाई<br>६. दर्ता चलानी तथा नागरिक सहायता इकाई |
| २ | योजना तथा अनुगमन शाखा | १. योजना तथा अनुगमन शाखा<br>२. सूचना तथा तथ्याँक व्यवस्थापन उपशाखा |
| ३ | पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | १. सडक तथा अन्य पूर्वाधार विकास उपशाखा<br>२. भवन तथा वस्ती विकास उपशाखा<br>३. वातावरण, सरसफाई एवं विपद् व्यवस्थापन उपशाखा |
| ४ | शिक्षा, युवा तथा खेलकुद विकास शाखा | १. शिक्षा तथा खेलकुद शाखा<br>२. महिला, वालवालिका तथा समाजकल्याण उपशाखा |
| ५ | स्वास्थ्य शाखा | १. प्राथमिक स्वास्थ्य केन्द,<br>२. आयुर्वेद शाखा/आयुर्वेद औषधालय<br>३. स्वास्थ्य चौकीहरु ३ वटा) |
| ६ | आर्थिक प्रशासन शाखा | १. आर्थिक प्रशासन शाखा<br>२. राजश्व प्रशासन उपशाखा |
| ७ | आर्थिक विकास शाखा | १. कृषि विकास उपशाला<br>२. पशुपँक्षी विकास उपशाखा<br>३. सहकारी, उद्योग तथा रोजगार प्रवर्द्धन उपशाखा |
| ८ | आन्तरिक लेखापरीक्षण शाखा | १. आन्तरिक लेखापरीक्षण शाखा |

उपरोक्त मध्ये आन्तरिक लेखापरीक्षण शाखा प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा रहन उपयुक्त हुने । गाउँपालिकामा रहने विषयगत शाखा तथा ईकाइहरु र वडा कार्यालयहरु र सोको दरबन्दी विवरण देहाय अनुसार रहने छन् ।

**प्रस्तावित शाखा र इकाईगत रुपमा दरबन्दी विवरण**

| क.सं. | शाखा | उपशाखा/इकाईहरु | पद नाम | तहगत दरवन्दी संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | अधिकृत | सहायक | श्रेणी विहिन | जम्मा |
| | | कार्यालय प्रमुख | प्रमुख प्रशासकीय अधिकृत | १ | | | १ |
| १ | सामान्य प्रशासन शाखा | शाखा प्रमुख | अधिकृत (प्र.) छैठौ/सातौ | १ | | | १ |
| | | १. सामान्य प्रशासन उपशाखा | सहायक पाचौ (प्र.), | | १ | | १ |
| | | | कम्प्युटर अपरेटर (विविध) सहायक पाँचौ १ | | १ | | १ |
| | | | कार्यालय सहयोगी | | | ३ | ३ |
| | | | हलुका सवारी चालक | | | ३ | ३ |
| | | २. जिन्शी उपशाखा | सहायक पाँचौं, (प्र.) | | १ | | १ |
| | | ३. कानुनी मामिला उपशाखा | सहायक पाँचौ (न्याय) | | १ | | १ |
| | | ४. सा.सु तथा पञ्जिकरण उपखाशा | सहायक पाँचौं, (प्र.) | | १ | | १ |
| | | ५. नगर (गाउँ) प्रहरी इकाई | नगर प्रहरी सहायक निरिक्षक पाँचौ/चौथो | | १ | | १ |
| | | | नगर प्रहरी सिपाई | | | ३ | ३ |
| | | ६. दर्ता चलानी तथा नागरिक सहायता इकाई | सहायक पाँचौ/चौथो (प्रशासन) | | १ | | १ |
| | **जम्मा** | | | २ | ७ | ९ | १८ |
| | योजना तथा अनुगमन शाखा | १. योजना तथा अनुगमन उपशाखा | अधिकृत (प्र.) छैठौ/सातौ | १ | | | १ |
| | | | सहायक पाँचौ (प्र.) १ | | १ | | १ |
| | | २. सूचना तथा तथ्याङ्क व्यवस्थापन उपशाखा | सूचना प्रविधि अधिकृत (छैठौ) वा कम्प्युटर अपरेटर वा सहायक पाँचौ (प्र.) | | १ | | १ |
| | **जम्मा** | | | १ | २ | ० | ३ |

| क्र.सं. | शाखा | उपशाखा/इकाईहरु | पद नाम | तहगत दरवन्दी संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | अधिकृत | सहायक | श्रेणी विहिन | जम्मा |
| | पूर्वाधार विकास शाखा | १ सडक तथा अन्य पूर्वाधार विकास उपशाखा | इन्जिनियर छैठौ/सातौ (प्रा.) ( सिभिल, जनलर, वि.आ./स्यानीटरी/ सिंचाई/हाइवे) वा इन्जिनियर छैठौ/सातौ | १ | | | १ |
| | | | सव ईजिजियर सहाय कपाँचौ | | १ | | १ |
| | | | असिष्टेण्ट सव इन्जिनियर चौथो | | ३ | | ३ |
| | | २. भवन तथा वस्ती विकास उपशाखा | ईन्जिनियर (प्रा.) छैठौ/सातौ सिभिल/जनरल/वि.आ.) वा इन्जिनियर छैठौ/सातौ | १ | | | १ |
| | | | सव ईजिजियर सहायकपाँचौ | | १ | | १ |
| | | | असिष्टेण्ट सव इन्जिनियर चौथो | | १ | | १ |
| | | | सर्वेक्षक/अमिन, सहायक चौथो/पाँचौ | | १ | | १ |
| | | ३. वातावरण, खापा तथा सरसफाई एवं विपद् व्यवस्थापन उपशाखा | खा.पा.स.टे पाँचौ/छैठौ (प्राविधिक) | | १ | | १ |
| | | | सहायक पाँचौ/चौथो (प्र.) | | १ | | १ |
| | | **जम्मा** | | २ | ९ | ० | ११ |
| ३ | शिक्षा, युवातथा खेलकुद विकास शाखा | १. शिक्षा तथा खेलकुद शाखा | अधिकृत छौठौ/सातौ/आठौं ( शिक्षा) १ | १ | | | १ |
| | | | प्राविधिक सहायक पाँचौं.(शिक्षा) | | १ | | १ |
| | | महिला, वालवालिकातथा समाज कल्याण इकाई | महिला विकास निरिक्षक सहायक पाँचौ (विविध)/सहायक महिला विकास निरिक्षक (वि.) | | १ | | १ |
| | | **जम्मा** | | १ | २ | ० | ३ |
| | इ) स्वास्थ्य शाखा | १ स्वास्थ्य शाखा | स्वास्थ्य संयोजक/जनस्वास्थ्य अधिकृत छैठौ/सातौं (स्वास्थ्य शाखा प्रमुख) | १ | | | १ |
| | | | स्वास्थ्य सहसंयोजक/अधिकृत ( छैठौ) स्वास्थ्य सेवा क.न./ज.न. | १ | | | १ |
| | | क. प्राथमिक स्वास्थ्य केन्द्र | मेडकिल अधिकृत/स्वास्थ्य चिकित्सक (आठौं/नवौ) | १ | | | १ |
| | | | हेल्थ असिस्टेण्ट पाँचौ/छैठौ/सातौ | | १ | | १ |
| | | | अ.हे.ब. चौथो/पाँचौ/छैठौ हे.ई. | १ | २ | | ३ |
| | | | नर्सिङ पाँचौ/छैठौ/सातौ | १ | | | १ |

| क.सं. | शाखा | उपशाखा/इकाईहरु | पद नाम | तहगत दरवन्दी संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | अधिकृत | सहायक | श्रेणी विहिन | जम्मा |
| | | | अ.न.मि. चौथो/पाचौ/छैठौ | १ | २ | | ३ |
| | | | ल्याव टेक्निसियन चौथो/पाँचौ/छैठौ | १ | | | १ |
| | | | कार्यालय सहयोगी | | | २ | २ |
| | | ख. आयुर्वेद औषधालय | अधिकृत (कविराज) छैठौ/सातौ ( स्वा.से. आयुर्वेद) | १ | | | १ |
| | | | बैद्य सहायक चौथो/पाँचौ | | १ | | १ |
| | | | कार्यालय सहयोगी | | | १ | १ |
| | | ग. स्वास्थ्य चौकी (३ वटा) | अधिकृत (छैठौ) (स्वा.से. हे.ई.) | ३ | | | ३ |
| | | | अधिकृत (छैठौ) (स्वा.से. क.न.) | ३ | | | ३ |
| | | | सहायक (पाँचौ) (स्वा.से., हे.ई.) | | ६ | | ६ |
| | | | सहायक (चौथो) (स्वा.से., हे.ई.) | | ३ | | ३ |
| | | | सहायक (चौथो) (स्वा.से. क.न.) | | ३ | | ३ |
| | | | कार्यालय सहयोगी | | | ३ | ३ |
| | **जम्मा** | | | **१४** | **१८** | **६** | **३८** |
| ५ | उ) आर्थिक प्रशासन शाखा | १.आर्थिक प्रशासन शाखा | अधिकृत छैठौ/सातौ/आठौं (लेखा) | १ | | | १ |
| | | | सहायक पाँचौ (लेखा) | | १ | | १ |
| | | २. राजश्व उपशाखा | सहायक पाँचौ. (प्र.) | | १ | | १ |
| | **जम्मा** | | | **१** | **२** | **०** | **३** |
| ६ | ऊ) आर्थिक विकास शाखा | १. कृषि विकास उपशाखा | कृषि विकास अधिकृत सातौ/आठौं (कृषि) | १ | | | १ |
| | | | प्राविधिक सहायक (प्रा.स.), (प्रा.कृ) (कृषि) पाचौ | | २ | | २ |
| | | | नायब प्राविधिक सहायक ( ना.प्रा.स.), (प्रा.) चौथो (कषि) | | १ | | १ |
| | | २. पशुपंक्षी विकास उपशाखा | पशु विकास अधिकृत वापशु चिकित्सक सातौ/आठौं (पशु) | १ | | | १ |
| | | | पशु सेवा/पशु स्वास्थ्यप्राविधिक | | १ | | १ |
| | | | नायब प्राविधिक सहायक ( ना.प्रा.स.), (प्रा.) (पशु) चौथो | | १ | | १ |
| | | | नायव पशु स्वास्थ्य प्राविधिक चौथौ | | १ | | १ |

| क.सं. | शाखा | उपशाखा/इकाईहरु | पद नाम | तहगत दरवन्दी संख्या | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | अधिकृत | सहायक | श्रेणी विहिन | जम्मा |
| | | ३. सहकारी, उद्योग तथा रोजगार प्रवर्द्धन उपशाखा | सहायक पाँचौ (प्र.) | | १ | | १ |
| | **जम्मा** | | | २ | ७ | ० | ९ |
| ७ | आन्तरिक लेखापरीक्षण शाखा | १. आन्तरिक लेखापरीक्षण इकाई | आन्तरिक लेखापरिक्षक (सहायक पाँचौ) | | १ | | १ |
| | **जम्मा** | | | ० | १ | ० | १ |
| क | **गाउँपालिकामा रहने जम्मा कर्मचारी** | | | २३ | ४८ | १५ | ८६ |
| | वडा कार्यालय तर्फ | वडा कार्यालय | वडा सचिव सहायक (प्र.) पाँचौ | ० | ७ | | ७ |
| | | | कार्यालय सहायक (प्र.) तेस्रो/चौथो | | ७ | | ७ |
| | | | कार्यालय सहयोगी | | | ७ | ७ |
| ख | **वडा कार्यालयमा रहने कर्मचारी जम्मा** | | | ० | १४ | ७ | २१ |
| | **कुल दरवन्दी सख्या (क र ख) को जम्मा** | | | २३ | ६२ | २२ | १०७ |

माथी उल्लेखित संगठन संरचनामा अधिकृत स्तर २३ जना, सहायक स्तर ६२ जना र सहयोगी स्तरका २२ जना गरी जम्मा १०७ जना दरबन्दी रहने गरी संगठन संरचना प्रस्ताव गरिएको छ । पद तथा कार्यस्थल अनुसार केन्द्र, वडा तथा सेवा केन्द्रमा रहने पदहरु र संख्या यसमा उल्लेख गरिएको छ । नगर प्रहरी, क्म्प्युटर अपरेट, हलुका सवारी चालक, दमकल भएमा फायरम्यान र हेवी सवारी चालक तथा कार्यालय सहयोगी जस्ता श्रेणी विहिन कर्मचारीहरु आवश्यकता अनुसार करारमा नियुक्त गर्न सकिने छ ।

## ५.२. प्रस्तावित दरवन्दी बमोजिम वार्षिक खर्च अनुमान

शुद्धोधन गाउँपालिकाको लागि प्रस्तावित नयाँ दरवन्दी बमोजिम वार्षिक नियमित तलब, भत्ता वापत करिब ५ करोड २० लाख लाग्ने अनुमान गरिएको छ । प्रस्तावित तहगत दरवन्दी संख्या र साविकको न्युनतम तलब स्केल, सरदर ग्रेड रकम, वीम, सञ्चयक कोष, महँगी भत्ता, पोषाक भत्ता, चाडपर्व खर्च लगायतका नियमानुसारका न्युनत रकम जोड गरी वार्षिक खर्च अनुमान गरिएको छ । तहगत रुपमा दरवन्दी संख्या र वार्षिक खर्च अनुमानको विवरण देहाय बमोजिम रहेको छ ।

| क स | तह | दरवन्दी सँख्या | एक जनाको वार्षिक जम्मा खर्च | तहगत रुपमा हुने वार्षिक कुल रकम |
|---|---|---|---|---|
| १ | आठौ | ४ | ६९१३९६ | २७६५५८४ |
| २ | सातौ | ५ | ६५४६५४ | ३२७३२७० |
| ३ | छैठौ | १४ | ६३५०५८ | ८८९०८१२ |
| ४ | पाँचौ | ४१ | ५१७३४० | २१२१०९४० |
| ५ | चौथो | २१ | ४७३४६२ | ९९४२७०२ |
| ७ | श्रेणी विहिन | ३ | २९६१३० | ८८८३९० |
| ८ | श्रेणी विहिन | ३ | २७८८४० | ८३६५२० |
| ९ | श्रेणी विहिन | १६ | २६३२४० | ४२११८४० |
|  | **जम्मा** | **१०७** |  | **५२०२००५८** |

यसको विस्तृत विवरण अनुसूची २ मा उल्लेख गरिएको छ ।

## ५.२. प्रस्तावित दरबन्दी विवरणको व्याख्या

### (१) सामान्य प्रशासन शाखा र यस अन्तर्गतका उपशाखाहरु :

यस शाखाको नेतृत्व प्रशासन समुहको सातौ तहको अधिकृतबाट हुनेछ । शाखा प्रमुखको मातहतमा सहायक पाँचौ तहको कर्मचारी १ जना रहनेछन् । गाउँ कार्यपालिकाको कार्यालय भित्रका सवै हलुका सवारी चालक र कार्यालय सहयोगी यसै शाखा मातहत राखि कार्यचाँप अनुसार अन्य शाखाहरुमा खटाउने र निजहरुलाई तोकिएको शाखाहरु फेरबदल गर्ने व्यवस्था हुनेछ । यसैगरी सार्वजनिक खरिद तथा सम्पत्ति व्यवस्थापन इकाई (जिन्सी इकाई) मा एक जना सहायक पाँचौ तहको कर्मचारीको दरबन्दी प्रस्ताव गरिएको छ । वर्तमान कार्यबोझको आधारमा हाललाई एक जना सहायक स्तरको कर्मचारीबाट इकाई संचालन गर्न सकिने देखिन्छ । यस शाखा अन्तर्गत रहने कानुनी मामिला इकाईमा एक जना सहायक पाँचौ (न्याय) तहको कर्मचारी व्यवस्थापन गर्न उपयुक्त हुने गरी प्रस्ताव गरिएको छ । न्यायिक समितिको सवै काममा यो इकाईले सहयोग पुऱ्याउनु पर्दछ । गाउँपालिकामा रहने नगर (यहाँ नगर प्रहरी नै उल्लेख गरिएको छ) प्रहरी ईकाइमा १ जना प्रहरी इन्चार्ज (पाँचौ) र ३ जना नगर प्रहरी जवान हुने व्यवस्था गर्न प्रस्ताव गरिएको छ । सोधपुछ र दर्ता चलानी ईकाइमा १ जना कर्मचारी हुन उपयुक्त देखिन्छ । निज कर्मचारीको अनुपस्थितीमा प्रशासन शाखाको सहायक कर्मचारीलाई जिम्मेवारी दिन वा अन्य शाखाका कर्मचारीबाट सेवा प्रवाह हुन उपयुक्त देखिन्छ ।

### (२) योजना तथा अनुगमन शाखा र यस अन्तर्गतका इकाईहरु :

यस शाखा अन्तर्गत अर्को महत्वपूर्ण इकाईको रुपमा योजना तथा अनुगमन उपशार्खा रहने छ जहाँ अधिकृत छैठौं/सातौ र सहायक पाँचौ (प्र.) पद रहने प्रस्ताव गरिएको छ । यस शाखा अन्तर्गत सूचना तथ्याँक व्यवस्थापन उपशाखा रहनेछ जहाँ सूचना प्रविधि अधिकृत (छैठौं) वा कम्प्युटर अपरेटर वा सहायक पाँचौ (प्र.) एक जना पद रहने प्रस्ताव गरिएको छ ।

### (३) पूर्वाधार विकास शाखा र यस अन्तर्गतका इकाईहरु :

यो शाखालाई गाउँपालिकाको समग्र पूर्वाधार विकासको लागि मुख्य प्राविधिक व्यवस्थापनको शाखाको रुपमा संगठन संरचनामा प्रस्ताव गरिएको छ । ईन्जिनियरिङ सेवाकै दुई जना मध्ये वरिष्ठतम इन्जिनियरले शाखाको नेतृत्व रहने प्रस्ताव गरिएको छ । यो शाखा अन्तर्गत सडक तथा अन्य पूर्वाधार विकास इकाइ, भवन तथा वस्ती विकास इकाई र वातावरण, सरसफाइ एवं विपद् व्यवस्थापन इकाईगरी तीन वटा इकाई रहने व्यवस्था गरिएको छ । सार्वजनिक निर्माण इकाईले भवन बाहेका पालिकाको सम्पूर्ण निर्माण कार्यमा प्राविधिक सहयोग उपलब्ध गराउनेछ । यस इकाईमा १ जना इन्जिनियर छैठौं/सातौ (प्रा.) (सिभिल, जनलर, वि.आ./स्यानीटरी/ सिंचाई/हाइवे) वा इन्जिनियर छैठौं/सातौ रहनेछन् । त्यसैगरी सव ईजिजियर सहायक पाँचौ १ र ३ जना असिस्टेण्ट सव इन्जिनियर रहने प्रस्ताव गरिएको छ । एक जना असिष्टेन्ट सव ईन्जिनियरलाई दुई वटा वडा कार्यक्षेत्र तोकि वडामा नै मुकाम तोकेर परिचालन गर्दा प्रभावकारी हुने देखिन्छ । गाउँपालिका भित्र हुने भवन निर्माणको ईजाजत दिने, भवन संहित पालना गराउन र व्यवस्थित बस्ती विकासको काम गर्ने गरी प्रस्ताव गरिएको भवन तथा वस्ती विकास उपशाखामा ईन्जिनियर (प्रा.) छैठौं/सातौ सिभिल/जनरल/वि.आ.) वा इन्जिनियर छैठौं/सातौ तहको १, सव ईजिजियर सहायक पाँचौ तहको १ तथा असिष्टेण्ट सव इन्जिनियर चौथो तहको १ जना प्रस्ताव गरिएको छ । त्यसैगरी सर्वेक्षक/अमिन, सहायक चौथो/पाँचौ तहको दरवन्दी प्रस्ताव गरिएको छ । यस शाखा अन्तर्गत रहने वातावरण, सरसफाई एवं विपद् व्यवस्थापन उपशाखामा सहायक

पाँचौ/चौथो (प्र.) तहको १ जना र सहायक पाँचौ (प्र.) १ जनाको दरबन्दी प्रस्ताव गरिएको छ । बढ्दो शहरीकरणले ल्याउने फोहोरमैला व्यवस्थापन र विपद् जोखिम व्यवस्थापन एवं बैकल्पिक उर्जाको प्रवर्द्धन यस इकाईले गर्नेछ। गाउँपालिका भित्र हुने भवन निर्माणको ईजाजत दिने, भवन संहित पालना गराउन र व्यवस्थित बस्ती विकासको काम गर्ने गरी प्रस्ताव गरिएको भवन तथा वस्ती विकास इकाईमासब ईन्जिनियर रा.प. अनं. प्रा. (सिभिल/जनरल/वि.आ.) वा इन्जिनियर छैठौ/सब इन्जिनियर पाँचौ तहको १ जना र सर्वेक्षक, रा.प. अनं. प्र. (प्रा.) वा सहायक (प्रा.) पाँचौ तहको १ जनाको दरबन्दी प्रस्ताव गरिएको छ।

### (४) शिक्षा, युवा तथा खेलकुद विकास शाखा र यस अन्तर्गतका इकाईहरुः

यस शाखामा मुख्यगरी वाल विकास केन्द्र, विद्यालय, खेलकुद/केन्द्र, युवा विकास समिति, स्थानीय स्तरका प्राविधिक तथा व्यवसायि तालिम केन्द्र आदि कार्यक्षेत्र रहनेछन्। यस शाखाको नेतृत्व अधिकृत छौठौ/सातौ/आठौं (शिक्षा) १ तहको अधिकृतले गर्नेछ । अधिकृतको मातहतमा १ जना प्राविधिक सहायक पाँचौ तहको सहायक कर्मचारी रहनेछन्।

यस शाखाको मातहतमा महिला, वालवालिका तथा समाज कल्याण उपशाखा पनि रहनेछ। गाउँपालिका क्षेत्रमा महिला, वालवालिका तथा समाजकल्याण सम्बन्धी कार्य गर्ने मुख्य जिम्मेवारी यस शाखाको रहनेछ जहाँ महिला विकास निरिक्षक सहायक पाँचौ (विविध)/सहायक महिला विकास निरिक्षक (वि.) तहको कर्मचारी रहने गरी प्रस्ताव गरिएको छ।

### (५) स्वास्थ्य तथा सामाजिक विकास शाखार यस अन्तर्गतका इकाईहरुः

गाउँपालिकाको धेरै जनशक्ति रहने अर्को मुख्य शाखाको रुपमा स्वास्थ्य तथा सामाजिक विकास शाखा रहने छ । यस शाखा अन्तर्गत समग्र स्वास्थ्य क्षेत्रको सेवा प्रबन्ध गर्नुको साथै प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरु (३ वटा), आर्युवेद औषधालय रहने छन्। शाखा प्रमुखको रुपमा जनस्वास्थ्य अधिकृत सातौ/आठौं तहका अधिकृत रहने भने अधिकृत (छैठौ) स्वास्थ्य सेवा क.न/ज.न. को अर्को एउटा दरवन्दी रहने प्रस्ताव गरिएको छ । यस शाखा अन्तर्गत रहने हरेक स्वास्थ्य चौकीहरुमा अधिकृत (छैठौ) स्वा.से. हे.ई. १ जना, अधिकृत (छैठौ) स्वा.से. क.न. १ जना, सहायक (पाँचौ) स्वा.से., हे.ई. २ जना, सहायक (चौथो) स्वा.से., हे.ई. १ जना, सहायक (चौथो) स्वा.से., क.न. र कार्यालय सहयोगी १ गरी ६ जनाको दरबन्दी प्रस्ताव गरिएको छ। प्राथमिक स्वास्थ्य केन्द्रमा स्वास्थ्य चिकित्सक (साता/आठौं १, वरिष्ठ अस्पताल नर्सिड निरीक्षक अधिकृत सातौ १, सि.अ.हे.ब. अधिकृत छैठौ १ दरवन्दी प्रस्ताव गरिएको छ । त्यसैगरी हेल्थ असिस्टेण्ट (सहायक पाँचौ) १, स्टाफ नर्स २ र ल्याव टेक्निसियन १ जनाको दरवन्दी रहनेछ। त्यस्तै सामाजिक सुरक्षा तथा पन्जिकरण इकाईमा ना.सु.रा.प.अनं.प्र.(प्र.)/महिला विकास निरिक्षक/रा.प.अनं. प्र.(विविध)/ खरिदार रा.प.अनं. द्धित्तीय (प्र.)/सहायक महिला विकास निरिक्षक, रा.प.अनं. द्धि.(वि.) वा सहायक स्तर पाँचौ/चौथो १ जना दरवन्दी रहने गरी प्रस्ताव गरिएको छ। महिला, वालवालिका तथा समाज कल्याण इकाईमा ना.सु.रा.प.अनं.प्र.(प्र.)/अधिकृत छैठौ/सहायक पाँचौ पद रहने गरी प्रस्ताव गरिएको छ।

### (६) आर्थिक तथा राजश्व प्रशासन शाखा र यस अन्तर्गतका इकाईहरुः

अधिकृत सातौं (लेखा) को नेतृत्वमा रहने यस शाखा अन्तर्गत राजश्व प्रशासन उपशाखा र आर्थिक प्रशासन शाखा गरी २ वटा इकाईहरु रहने प्रस्ताव गरिएको छ। सो अनुसार राजश्व इकाईमा प्रशासन समुहको सहायक

पाँचौ तहको कर्मचारी दरबन्दी प्रस्ताव गरिएको छ भने आर्थिक प्रशासन इकाईमा लेखापाल सहायक पाँचौ १ जनाको दरवन्दी प्रस्ताव गरिएको छ ।

### (७) आर्थिक विकास शाखा र यस अन्तर्गतका इकाईहरु :

आर्थिक विकास शाखा अन्तर्गत कृषि विकास इकाई, पशुपंक्षी विकास इकाई र सहकारी, उद्योग तथा रोजगार प्रवर्द्धन इकाईरहने गरी प्रस्ताव गरिएको छ । कृषि विकास अधिकृत वा पशुपंक्षी विकास अधिकृत मध्ये वरिष्ठतम अधिकृतले शाखाको नेतृत्व गर्ने गरी प्रमुख प्रशासकीय अधिकृतले शाखा प्रमुख तोक्न सक्ने व्यवस्था रहन उपयुक्त देखिन्छ । कृषि विकास इकाईमा कृषि विकास अधिकृत (सातौ/आठौं) एक जना र प्राविधिक सहायक (प्रा.स. पाँचौ) २ जना, पशुपन्छी विकास इकाईमा पशु विकास अधिकृत (सातौ/आठौं) १ जना र प्राविधिक सहायक ( प्रा.स. पाँचौ) २ जना रहने गरी तोक्न उपयुक्त देखिन्छ। सहकारी, उद्योग तथा रोजगार प्रबर्द्धन इकाईमा सहायक पाँचौ तहको दरवन्दी व्यवस्था गर्न उपयुक्त देखिन्छ । यस इकाईले व्यवसाय तथा सार्वजनिक नीजि साझेदारी क्षेत्रका समेत जिम्मेवारी सम्हाल्ने छ ।

### (८) आन्तरिक लेखापरीक्षण शाखा

आन्तरिक लेखापरीक्षण इकाईलाई प्रमुख प्रशासकीय अधिकृतको प्रत्यक्ष मातहतमा राखिएको छ । यस इकाईमा एक जना आन्तरिक लेखापरीक्षक सहायक पाँचौ तहको दरबन्दी प्रस्ताव गरिएको छ ।

### (९) वडा कार्यालयहरु :

प्रशासन तथा जनशक्ति विकास शाखा अन्गर्तत वडा कार्यालयहरु रहने गरी सबै ७ वटा वडाहरुमा सहायक पाँचौ तहका वडा सचिव, सहायक चौथो तहका सहयोगी कर्मचारी, र सवै वडामा १/१ जना कार्यालय सहयोगी दरबन्दी प्रस्ताव गरिएको छ ।

## ५.३. प्रस्तावित दरबन्दीको निश्कर्ष

कर्मचारी समायोजन ऐन, २०७५ अनुसार समायोजन भएका निजामती कर्मचारी, अन्य सरकारी सेवाका कर्मचारी तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ अनुसार साविकमा सोहि स्थानीय निकायमा कार्यरत रही समायोजन भएका कर्मचारी र जिल्ला समन्वय समितिको कार्यालयमा कार्यरत मध्ये समायोजन भई आएका कर्मचारी हाल गाउँपालिकामा कार्यरत रहेका छन् । कर्मचारी समायोजन ऐन, २०७५ अनुसार कर्मचारी समायोजन प्रयोजनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको संगठन संरचना तथा दरवन्दीलाई आधार रुपमा लिईएको छ । नेपाल सरकारले निर्धारण गरेको अन्तरिम संगठन संरचना र गाउँपालिकामा हाल कार्यरत कर्मचारीहरुको तादाम्यता मिलाउन प्रयास गरिएको छ । नेपालको संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा प्रचलित कानून अनुसार स्थानीय तहको कार्य जिम्मेवारी तथा अधिकार ध्यान दिदै स्थानीय तहको कार्यबोझ, राजश्व क्षमता, खर्चको आकार, स्थानीय आवश्यकता र विशिष्टता मध्यनजर गरी उल्लेखित कानूनी आधारमा रहेर नयाँ संगठन संरचना र दरबन्दीको सिफारिस गरिएको छ । कतिपय शाखाको जिम्मेवारी तथा कार्यविवरण यथावत राखि त्यसमा कार्यरत कर्मचारीलाई नै थप दक्षता सहित उत्प्रेरित गराएमा विषय, कार्यक्षेत्र र काम कार्वाहीलाई यथावत् रुपमा निरन्तरता दिन सकिने अवस्था रहेको देखिन्छ । गाउँपालिकाको काममा सिर्जनात्मकतालाई विस्तार गरी श्रोत साधन बढाउने र आन्तरिक वृत्ति विकास योजनाको लक्षित मार्गलाई समेट्नी गरी थप दरवन्दीको राख्न सकिने देहिन्छ ।

## ५.४. गाउँपालिकामा रहने विषयगत शाखा, इकाईहरु तथा सोको कार्य विवरण (JD)

## अ. सामान्य प्रशासन शाखा

१. स्थानीय सेवाको व्यवस्थापन सम्बन्धी नीति, मापदण्ड, सेवा शर्त, योजना कार्यान्वयन र नियमन,
२. संगठन विकास, संगठन संरचना तथा दरबन्दी निर्धारण, जनशक्ति व्यवस्थापन, क्षमता विकास र वृत्ति विकास,
३. संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिम सहमन्वय तथा सहभागिताको व्यवस्थापन,
४. वडा कार्यालयहरुसँग सम्पर्क, समन्वय र सहजिकरण,
५. सार्वजनिक खरिद, तथा गाउँपालिकाको स्वामित्वमा रहेको सम्पत्तिको अद्यावधिक अभिलेख व्यवस्थापन,
६. सबै महाशाखासँग समन्वय गरि बार्षिक खरिद योजना तयारी,
७. नगर प्रहरीको सञ्चालन तथा व्यवस्थापन नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
८. गाउँसभा तथा गाउँकार्यपालिकाको बैठक व्यवस्थापन र अन्य सभा समारोह सम्बन्धि कार्य,
९. कर्मचारीहरुको कार्य सम्पादन मुल्यांकन व्यवस्थापन,
१०. आफु मातहतका इकाइहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण,
११. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव चैत्र मसान्तभित्र तयार गरि योजना तथा भुमी प्रशासन शाखामा पठाउने,
१२. गाउँपालिका तथा वडाको लागि नागरिक वडा पत्र तयारी तथा हरेक वर्ष अद्यावधिक,
१३. आफ्नो शाखासँग सम्बन्धित सम्पुर्ण निर्णयहरु तथा गाउँपालिकाले गरेका दीर्घकालिन महत्वका सबै सम्झौताहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने,
१४. स्थानीय उत्सव, जात्रा आदिको व्यवस्थापन तथा उपाधी तथा विभुषण सम्बन्धी सिफारिसको अन्य अभिलेख राख्ने,
१५. आर्थिक प्रशासन महाशाखाको समन्वय र सहकार्यमा ऋण लिने र तिर्ने क्षमताको विश्लेषण
१६. भुमि प्रशासन सम्वन्धी कार्य,
१७. भू-उपयोग नीति, योजना, कार्यक्रमको तर्जुमा
१८. स्थानीय सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
१९. फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
२०. अन्य शाखा तथा इकाइमा नपरेका सबै कामहरु गर्ने ।

### (क) प्रशासन तथा जनशक्ति विकास इकाई

१. कर्मचारीहरुको अद्यावधिक विवरण तयारी गर्ने,
२. क्षमता विकास सम्बन्धी कार्यक्रमहरुको प्रस्ताव तयारी,
३. कार्यपालिका, गाउँ सभाको बैठक तथा अन्य सभा समारोह व्यवस्थापन,
४. कार्य सम्पादन मूल्यांकनको अभिलेख व्यवस्थापन,
५. कर्मचारीको व्यवस्थापन, सरुवा, वृद्धि विकास, दण्ड, पुरस्कारको लागि सिफारिस,
६. दैनिक हाजिरी नियन्त्रण,
७. कानून बमोजिमका पदाधिकारी तथा कर्मचारीहरुको सम्पत्ति विवरण पेश गर्न सूचित गर्ने,
८. गाउँपालिकाबाट भएको सिफारिससँग सम्बन्धित सिफारिस पत्रको अभिलेख राख्ने,
९. कार्यालयको दर्ता चलानी नियन्त्रण, व्यवस्थापन,

१०. प्रमुख, उपप्रमुख तथा प्रमुख प्रशासकीय अधिकृतको सचिवालय व्यवस्थापन सम्बन्धी कार्य गर्ने,
११. आफ्नो शाखासंग सम्बन्धित परामर्श सेवा सम्बन्धि कामको लागि कार्यशर्त तयारी,
१२. वडा कार्यालय र गाउँपालिका कार्यालयबीच आपसी समन्वय तथा संचार,
१३. संघ तथा प्रदेश तहमा संविधान तथा कानून बमोजिमको समन्वय तथा सहभागिताको व्यवस्थापन,
१४. अर्न्तराष्ट्रिय संघ संस्था, दातृ निकायसँग सम्पर्क तथा सहयोगका लागि सहजिकरण,
१५. जिल्ला समन्वय समितिसँगको समन्वय,
१६. दस्तावेज तथा अन्य सामग्री अनुवाद सम्बन्धी कार्य,
१७. भगिनी सम्बन्ध सम्बन्धी कार्य, अर्न्तराष्ट्रिय संघ संस्थाहरुसँगको सम्पर्क, सदस्यता, समन्वय,
१८. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

**(ग) सार्वजनिक खरिद तथा सम्पती व्यवस्थापन इकाई (जिन्सी इकाई)**

१. गाउँपालिकाको लागि सार्वजनिक खरिद तथा अन्य बन्दोबस्तीका सामानको आवश्यकता पहिचान गरी वार्षिक खरिद योजना तयार गर्ने,
२. विभिन्न प्रकारका वस्तु तथा सेवा आपूर्ति गर्न इच्छुक व्यक्ति, संस्था, कम्पनी लगायतको सूची अद्यावधिक गराउने,
३. हरेक आर्थिक वर्षको सुरुमै अनुमान गरिएका आवश्यक सामानहरुको दररेट माग गरी स्वीकृत गराई राख्ने,
४. गाउँपालिकाभित्रको सरकारी सम्पत्ति, आफ्नो स्वामित्वमा रहेको भवन लगायत स्थिर सम्पत्तिको अभिलेख राख्ने र नियमित रुपमा अद्यावधिक गर्ने,
५. लिलाम गर्नुपर्ने तथा मर्मत गर्नुपर्ने सामानको प्रत्येक वर्षको पहिलो चौमासिकमा विवरण तयार गरी लिलाम गर्नुपर्ने लिलाम गर्ने प्रक्रिया अघि बढाउने, मर्मत गर्नुपर्ने सामानको लागत अनुमान तयार गरी मर्मतको लागि पेश गर्ने,
६. कार्यालयको नाममा रहेका सम्पूर्ण सवारी साधनको अद्यावधिक विवरण तयार गरी मर्मत गर्नुपर्ने, लिलाम गर्नुपर्ने देखिएका सवारी साधनको सोही बमोजिम प्रक्रिया अगाडि बढाउने,
७. खरिद गर्नुपर्ने देखिएका सामानहरु समयमा नै खरिद गरी कार्य सञ्चालनमा अभाव नहुने व्यवस्था मिलाउने,
८. प्रचलित कानून बमोजिम प्रत्येक वर्ष जिन्सी निरीक्षण गराउने,
९. कार्यालयका लागि आवश्यक जिन्सी सामानकोव्यवस्थापन, भण्डार दाखिला, निकासी,
१०. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

**(घ) कानुनी मामिला इकाई**

१. कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, नियम तथा कानूनको मस्यौदामा संयोजन र समन्वय,
२. न्याय, कानून, मानव अधिकार प्रदर्द्धन तथा मेलमिलाप र मध्यस्थता, निर्णय तथा फैसला कार्यान्वयन
३. स्थानीय शान्ति समिति सम्बन्धी कार्यहरु,
४. न्यायिक समितिको सचिवालय सम्बन्धी कार्य,
५. मानव अधिकारको संरक्षण तथा प्रर्वधन सम्बन्धी कार्य,
६. व्यक्ति र समुदायबीच मेलमिलाप र मध्यस्थताको अभिलेख व्यवस्थापन,
७. न्यायिक समितिको निर्णय तथा फैसला कार्यान्वयन,
८. न्यायिक प्रतिरक्षा एवं पूर्वपक्षसँग सम्बन्धित कार्यको व्यवस्थापन र सहजिकरण,

९. नीति, कानूनको प्रमाणिक प्रतिको संरक्षण, प्रकाशन र अभिलेख,
१०. कार्यालयको कामको सन्दर्भमा कानूनी राय तथा परामर्श सम्बन्धी कार्यहरु,
११. ऐन, नियम, कार्यविधि, आदेश, निर्देशन, मापदण्डको प्रमाणिकरण व्यवस्थापन, राजपत्र प्रकाशन र अभिलेख व्यवस्थापन,
१२. विधायन सम्वन्धी अन्य कार्य,
१३. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

**(ङ) सामाजिक सुरक्षा एवं पन्जिकरण इकाई**

१. आधुनिक प्रविधिमार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री) को व्यवस्थापन गर्ने,
२. सबै वडाबाट हुने व्यक्तिगत घटना सम्बन्धी अभिलेखको व्यवस्थापन तथा मासिक प्रतिवेदन तयार गर्ने,
३. ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्यमा सहजिकरण गर्ने,
४. ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन गर्ने,
५. सङ्घ तथा प्रदेशसँगको समन्वयमा अपाङ्गता पुनःस्थापना केन्द्र तथा असक्त स्याहार केन्द्रको सञ्चालन र व्यवस्थापनमा सहजिकरण गर्ने,
६. अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण सम्बन्धी कार्य गर्ने,
७. अपाङ्गता भएका व्यक्तिमैत्री पूर्वाधार निर्माण तथा सञ्चालन गर्न पहलकदमी गर्ने,
८. विधवा तथा एकल महिलालाई लक्षित गरी सहयोग पुग्ने कार्यको पहिचान,
९. सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन, सञ्चालन, अभिलेख व्यवस्थापन र प्रतिवेदन,
१०. सामाजिक सुरक्षा सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड निर्धारण
११. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

**(च) नगर प्रहरी इकाई**

१. नगर प्रहरी परिचालन,
२. नगर प्रहरी परिचालनसम्बन्धी नीति, कानून, मापदण्ड, निर्णयहरु कार्यान्वयनमा सहयोग,
३. सार्वजनिक सम्पत्तिको संरक्षण,
४. पालिकामा हुने सभा समारोह, परम्परा तथा जात्रा चाडपर्वको व्यवस्थापनमा सहयोग,
५. स्थानीय वजार, हाट बजार व्यवस्थापन तथा पार्किङ्ग स्थलको व्यवस्थापनमा सहयोग,
६. नगर प्रहरी सम्बन्धी कार्यपालिकाले तोके बमोजिमका नीति, योजना र कार्यक्रम कार्यान्वयन,
७. नगर बस्ती सरसफाई सम्बन्धी मापदण्डको कार्यान्वयन र कसूर उपर छानविन र अनुसन्धान,
८. कार्यालयका सवारी साधनको अभिलेख राख्ने,
९. सवारी प्रयोगको लगबुक नियमित रुपमा प्रमाणित गराई राख्ने,
१०. स्थानीय न्यायिक समितिले गरेका आदेश, फैसला कार्यान्वयनमा सहयोग,
११. कार्यालय परिसर, सम्पदा, सार्वजनिक, ऐलानी, पर्ति जग्गा, सार्वजनिक भवन तथा भौतिक पूर्वाधारको संरक्षण र सुरक्षा,

१२. अनधिकृत विज्ञापन तथा होडिङबोर्ड नियन्त्रण,
१३. छाडा पशु चौपायाको नियन्त्रण
१४. विपद् व्यवस्थापनमा सहयोग,
१५. अपराध रोकथाम तथा अनुसन्धानमा सहयोग,
१६. फूटपाथ व्यवस्थापन,
१७. इरिक्सा, रिक्सा, टेम्पु जस्ता साना सवारी साधनको अनुमति, व्यवस्थापन र नियमन,
१८. अनधिकृत निर्माण तथा सार्वजनिक सम्पत्ति अतिक्रमण रोकथाम तथा नियन्त्रण,
१९. गुणस्तर नियन्त्रणमा सहयोग,
२०. नगर प्रहरी सम्बन्धी तोकिएका अन्य कार्य ।

**(छ) दर्ता चलानी तथा नागरिक सहयोग इकाई**

१. कार्यालयमा प्राप्त एवं कार्यालयबाट बाहिर पठाउने चिट्ठी पत्रहरुको दर्ता तथा चलानी गर्ने र सोको व्यवस्थित अभिलेख राख्ने,
२. कार्यालयमा आउने सेवाग्राहीहरुलाई आवश्यक सूचना उपलब्ध गराउने, सेवाग्राहीका समस्या बुझ्ने र आवश्यक सहजिकरण गर्ने,
३. तोकिएका अन्य कार्य गर्ने ।

**आ. योजना तथा अनुगमन शाखा**

१. गाउँ कार्यपालिका तथा सभामा पेश गर्नुपर्ने विभिन्न नीति, ऐन, नियम तथा कानूनको मस्यौदा तयारीमा महाशाखागत समन्वय र संयोजन,
२. सबै शाखासँग समन्वय गरि नगरको लागि आवश्यक बजेट अनुमान तयार गर्ने तथा आगामी बर्षको लागि कार्यक्रमको खाका बैशाख ५ गतेभित्र तयार गरि प्रमुख प्रशासकिय अधिकृतलाई उपलब्ध गराउने,
३. बजेट सीमा निर्धारण र बजेट तर्जूमा,
४. गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको तर्जुमा
५. कार्यपालिका तथा गाउँ सभाका निर्णयहरु अभिलेखीकरण, प्रकाशन तथा कार्यान्वयनका लागि सम्प्रेषण,
६. वार्षिक योजना तथा कार्यक्रमको अनुगमन तथा मुल्याँकन
७. विषयगत स्थानीय क्षेत्रगत नीति, योजना, रणनीतिक, मापदण्ड र कानून तर्जुमा,
८. स्थानीय विकास नीति, आवधिक, रणनीतिक, मध्यकालिन तथा दीर्घकालीन योजना तथा विभिन्न विकास
९. गुरु योजना, मापदण्ड, नीतिको तर्जुमा कार्यान्वयन, अनुगमन तथा मूल्यांकन,
१०. आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन,
११. सहभागितामुलक पद्धतिको अबलम्वन गर्दै वार्षिक विकास कार्यक्रम, आयोजना तर्जुमा, कार्यान्वयन अवस्थाको अनुगमन, मूल्यांकन र पृष्ठ पोषण,
१२. विकासका प्राथमिकता क्षेत्र निर्धारण,
१३. संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
१४. कार्यक्रम तर्जुमा, आवधिक योजना निर्माण, कार्यान्वयनको समिक्षा र पृष्ठ पोषण,
१५. विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा,

१६. विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण,
१७. आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,
१८. विषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन र पृष्ठपोषण

**क. योजना तथा अनुगमन उपशाखा**

१. स्वीकृत बार्षिक योजना अनुसार अन्य शाखा/इकाईसँगको समन्वयमा योजना कार्यक्रमहरुको सम्झौता गर्ने,
२. वडा समितिमार्फत सञ्चालन हुने कार्यक्रमहरुको लागि आवश्यक सहजिकरण गर्ने,
३. उपभोक्ता समितिका लागि प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने,
४. निर्माण व्यवसायी तथा उपभोक्ता समितिहरुको परिचालन, समन्वय र सहजीकरण गर्ने
५. योजना कार्यक्रम हस्तान्तरण गर्ने,
६. सम्पन्न भएका सम्पूर्ण पूर्वाधार सम्बन्धी योजनाहरुको अभिलेख राख्ने,
७. संघ तथा प्रदेशको जिम्मामा परेका बाहेक सबै स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, पुल, झोलुङ्गे पुल, कल्भर्ट र तटबन्धन सम्बन्धी योजनाको अभिलेख राख्ने,
८. शाखा/इकाईहरुवाट कार्य सम्पन्न पश्चात सिफारिश भई आएका योजना तथा कार्यक्रमको भुक्तानीको लागि पेश गर्ने,
९. बजेट सीमा निर्धारण र बजेट तर्जूमा सम्बन्धी कार्य गर्ने
१०. सहभागितामुलक बार्षिक विकास योजना तथा कार्याक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने,
११. गाउँपालिकाको वार्षिक नीति तथा कार्यक्रमको तर्जुमा सम्बन्धी कार्य गर्ने
१२. पालिकाको वार्षिक, आवद्यिक, रणनीतिक, मध्यकालिन तथा दीर्घकालीन योजना तथा विभिन्न विकास गुरु योजना, मापदण्ड, नीतिको तर्जुमा सम्बन्धी काम गर्ने।
१३. विकास आयोजना तथा परियोजना सम्बन्धी नीति, कानून, मापदण्ड, योजना र नियमन,
१४. स्थानीय विकास नीति, अल्पकालीन, मध्यकालीन तथा दीर्घकालीन विकास योजना एवं गुरुयोजना तर्जूमा, अनुगमन तथा मूल्यांकन,
१५. आर्थिक, सामाजिक, साँस्कृतिक, वातावरणीय, प्रविधि र पूर्वाधारजन्य विकासका लागि आवश्यक आयोजना तथा परियोजनाहरूको तर्जुमा, अनुगमन तथा मूल्याङ्कन,
१६. वार्षिक विकास योजना तथा योजना तथा कार्यक्रम तर्जुमा, अवस्थाको अनुगमन, मूल्यांकन र पृष्ठ पोषण,
१७. विकासका प्राथमिकता प्राप्त क्षेत्र निर्धारण,
१८. संघीय र प्रादेशिक आयोजना, परियोजना कार्यान्वयनमा समन्वय, सहजीकरण र सहयोग,
१९. विकास आयोजना तथा परियोजना सम्बन्धी अन्य कार्य,
२०. विकास आयोजनाको अनुगमन, आवधिक प्रगति तथा प्रतिफलको समीक्षा,
२१. विकास योजनाको अनुगमन तथा मूल्यांकनको आधार तथा प्रक्रिया निर्धारण,
२२. आयोजनाको अध्ययन, अनुसन्धान तथा प्रभाव मूल्याङ्कन,
२३. विषयक्षेत्रगत नीतिको अनुगमन तथा मूल्यांकन र पृष्ठ पोषण,
२४. उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
२५. स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,
२६. स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,

२७. उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,

२८. खाद्य पदार्थको गुणस्तर नियन्त्रण,

२९. खानेपानीको गुणस्तर नियन्त्रण,

३०. स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यवस्थापन तथा अनुगमन,

३१. बजार व्यवस्थापन,

३२. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

## ख. सूचना तथा तथ्याङ्क व्यवस्थापन इकाई

१२. आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण,

१३. एक सय वाटसम्मको एफ. एम. रेडियो सञ्चालन अनुमति, नवीकरण,

१४. आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख व्यवस्थापन,

१५. अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग,

१६. सूचना तथा सञ्चार प्रविधिमा सर्वसाधारण जनताको सहज र सरल पहुँच तथा सूचना प्रविधिको विकास र विस्तार सम्बन्धी कार्यक्रम तर्जुमा र कार्यान्वयन,

१७. वैज्ञानिक अध्ययन, अनुसन्धान र प्रविधि विकासमा लगानी प्रवर्द्धन,

१८. सूचनाको हकको प्रचलन,

१९. सूचना तथा सञ्चार प्रविधिमा आधारित तथ्याङ्क व्यवस्थापन,

२०. सूचना केन्द्रको स्थापना र सञ्चालन व्यवस्थापन,

२१. तथ्याङक संकलन, व्यवस्थापन तथा प्रयोग सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन,

२२. सूचना तथा अभिलेख केन्द्रको सञ्चालन,

२३. स्थानीय तथ्याङक संकलन, प्रशोधन, अभिलेखीकरण तथा वितरण,

२४. आधारभूत तथ्यांक संकलन र व्यवस्थापन : जनसाङ्ख्यिक, प्राकृतिक, आर्थिक, सामाजिक, सांस्कृतिक, भौतिक पूर्वाधार, रोजगारीको अवस्था, कूल ग्राहस्थ्य उत्पादन, प्रतिव्यक्ति आय, मानव विकास सूचकाङ्क, राजश्व तथा आयव्यय समेतको तथ्याङ्क सङ्कलन र प्रशोधन गरी सूचना प्रणालीमा आवद्धता र पार्श्व चित्र तथा श्रोत नक्साको अद्यावधिक एवं अभिलेख,

२५. कार्यालयसँग सम्बन्धित सबै किसिमका तथ्यांकहरुको एकीकरण तथा वितरण,

२६. प्रदेश तथा संघसँग तथ्यांक एवं सूचना आदानप्रदान र समन्वय,

२७. सम्भाव्य प्राकृतिक श्रोत तथा साधनको अभिलेख (प्रोफाईल) व्यवस्थापन,

## ङ. पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा

१. स्थानीय सडक तथा यातायात सम्बन्धी मापदण्डको कार्यान्वयन तथा नियमन

२. स्वीकृत बार्षिक पूर्वाधार सम्बन्धी योजनाहरुको कार्यान्वयन, अनुगमन तथा नियमन,

३. पुर्वाधार विकास सम्बन्धित विकास योजनाको मर्मत, सम्भार,

४. स्थानीय सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,

५. फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,

६. शहरीकरण, बस्ती विकास सम्बन्धीमापदण्डको निर्धारण तथा सो सम्बन्धी योजना, कार्यान्वयन र नियमन,
७. भू-उपयोग नीति, योजनाको कार्यान्वयन,
८. निर्माण व्यवसाय दर्ता, नवीकरण, खारेजी, अनुगमन र नियमन,
९. सिंचाई सम्बन्धी गुरुयोजनाको कार्यान्वयन,,
१०. नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा, सडक बत्ती तथा खानेपानी योजनाको मापदण्डको कार्यान्वयन र नियमन
११. यातायात सुरक्षा व्यवस्थापन र नियमन,
१२. आफ्नो शाखासंग सम्बन्धित परामर्श सेवा सम्बन्धि कामको लागि कार्यशर्त तयारी,
१३. राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम भवन निर्माण, निर्माण अनुमति, अनुगमन र नियमन,
१४. खानेपानी आयोजनाको सञ्चालन, व्यवस्थापन र नियमन तथा सडक बत्तीको व्यवस्थापन,
१५. आधारभूत यातायात सम्बन्धमा प्रदेश सरकारसँग समन्वय,
१६. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरि योजना शाखामा पठाउने,
१७. सार्वजनिक निर्माणको गुणस्तर कायम गर्ने,
१८. वातावरणमैत्री, जलवायु परिवर्तन अनुकूलन, अपाङ्गता र लैङ्गिकमैत्री यातायात प्रणालीको प्रर्वधन,
१९. यातायात क्षेत्रमा लगानी अभिवृद्धि,
२०. यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँच,
२१. यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन,
२२. निजी यातायात नियमन व्यवस्थापन,
२३. आफ्नो शाखासंग सम्बन्धित सम्पुर्ण निर्णयहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने,
२४. गाउँ यातायात गुरुयोजनाको कार्यान्वयन,
२५. शहरीकरण, बस्ती विकास सम्बन्धी नीतिको कार्यान्वयन,
२६. नवीकरणीय उर्जा तथा वैकल्पिक उर्जा, सडक बत्ती तथा खानेपानी सम्बन्धी नीति राणनीतिको कार्यान्वयन,
२७. शहरीकरण, बस्ती विकास सम्बन्धी नीति, कानून, मापदण्डकोकार्यान्वयन,,
२८. आधारभूत आवासका योजनाको कार्यान्वयन
२९. वन, जङ्गल, वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, जलाधार संरक्षण, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
३०. सामुदायिक, ग्रामीण तथा शहरी, धार्मिक, कवुलियती वनको संरक्षण, सम्वर्द्धन, उपयोग र नियमन,
३१. वन उपभोक्ता समूहको व्यवस्थापन,
३२. सामुदायिक, धार्मिक र कबुलियति वनको व्यवस्थापन,
३३. नदी किनार, नदी उकास, दहत्तर, वहत्तर, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
३४. निजी तथा व्यावसायिक वनको प्रबर्द्धन र नियमन,
३५. जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रबर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन,
३६. वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,

३७. वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन,

३८. भूसंरक्षण र जलाधार व्यवस्थापन जन्य सामुदायिक अनुकूलन,

३९. स्वच्छ तथा स्वस्थ वातावरण र जलाधार तथा वन्यजन्तुको संरक्षण व्यवस्थापन सम्बन्धी नीति, कानून, कार्यक्रम तर्जुमा, कार्यान्वयन र नियमन,

४०. वातावरणीय जोखिम न्यूनीकरण,

४१. जलवायू परिवर्तन अनुकुलन कार्यक्रम,

४२. विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन,

४३. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना,

४४. विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,

४५. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,

४६. विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

४७. आफु मातहतका इकाईहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण ।

**(क) सडक तथा अन्य पूर्वाधार विकास उपशाखा**

१. योजनाको पहिलो चौमासिक भित्र इस्टिमेट, डोइङ्ग, डिजाइन तयार गरी सक्ने,

२. सार्वजनिक निर्माण सम्बन्धी योजनाको कार्यान्वयन गरी जेठ मसान्त भित्र अन्तिम भुक्तानीको लागि सिफारिस गरी सक्ने,

३. स्थानीय सडक तथा यातायात सम्बन्धी मापदण्डको कार्यान्वयन गर्ने

४. स्थानीय सार्वजनिक यातायातको रुट निर्धारण, अनुमति, नवीकरण, खारेजी, सेवाको गुणस्तर, भाडा दर निर्धारण सम्बन्धी कार्य गर्ने,

५. पार्किङ्ग स्थलको निर्माण तथा सञ्चालन गर्ने,

६. निर्माण व्यवसाय दर्ता, नवीकरण, खारेज गर्ने

७. सार्वजनिक निर्माणयोजनाहरुको खरिद योजना तयार गरी खरिद एकाइमा उपलब्ध गराउने,

८. पुर्वाधार विकास सम्बन्धित विकास योजनाको मर्मत, सम्भार,

९. स्थानीय यातायात सुरक्षा व्यवस्थापन कायम गराउने,

१०. सार्वजनिक निर्माणको गुणस्तर कायम गर्ने,

११. अन्य सार्वजनिक निर्माण सम्बन्धी कार्यहरु,

१२. यातायात क्षेत्रमा लगानी अभिवृद्धि गर्ने,

१३. यातायात सुविधामा नागरिकको सरल, सहज र समान पहुँचको व्यवस्था गर्ने

१४. यातायात क्षेत्रमा वाताबरणमैत्री प्रविधिलाई प्रोत्साहन गर्ने

१५. निजी यातायात नियमन व्यवस्थापन गर्ने,

१६. स्वीकृत बार्षिक योजना अनुसार खानेपानी तथा सिंचाई सम्बन्धी योजनाहरुको कार्यान्वयन गर्ने,

१७. गाउँपालिकाको जिम्मा रहेका खानेपानी आयोजनाको महसुल निर्धारण र खानेपानी सेवा व्यवस्थापन गर्ने,

१८. योजनाको पहिलो चौमासिक भित्र इस्टिमेट, डोइङ्ग, डिजाइन तयार गरी सक्ने,

१९. योजनाको कार्यान्वयन गरी जेठ मसान्त भित्र अन्तिम भुक्तानीको लागि सिफारिस गरी सक्ने,
२०. पानीको मुहानको संरक्षण गर्ने,
२१. सार्वजनिक स्थलमा पिउने पानी व्यवस्थापन गर्ने,
२२. स्वच्छ खानेपानी आपूर्ति सम्बन्धी अन्य विषय सम्वन्धी काम गर्ने,
२३. खानेपानी तथा सिंचाई सम्वन्धी खरिद योजना तयार गरी खरिद एकाइमा उपलब्ध गराउने,
२४. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

**(ख) भवन तथा बस्ती विकास उपशाखा**

१. राष्ट्रिय भवन संहिता तथा मापदण्ड बमोजिम सुरक्षित सार्वजनिक, सरकारी भवन निर्माणको अनुमतिको लागि सिफारिस, अनुगमन, नियमन,
२. भवन निर्माणको लागि नक्शा स्वीकृति तथा संशोधनको लागि सिफारिस,
३. स्वीकृत नक्साको अद्यावधिक अभिलेख राख्ने,
४. नक्सा स्वीकृत प्रक्रियालाई व्यवस्थित र सरलीकृत गर्न अवम्लवन गर्नु पर्ने विभिन्न उपायहरुको विकल्प सहित विश्लेषण गरी सिफारिस गर्ने,
५. गाउँपालिकाको भोग चलनमा रहेका तथा अन्य सार्वजनिक, ऐलानी, पर्ति जग्गाहरुको अद्यावधिक अभिलेख राख्ने, संरक्षणका योजना बनाउने र संरक्षण सम्बन्धी आवश्यक कार्य गर्ने,
६. भवन मापदण्ड सुधार गर्न आवश्यक अध्ययन अनुसन्धान गराउने,
७. वडा कार्यालयहरुको लागि उपयुक्त हुने नमुना नक्सा तयार गर्ने,
८. कार्यालयको तर्फबाट नक्सा तयार गर्ने गरी भएको व्यवस्थाको प्रभावकारी कार्यान्वयनको लागि समयमै घर नक्सा तयार गर्ने,
९. अव्यवस्थित बसोबास गर्नेहरुको लगत संकलन तथा अभिलेख व्यवस्थापन गर्ने,
१०. भू-उपयोग नीति, योजना, कार्यक्रमको कार्यान्वयन
११. व्यबस्थित वस्ती विकासका लागि सम्भावित स्थलहरुको पहिचान,
१२. एकीकृत बस्ती विकासका लागि जग्गाको एकीकरण तथा जग्गा विकास र व्यबस्थापन,
१३. आफ्नो क्षेत्रको भूउपयोग सम्बन्धी योजना तयारी,
१४. संघीय र प्रदेश कानून बमोजिम स्थानीय तहमा सुकुम्वासी पहिचान र अभिलेख व्यवस्था,
१५. घरजग्गा धनी दर्ता प्रमाणपुर्जा वितरण तथा लगत व्यवस्थापन,
१६. सरकारी प्रयोजनका लागि जग्गा प्राप्ति, मुआब्जा निर्धारण तथा वितरणमा समन्वय र सहजीकरण,
१७. स्थानीय तहमा सुकुम्बासीको पहिचान र अभिलेख व्यवस्थापन,
१८. जग्गा विवाद समाधानमा मेलमिलाप र मध्यस्थता,
१९. भौगर्भिक नक्सा प्रकाशन,
२०. पुरातात्विक महत्वका स्थलहरु लगायत वन, सीमसार क्षेत्र, तटवर्ती क्षेत्रका जग्गा सम्बन्धी लगत,
२१. भूमिको वर्गीकरण अनुसारको लगत,
२२. जग्गाको कित्ताकाट र भूमि लगत (नक्शा, स्रेस्ता) निर्माण र संरक्षण
२३. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

**(ग) वातावरण, खापा तथा सरसफाई एवं विपद् व्यवस्थापन उपशाखा**

१. वन उपभोक्ता समूहको व्यवस्थापन,
२. सामुदायिक, धार्मिक र कबुलियति वनको व्यवस्थापन,
३. नदी किनार, नदी उकास, दहत्तर, वहत्तर, नहर किनार तथा सडक किनारमा वृक्षारोपण व्यवस्थापन,
४. निजी तथा व्यावसायिक वनको प्रबर्द्धन र नियमन,
५. सार्वजनिक खाली जग्गा, पाखा क्षेत्रमा वृक्षारोपण, सम्भार, उपयोग र व्यवस्थापन,
६. जडीबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी, सर्भेक्षण, उत्पादन, सङ्कलन, प्रबर्द्धन, प्रशोधन, र बजार व्यवस्थापन,
७. वन, बीऊ बगैंचा स्थापना, व्यवस्थापन र प्रवर्द्धन,
८. नर्सरी स्थापना, विरुवा उत्पादन, वितरण, वृक्षारोपण र प्रर्वधन,
९. वन्यजन्तु र चराचुरुङ्गीको संरक्षण, व्यावसायिक पालन, उपयोग र अनुगमन,
१०. वन्यजन्तुबाट स्थानीय समुदायमा पर्ने प्रभाव रोकथाम, व्यवस्थापन,
११. स्थानीय प्राणी उद्यान (चिडियाखाना) को स्थापना र सञ्चालन,
१२. स्थानीय वन्यजन्तु पर्यटन र आयआर्जन,
१३. स्थानीय स्तरमा आखेटोपहारको व्यवस्थापन,
१४. वन, वन्यजन्तु तथा चराचुरुङ्गीको अभिलेखाङ्कन र अध्ययन अनुसन्धान,
१५. रैथाने प्रजातिको संरक्षण र प्रवर्धन,
१६. मिचाहा प्रजातिको नियन्त्रण,जैविक विविधताको अभिलेख,
१७. सामुदायिक भूसंरक्षण र सोमा आधारित आय आर्जन कार्यक्रम,
१८. भूसंरक्षण र जलाधार व्यवस्थापन जन्य सामुदायिक अनुकूलन,
१९. जलवायू परिवर्तन अनुकुलन कार्य,
२०. आय आर्जनमा आधारित जडीबुटीको संरक्षण, प्रबर्द्धन, व्यवस्थापन,
२१. हरियाली तथा हरित क्षेत्रको प्रर्वद्धन,
२२. वायु तथा ध्वनिको प्रदूषण नियन्त्रण,
२३. हानिकारक पदार्थहरूको नियमन तथा नियन्त्रण,
२४. वातावरणीय जोखिम न्यूनीकरण,
२५. वातावरण संरक्षण क्षेत्र निर्धारण र व्यवस्थापन,
२६. पहिरो नियन्त्रण,
२७. जलवायू परिवर्तन अनुकुलन कार्यक्रम,
२८. विपद् व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड तथा स्थानीय स्तरका आयोजनाको कार्यान्वयन र नियमन,
२९. विपद् पूर्व तयारी तथा प्रतिकार्य योजना, जोखिम न्यूनीकरण कार्य योजना,
३०. विपद् पूर्व तयारी, खोज तथा उद्धार, राहत सामग्रीको पूर्व भण्डारण, वितरण र समन्वय,
३१. विपद् जोखिम क्षेत्रको नक्साङ्कन तथा बस्तीहरूको पहिचान र स्थानान्तरण,
३२. विपद् व्यवस्थापनमा सङ्घ, प्रदेश र स्थानीय समुदाय, संघ संस्था, निजीक्षेत्रसँग सहयोग, समन्वय र सहकार्य,

३३. विपद् कोषको स्थापना तथा सञ्चालन र स्रोत साधनको परिचालन,
३४. विपद् पश्चात् स्थानीय स्तरको पुनर्स्थापना र पुनर्निर्माण,
३५. विपद् सम्बन्धी तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
३६. प्राकृतिक प्रकोपको रोकथाम र पूर्व तयारी,
३७. विपद् जोखिम न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली सम्बन्धी कार्यक्रमको तर्जुमा र कार्यान्वयन,
३८. बारुणयन्त्रको सञ्चालन तथा व्यवस्थापन,
३९. स्थानीय आपतकालिन कार्य सञ्चालन प्रणाली,
४०. नवीकरणीय उर्जा तथा वैकल्पिक ऊर्जा, सडक बत्ती सम्बन्धी नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
४१. वैकल्पिक ऊर्जा सम्बन्धीक्षमता अभिवृद्धि र प्रबर्द्धन,
४२. सडक बत्तीको व्यवस्थापन, मर्मत, सम्भार तथा नियमन,
४३. विकास योजनाहरुको वातावरणीय प्रभाव मूल्यांकन,
४४. सरसफाई तथा फोहर व्यवस्थापन सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको कार्यान्वयन,
४५. फोहरलाई स्रोतमै वर्गिकरण गरी व्यवस्थापन गर्ने उपायहरुको अवलम्बलन,
४६. फोहरमैला सङ्कलन, पुनः उपयोग, प्रशोधन, विसर्जन र सोको सेवा शुल्क निर्धारण र नियमन,
४७. ल्याण्डफिल साईट व्यवस्थापन,
४८. स्वास्थ्यजन्य फोहरमैला व्यवस्थापनको मापदण्ड निर्धारण, व्यवस्थापनतथा नियमन,
४९. सार्वजनिक शौचालय व्यवस्थापन,
५०. इर्कासँग सम्बन्धित अन्य कार्यहरु ।

**इ. शिक्षा, युवा तथा खेलकुद विकास शाखा**

१. प्रारम्भिक बाल शिक्षा, आधारभूत तह, माध्यमिक तह, अनौपचारिक शिक्षा, खुला तथा वैकल्पिक शिक्षा ( गुरुकुल, मदरसा, गुम्बा आदि), निरन्तर सिकाइ तथा विशेष शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन,
२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
३. परीक्षा सञ्चालन तथा व्यवस्थापन,
४. विद्यार्थी प्रोत्साहन तथा छात्रवृत्तिको व्यवस्थापन,
५. स्थानीय स्तरको पाठ्यक्रम निर्माण र कार्यान्वयन,
६. प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमको योजना तर्जुमा, सञ्चालन, अनुमति र नियमन,
७. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रवर्द्धन र स्तरीकरण,
८. युवा जागरण, सशक्तिकरण र परिचालन,
९. स्थानीय स्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,
१०. खेलकूदको विकास र प्रवर्द्धन,
११. आफ्नो महाशाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरि आर्थिक प्रशासन महाशाखामा पठाउने,
१२. आफ्नो महाशाखा संग सम्बन्धित सम्पुर्ण निर्णयहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने,

१३. आफ्नो महाशाखा संग सम्बन्धित परामर्श सेवा सम्बन्धि कामको लागि कार्यशर्त तयारी,
१४. महिला हक सम्बन्धी नीति, योजना कार्यान्वयन, समन्वय र नियमन,
१५. आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण र मुलप्रवाहिकरण,
१६. लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रवर्द्धनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना,
१७. बालमैत्री शासकीय प्रवन्ध, बाल क्लब, बाल संरक्षण समिति तथा बाल सञ्जाल,
१८. असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन,
१९. बाल हिंसा नियन्त्रण,
२०. बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमति र नियमन,
२१. बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
२२. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरि आर्थिक प्रशासन शाखामा पठाउने,
२३. आफ्नो शाखा संग सम्बन्धित परामर्श सेवा सम्बन्धि कामको लागि कार्यशर्त तयारी,
२४. आफ्नो शाखा संग सम्बन्धित सम्पुर्ण निर्णयहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने,
२५. आफु मातहतका शाखाहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण ।

**(क) शिक्षा तथा खेलकुद शाखा**

१. विद्यालय शिक्षक तथा कर्मचारीको अभिलेख व्यवस्थापन,
२. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजनको लागि सिफारिस,
३. शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भारको आवश्यकता पहिचान गरी सिफारिस,
४. विद्यार्थी सिकाइ उपलब्धिको परीक्षण र व्यवस्थापन,
५. प्रोत्साहन तथा छात्रवृत्ति पाउने विद्यार्थीको अभिलेख व्यवस्थापन,
६. बाल गृह, पुनःस्थापना केन्द्र, शिशु स्याहार केन्द्र र बाल विकास केन्द्र व्यवस्थापन,
७. आधारभूत तहसम्मको शैक्षिक कार्यक्रमहरुको समन्वय र नियमन,
८. सामुदायिक, संस्थागत, गुठी, सहकारी विद्यालयहरुको अनुगमन नियमन,
९. विद्यालय बाहेकका स्थानीय स्तरमा सञ्चालित शैक्षिक संघ संस्थाहरुसँगको समन्वय, सहजिकरण, अनुगमन, नियमन,
१०. पाठ्यक्रम र पाठ्य सामग्रीको वितरण तथा कार्यान्वयन,
११. विद्यालयको नक्साङ्कन, अनुमति, स्वीकृति, समायोजन तथा नियमन,
१२. शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार,
१३. शैक्षिक परामर्श सेवाको अनुमति तथा नियमन,
१४. स्थानीय स्तरको शैक्षिक ज्ञान, सीप र प्रविधिको संरक्षण, प्रर्वधन र स्तरीकरण,
१५. विद्यालयमा रहेका पुस्तकालयहरुको अभिलेख व्यवस्थापन,
१६. स्थानीय पुस्तकालय, वाचनालय तथा सामुदायिक अध्ययन केन्द्र सञ्चालन तथा व्यवस्थापन,
१७. युवा जागरण, सशक्तिकरण र परिचालन,
१८. युवा सीप, उद्यमशिलता तथा नेतृत्व विकास,
१९. स्थानीयस्तरमा खेलकूद प्रशासन तथा सङ्घ संस्थाको नियमन र समन्वय,
२०. खेलकूदको लागि संरचना पूर्वाधार निर्माण, सञ्चालन तथा विकास,

२१. खेलकूदको विकास र प्रवर्द्धन,
२२. खेलकूद प्रतियोगिता आयोजना र सहभागिता,
२३. अतिरिक्त क्रियाकलाप सम्बन्धी विषय,
२४. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

**ख. महिला, वालवालिका तथा समाज कल्याण उपशाखा**

१. महिलाको आर्थिक, सामाजिक, राजनीतिक सशक्तीकरण, क्षमता विकाससँग सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने,
२. लैगिक हिंसा निवारणका लागि निरोधात्मक, प्रर्वधनात्मक, संरक्षणात्मक उपाय र पुनःस्थापना सम्बन्धी कार्य गर्ने,
३. बजेटको लैंगिक हिसाबले विश्लेषण गर्ने र लैगिंक उत्तरदायी बजेट निर्माण गर्न सहजिकरण गर्ने,
४. स्थानीय स्तरमा समावेशिता र मूल प्रवाहीकरण सम्बन्धी अन्य कार्यहरु गर्ने,
५. बालबालिकाको हकहित संरक्षणसँग सम्बन्धित कार्यहरु गर्ने,
६. बाल सञ्जाललाई सबलिकरण गर्ने,
७. बाल न्याय प्रवर्द्धन गर्ने,
८. असहाय बालबालिका, सडक बालबालिका व्यवस्थापन गर्न विभिन्न संघ संस्थाहरुसँग समन्वय तथा सहकार्य गर्ने,
९. बाल हिंसा नियन्त्रणका लागि विभिन्न उपायहरु अवलम्वन गर्ने,
१०. बालसुधार तथा पुनःस्थापना केन्द्र स्थापना, संचालन अनुमति,
११. बालबालिकाको हकहित संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना,निर्माण र कार्यान्वयन,
१२. सहयोगापेक्षी सडक मानव व्यवस्थपान,
१३. स्थानीय स्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघ/संस्था) को दर्ता, नवीकरण, खारेजी, परिचालन तथा अनुगमन नियमन,
१४. गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन,
१५. गैरसरकारी क्षेत्रसँग समन्वय र सहकार्यको लागि कार्यविधि तथा मापदण्ड तयार गर्ने,
१६. सामाजिक परिचालन सम्बन्धी कार्य गर्ने,
१७. टोल विकास संस्था परिचालन गर्ने,
१८. सङ्घ तथा प्रदेशले निर्धारण गरेको मापदण्ड बमोजिम सामाजिक सुरक्षा सम्बन्धी कार्यक्रम कार्यान्वयन,
१९. सामाजिक सुरक्षाको कार्यान्वयनको लागि सङ्घ, प्रदेश र स्थानीय सङ्घ संस्थासँग सम्पर्क, समन्वय र सहकार्य,
२०. स्थानीय सामाजिक सुरक्षा योजना तर्जुमा गर्न आवश्यक तथ्यांक संकलन गर्ने,
२१. पुरातात्विक महत्वका प्राचीन स्मारक तथा संग्रहालयको संरक्षण, सम्भार, प्रबर्द्धन र विकास,
२२. परम्परागत रुपमा चलिआएका जात्रा तथा पर्वको सञ्चालन र व्यवस्थापन,
२३. स्थानीय महत्वका धार्मिक तथा सांस्कृतिक सम्पदाको व्यवस्थापन,
२४. पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रर्वधन,
२५. पर्यटन पूर्वाधार विकास तथा प्रोत्साहन,
२६. पार्कहरुको विकास, संरक्षण र प्रर्वधन,

२७. स्थानीय व्यापार प्रवर्द्धन सहजीकरण र नियमन,
२८. भाषा, कला, साहित्य संस्कृतिको संरक्षण, सम्वर्द्धन, विकास र प्रर्वधन,
२९. भाषा, संस्कृति, साहित्य, सम्पदा र ललितकलाको संरक्षण र विकास सम्बन्धी स्थानीयस्तरको नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
३०. भाषा, साहित्य, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबर्द्धन र विकास,
३१. स्थानीय बौद्धिक सम्पत्तिको संरक्षण, प्रवर्द्धन र अभिलेखाङ्कन,
३२. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

## उ. स्वास्थ्य शाखा

१. आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन,
२. राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीय स्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
३. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,
४. स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
५. औषधि पसल सञ्चालन र नियमन,
६. स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,
७. प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक,प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन र व्यवस्थापन,
८. जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,
९. आधुनिक प्रविधि मार्फत व्यक्तिगत घटना दर्ता (जन्म, मृत्यु, विवाह, बसाईसराई, सम्वन्ध विच्छेद र धर्मपुत्र धर्मपुत्री),
१०. व्यक्तिगत घटना तथा सामाजिक सुरक्षा सम्बन्धी अभिलेख व्यवस्थापन तथा प्रतिवेदन,
११. ज्येष्ठ नागरिकको लगत, परिचयपत्र, सम्मान, स्वास्थ्य सुविधा, सामाजिक सुरक्षा सम्बन्धी कार्य,
१२. ज्येष्ठ नागरिक क्लव, दिवा सेवा केन्द्र, भेटघाटस्थल, आश्रय केन्द्रको सञ्चालन तथा व्यवस्थापन,
१३. अपाङ्गता भएका व्यक्ति तथा असहायको लगत अद्यावधिक, परिचयपत्र वितरण, सामाजिक सुरक्षा तथा सुविधाको व्यवस्थापन तथा वितरण,
१४. अपाङ्गता भएका व्यक्ति र असक्तहरूको व्यवस्थापन सम्वन्धी अन्य कार्य,
१५. विधवा तथा एकल महिला सम्बन्धी कार्य,
१६. सहयोगापेक्षी सडक मानव व्यवस्थपान,
१७. कमजोर वर्ग, समुदाय, लिगं, क्षेत्र तथा अल्पसंख्यक भाषा, धर्म, सस्कृतिको सम्बन्धि नीति, कानुन, मापदण्ड सम्बन्धि कार्य,
१८. आदिवासी, जनजाति, मुस्लिम, अल्पसंख्यकहरुको हित प्रर्वधन सम्बन्धी नीति, कानून, कार्यान्वयन, अनुगमन र नियमन,

१९. स्थानीय स्तरमा समाजकल्याण सम्वन्धी संघसंस्था (गैरसरकारी, सामाजिक तथा सामुदायिक संघसंस्था) को दर्ता, नवीकरण, खारेजी, परिचालन तथा अनुगमन नियमन,
२०. गुठी, कोष तथा अन्य ट्रष्टहरुको व्यवस्थापन,
२१. गैरसरकारी क्षेत्रसँग समन्वय, सहकार्य र नियमन,
२२. सामाजिक सुरक्षा सम्बन्धि नीति कानुन मापदण्ड नियमन,
२३. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरि आर्थिक प्रशासन शाखामा पठाउने,
२४. आफ्नो शाखा संग सम्बन्धित परामर्श सेवा सम्बन्धि कामको लागि कार्यशर्त तयारी,
२५. आफ्नो शाखा संग सम्बन्धित सम्पुर्ण निर्णयहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने,
२६. आफु मातहतका शाखाहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण ।

**(क) स्वास्थ्य शाखा**

१. आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन तथा नियमन,
२. राष्ट्रिय तथा प्रदेशस्तरीय लक्ष्य र मापदण्ड बमोजिम स्थानीयस्तरको स्वास्थ्य सम्बन्धी लक्ष्य र गुणस्तर निर्धारण,
३. राष्ट्रिय र प्रादेशिक मापदण्ड अनुरुप जनरल अस्पताल, नर्सिङ्ग होम, निदान केन्द्र तथा अन्य स्वास्थ्य संस्थाहरूको क्लिनिक दर्ता, सञ्चालन अनुमति र नियमन,
४. आधारभूत स्वास्थ्य सेवाको सञ्चालन र प्रबर्द्धन,
५. अस्पताल र अन्य स्वास्थ्य संस्थाको स्थापना तथा सञ्चालन,
६. स्वास्थ्य सेवा सम्बन्धी भौतिक पूर्वाधार विकास तथा व्यवस्थापन,
७. सरसफाई सचेतनाको अभिवृद्धि,
८. रक्त सञ्चार सेवा तथा स्थानीय र शहरी स्वास्थ्य सेवा,
९. औषधि पसल सञ्चालनका दर्ता तथा अनुमतिका लागि सिफारिस,
१०. औषधिजन्य वनस्पति, जडीबुटी र अन्य औषधिजन्य वस्तुको उत्पादन, प्रशोधन र वितरण,
११. स्वास्थ्य बीमा लगायतका सामाजिक सुरक्षा कार्यक्रमको व्यवस्थापन,
१२. औषधि तथा अन्य मेडिकल उत्पादनहरूको न्यूनतम मूल्य निर्धारण र नियमन,
१३. औषधिको उचित प्रयोग र सूक्ष्मजीव निरोधक प्रतिरोध न्यूनीकरण,
१४. औषधि र स्वास्थ्य उपकरणको खरिद, भण्डारण र वितरण,
१५. स्वास्थ्य सूचना प्रणालीको व्यवस्थापन,
१६. जनस्वास्थ्य निगरानी (पब्लिक हेल्थ सर्भेलेन्स),
१७. प्रवर्द्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुनर्स्थापनात्मक र प्यालिएटिभ स्वास्थ्य सेवाको सञ्चालन,
१८. जुनोटिक र कीटजन्य रोगको नियन्त्रण तथा व्यवस्थापन,
१९. सुर्ति, मदिरा र लागू पदार्थजन्य वस्तुको प्रयोग नियन्त्रण तथा सचेतना अभिवृद्धि,
२०. आयुर्वेदिक, युनानी, आम्ची, होमियोप्याथिक, प्राकृतिक चिकित्सा लगायतका परम्परागत स्वास्थ्य उपचार सेवाको व्यवस्थापन,

२१. स्वस्थ जीवनशैली, पोषण, शारीरिक व्यायाम, योग अभ्यास, स्वास्थ्य वृत्तको पालना, पञ्चकर्म लगायतका जनस्वास्थ्य सेवाको प्रर्वधन,
२२. जनस्वास्थ्य, आपतकालीन स्वास्थ्य तथा महामारीको नियन्त्रण योजना र कार्यान्वयन,
२३. सरुवा तथा नसर्ने रोगको नियन्त्रण तथा रोकथाम,
२४. योग, ध्यान केन्द्रको सञ्चालन,
२५. योग, ध्यान, प्राकृतिक चिकित्सा प्रबर्द्धन,
२६. आफ्नो शाखा संग सम्बन्धित परामर्श सेवा सम्बन्धि कामको लागि कार्यशर्त तयारी,
२७. शाखासँग सम्बन्धित अन्य कार्यहरु ।

**ऊ. आर्थिक तथा राजश्व प्रशासन शाखा**

१. हरेक आर्थिक बर्षको लागि राजश्व परिचालन नीतिको तर्जुमा र करका दर विश्लेषण सहितको प्रस्ताव तयारी,
२. सम्पत्ति कर, घरबहाल कर, घर जग्गा रजिष्ट्रेशन शुल्क, सवारी साधन कर, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, विज्ञापन कर, व्यवसाय कर, भूमिकर (मालपोत), दण्ड जरिवाना, मनोरञ्जन कर, बहालविटौरी कर, घरजग्गा कर, मृत वा मारिएको जीवजन्तुको हाड, सिँग, प्वाँख, छालामा कर, प्राकृतिक स्रोत साधन, व्यावसायिक कर सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन, नियमन तथा अन्य आय व्यवस्थापन,
३. सार्वजनिक खर्च तथा प्राकृतिक स्रोतबाट प्राप्त हुने रोयल्टी सम्बन्धी नीति, कानून, मापदण्ड तथा नियमन र सोको सङ्कलन तथा बाँडफाँड,
४. कानून बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी तथा खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन र सो सम्बन्धी शुल्क सङ्कलन,
५. करदाता शिक्षा तथा करदाता विवरण अद्यावधिक,
६. गाउँकार्यपालिका, वडा कार्यालय वा गाउँपालिकाद्वारा व्यवसायिक प्रयोजनमा लगाएका स्थान भवनहरुको वहाल भाडा, लिज बमोजिमको राजश्व असुली एवं भुक्तानी,
७. अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण ।
८. आर्थिक (कार्यविधि) नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन, आर्थिक प्रशासन र व्यवस्थापन र नियन्त्रण,
९. सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन,
१०. बेरुजू फछ्र्यौट,
११. ऋण, अनुदान तथा जमानतको व्यवस्थापन र नियमन,
१२. ऋण लिने र तिर्ने क्षमताको विश्लेषण,
१३. संघ, प्रदेश सरकारबाट प्राप्त सर्शत बजेटको खर्च व्यवस्थापन,
१४. आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय,
१५. राजश्व परामर्श समितिको सचिवालयको काम गर्ने,
१६. आफ्नो महाशाखा संग सम्बन्धित सम्पुर्ण निर्णयहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने,
१७. आफु मातहतका इकाईहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण ।

**(क) आर्थिक प्रशासन शाखा**

१. आर्थिक (कार्यविधि) नीति, कानून र मापदण्डको कार्यान्वयन र आर्थिक प्रशासन सञ्चालन,
२. सञ्चित कोष तथा आकस्मिक कोषको व्यवस्थापन,
३. लेखा व्यवस्थापन, खर्च, राजश्व, धरौटी, कार्य सञ्चालन कोष तथा अन्य सरकारी कोषको सञ्चालन तथा एकीकृत विवरण तयारी,
४. समष्टिगत आर्थिक अवस्थाको विश्लेषण,
५. लगानी प्रक्षेपण (सरकारी, सहकारी तथा निजी) र वित्तीय व्यवस्थापन,
६. लगानी र लाभांशको व्यवस्थापन (जनसहभागिता तथा सामुदायिक लगानीको अभिलेख समेत),
७. आर्थिक कारोबारको लेखांकन, नियन्त्रण तथा व्यवस्थापन,
८. आय व्ययको अनुमान,
९. बेरुजू फछ्र्यौट,
१०. आर्थिक प्रशासन र व्यवस्थापन सम्बन्धी अन्य विषय,
११. आर्थिक कारोबारको आन्तरिक तथा अन्तिम लेखा परीक्षण गराउने कार्य,
१२. ऋण, अनुदान तथा जमानतको अभिलेख व्यवस्थापन,
१३. धरौटी स्याहा तथा फिर्ता,
१४. संघ, प्रदेश सरकारबाट प्राप्त सर्शत बजेटको खर्च व्यवस्थापन,
१५. संघ, प्रदेश सरकारबाट प्राप्त रकमको व्यवस्थापन,
१६. विभिन्न कोषहरुको सञ्चालन तथा व्यवस्थापन,
१७. वडा कार्यालयबाट हुने गरी तोकिएको आर्थिक कारोबारको आर्थिक प्रशासन, व्यवस्थापन र लेखा परीक्षण,
१८. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

**(ख) राजश्व प्रशासन उपशाखा**

१. राजश्वको दायरा विस्तार गर्ने क्षेत्रहरुको पहिचान, तथ्यांक संकलन तथा विश्लेषण गर्ने,
२. सम्पूर्ण करदाताको अभिलेख व्यवस्थापन गर्ने,
३. आफ्नो क्षेत्रभित्र राजस्वका दर तथा शुल्क निर्धारण, संघीय र प्रदेश कानून बमोजिम प्राकृतिक श्रोत साधन र सेवा शुल्क जस्ता रोयल्टी सङ्कलन,
४. स्थानीय पूर्वाधार सेवा र उपयोगमा सेवा शुल्क तथा दस्तुर असुली,
५. मालपोत संकलन/सम्पत्ति कर संकलन,
६. हाट बजार व्यवस्थापन,
७. प्रचलित कानून बमोजिम दण्ड जरिवाना,
८. राजश्व परामर्श समितिलाई आवश्यक सूचना उपलब्ध गराउने र सचिवालय सम्बन्धी कार्य गर्ने,
९. राजश्व संकलनलाई प्रभावकारी बनाउन प्रवर्द्धनात्मक, उपायहरुको अवलम्बन गर्ने,
१०. सम्बन्धित शाखा तथा निकायसँग राजस्व सूचना तथा तथ्याङ्कको आदान प्रदान,
११. बाँकी बक्यौता रकमको लगत र असुल उपर,
१२. करदाता शिक्षा सम्बन्धी कार्यक्रम सञ्चालन गर्ने,
१३. प्राकृतिक स्रोतबाट प्राप्त हुन सक्ने सम्भावित रोयल्टी, शुल्क आदीको विश्लेषण तथा पूर्व अनुमान गरी अभिलेख व्यवस्थापन गर्ने,

१४. कानून बमोजिम ढुंगा, गिट्टी, वालुवा, माटो, नुन, स्लेट, फायरक्लेजस्ता खानी खनिज पदार्थको सर्वेक्षण, अन्वेषण, उत्खनन व्यवस्थापन र सो सम्बन्धी शुल्क सङ्कलन,
१५. सामुदायिक वनको सञ्चालन र व्यवस्थापनबाट प्राप्त शुल्क सङ्कलन,
१६. प्राकृतिक स्रोतको उपयोग सम्बन्धी नीति निर्धारण र कार्यान्वयन तथा प्रदेश र संघीय मापदण्ड पालना,
१७. बाँकी बक्यौता रकमको लगत र असुल उपर,
१८. आर्थिक साधनको महत्तम उपयोग तथा परिचालन,
१९. नगर कार्यपालिका, वडा कार्यालय वा नगरपालिकाद्वारा व्यवसायिक प्रयोजनमा लगाएका स्थान, भवनहरुको वहाल, लिज बमोजिमको राजश्व असुली एवं दायित्व भुक्तानीको सिफारिस,
२०. ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,
२१. खानी तथा खनिज पदार्थ सम्बन्धी सूचना तथा तथ्याङ्क सङ्कलन, अभिलेखन तथा व्यबस्थापन,
२२. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

**ऊ. आर्थिक विकास शाखा**

१. उपभोक्ता अधिकार तथा हित सम्बन्धी नीति, कानून, मापदण्ड, कार्यान्वयन र नियमन,
२. स्थानीय वस्तुहरूको उत्पादन, आपूर्ति तथा निकासी प्रक्षेपण, मूल्य निर्धारण र अनुगमन,
३. स्थानीय वस्तु र सेवा व्यापारको मूल्य तथा गुणस्तरको अनुगमन र नियमन,
४. उपभोक्ता सचेतना, लक्षित उपभोक्ताको लगत व्यवस्थापन र स्थानीय वस्तु तथा सेवाको गुणस्तर परीक्षण,
५. स्थानीय व्यापार, वाणिज्य, वस्तुको माग, आपूर्ति व्यवस्थापन तथा अनुगमन,
६. आफ्नो क्षेत्रभित्र इन्टरनेट सेवा, टेलिसेन्टर, केबुल तथा तारविहीन टेलिभिजन प्रसारणको अनुमति, नवीकरण र नियमन,
७. आफ्नो क्षेत्रभित्र पत्रपत्रिकाको प्रकाशन अनुमति, अभिलेख तथा नियमन,
८. अभिलेख व्यवस्थापनमा नवीनतम सूचना प्रविधिको प्रयोग,
९. कृषि, कृषि प्रसार, पशुपंक्षी विकास, नश्ल सुधार,पशु स्वास्थ्य, कृषि तथा पशुपंक्षी उत्पादन, व्यवस्थापनसम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन र नियमन,
१०. कृषि तथा पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
११. कृषक तथा पशु पालकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,
१२. कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
१३. कृषि तथा पशुपंक्षी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन,
१४. कृषि, पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य,
१५. सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन र नियमन,
१६. स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, समायोजन, खारेजी र विघटन,
१७. स्थानीयसहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन,
१८. रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,
१९. लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी र नियमन,
२०. लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन,

२१. खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
२२. ढुङ्गा, गिट्टी, बालुवा, नुन, माटो, खरीढुङ्गा, फायर क्ले तथा स्लेट आदि खानीजन्य वस्तुको संरक्षण, विकास, उत्खनन् र उपयोग सम्बन्धी दर्ता, अनुमति, नवीकरण, खारेजी र व्यवस्थापन,
२३. पर्यटकीय महत्वका स्थल तथा सम्पदाको पहिचान, संरक्षण र प्रवर्द्धन,
२४. भाषा, साहित्य, संस्कृति, जात्रा, पर्व र ललितकलाको संरक्षण, प्रबर्द्धन र विकास,
२५. आफ्नो शाखाको लागि आवश्यक बजेट प्रस्ताव प्रत्येक बर्षको चैत्र मसान्तभित्र तयार गरि वित्त व्यवस्थापन शाखामा पठाउने,
२६. आफ्नो शाखा संग सम्बन्धित सम्पुर्ण निर्णयहरु सम्बन्धि फाइल सुरक्षित रुपमा व्यवस्थित तरिकाले राख्ने,
२७. आफु मातहतका इकाईहरुको कामको समन्वय, परिचालन, अनुगमन र नियन्त्रण ।

**(क) कृषि विकास उपशाखा**

१. कृषि, कृषि प्रसार, कृषि उत्पादन व्यवस्थापन सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना तयारी तथा कार्यान्वयन,
२. कृषि बजार सूचना, कृषि बजार तथा हाटबजारको पूर्वाधार निर्माण, साना सिँचाई निर्माण, तालिम, प्रविधि प्रसार, प्राविधिक टेवा, कृषि सामग्री आपूर्ति र कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन,
३. कृषिजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,
४. कृषि वातावरण संरक्षण तथा जैविक विविधताको संरक्षण र प्रवर्द्धन,
५. कृषि प्रसार तथा जनशक्तिको प्रक्षेपण, व्यवस्थापन र परिचालन,
६. उच्च मूल्ययुक्त कृषिजन्य वस्तुको प्रवर्द्धन, विकास तथा बजारीकरण,
७. कृषि सम्वन्धी वीमा र कर्जा सहजीकरण,
८. शीत भण्डारणको व्यवस्थापन,
९. कृषकहरूको क्षमता अभिवृद्धि, प्राविधिक सेवा, टेवा, सीप विकास र सशक्तीकरण,
१०. कृषि बीउविजन, नश्ल, मलखाद र रसायन तथा औषधिहरूको आपूर्ति, उपयोग र नियमन,
११. कृषक समूह, कृषि सहकारी र कृषि सम्बन्धी स्थानीय सङ्घ संस्थाहरूको समन्वय, व्यवस्थापन र नियमन,
१२. कृषि सम्बन्धी प्रविधिको संरक्षण र हस्तान्तरण,
१३. कृषि तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली तथा कृषि सम्बन्धी सूचनाको प्रचारप्रसार,
१४. कृषि स्रोत केन्द्रको स्थापना र व्यवस्थापन,
१५. कृषि थोक बजार केन्द्रको सञ्चालन व्यवस्थापन,
१६. कृषि थोक बजार केन्द्र निर्माणको सहजिकरण,
१७. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

**(ख) पशुपंक्षी विकास इकाई**

१. पशुपालन, पशु स्वास्थ्य, मत्स्य विकास सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, योजना, कार्यान्वयन,
२. पशुपंक्षी बजार सूचना, हाटबजारको पूर्वाधार निर्माण, तालिम, प्राविधिक टेवा, कृषक क्षमता विकास कार्यक्रमको सञ्चालन र नियमन,
३. पशुपंक्षीजन्य प्राकृतिक प्रकोप तथा महामारी रोगको नियन्त्रण,

४. पशुपंक्षी चिकित्सा सेवाको व्यवस्थापन,
५. पशुनश्ल सुधार पद्धति विकास र व्यबस्थापन,
६. पशुपंक्षी सम्बन्धी बीमा र कर्जा सहजीकरण,
७. स्थानीय चरन तथा खर्क विकास र व्यवस्थापन,
८. पशु आहारको गुणस्तर नियमन,
९. स्थानीयस्तरमा पशुपंक्षी सम्बन्धी तथ्याङ्कको व्यवस्थापन र सूचना प्रणाली,
१०. पशु बधशाला र शीत भण्डारणको व्यवस्थापन र नियमन,
११. पशुपालन तथा पशु स्वास्थ्य सम्बन्धी अन्य कार्य,
१२. छाडा चौपाया नियन्त्रण,
१३. कान्जी हाउस सञ्चालन, व्यवस्थापन,
१४. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

**(ग) सहकारी, उद्योग तथा रोजगार प्रवर्द्धन इकाई**

१. लघु, घरेलु तथा साना उद्योगको विकास र प्रवर्द्धन सम्बन्धी नीति, कानुन तथा मापदण्ड तर्जुमा गर्ने,
२. उद्यमशिलता प्रर्वधन,
३. लघु, घरेलु तथा साना उद्योग, व्यापारिक फर्म, पसलहरुको दर्ता, अनुमति, नवीकरण, खारेजी र नियमन,
४. सीप विकास सम्बन्धी कार्यको प्रबर्द्धन,
५. प्रचलित कानून बमोजिम लघु, घरेलु तथा साना उद्योगको दर्ता, नवीकरण, खारेजी,
६. खानी तथा खनिज पदार्थको संरक्षण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड तथा योजनाको कार्यान्वयन र नियमन,
७. पहिचान भएका गरिब घरपरिवार एवं लक्षित समूह सम्बन्धी आर्थिक विकासका योजना तर्जुमा र कार्यान्वयन गर्ने,
८. स्थानीय सार्वजनिक–निजी साझेदारी सम्बन्धी स्थानीय नीति, कानून, योजना निर्माण, कार्यान्वयन अनुगमन र नियमन,
९. स्थानीय सार्वजनिक–निजी साझेदारीका आयोजना छनौट तथा कार्यान्वयन,
१०. सार्वजनिक सामुदायिक साझेदारी,
११. स्थानीय विकासमा निजी क्षेत्रको प्रबर्द्धन,
१२. सहकारी संस्था सम्बन्धी स्थानीय नीति, कानून, मापदण्डको निर्माण, कार्यान्वयन,
१३. स्थानीय सहकारी संस्थाको दर्ता, अनुमति, खारेजी र विघटनको लागि सिफारिस गर्ने,
१४. सहकारी वचत तथा ऋण परिचालन सम्बन्धी स्थानीय मापदण्ड निर्धारण गर्ने,
१५. सहकारी सम्बन्धी राष्ट्रिय, केन्द्रीय, विषयगत, प्रादेशिक र स्थानीय संघ संस्थासँगसमन्वय र सहकार्य,
१६. सहकारी सम्बन्धी स्थानीय तथ्याङ्क व्यवस्थापन र अध्ययन अनुसन्धान,
१७. स्थानीय सहकारीको क्षमता अभिवृद्धि,
१८. स्थानीयसहकारी क्षेत्रको प्रवर्द्धन, विकास र परिचालन,
१९. रोजगार तथा बेरोजगारको तथ्याङ्क सङ्कलन, प्रशोधन र सूचना प्रणालीको स्थापना,
२०. स्थानीयस्तरमा रहेका विदेशी श्रमिकको लगत सङ्कलन तथा सूचना व्यवस्थापन,

२१. रोजगारीका अवसरहरुको सिर्जना,

२२. असँगठित क्षेत्रका श्रमिकहरुको पञ्जिकरण,

२३. रोजगार डेक्स सञ्चालन व्यवस्थापन,

२४. गरिबी निवारण सम्बन्धी स्थानीय नीति, कानून, मापदण्ड, नियमन  र अध्ययन अनुसन्धान,

२५. स्थानीयस्तरमा सुकुम्वासी सम्बन्धी जीविकोपार्जन र वसोवास व्यवस्था

२६. गरिबी निवारणको स्थानीय रणनीति तर्जूमा,

**. ए. आन्तरीक लेखापरीक्षण शाखा**

१. आन्तरिक तथा पूर्व लेखापरीक्षण,

२. लेखापरीक्षण विवरण (बेरुजूको लगत समेत)को अभिलेख व्यवस्थापन ,

३. अन्तिम लेखापरीक्षण कार्यमा सहयोग, समन्वय र सहजीकरण,

४. लेखापालनसम्वन्धी क्षमता विकास कार्य,

५. सामुदायिक विद्यालयहरुको आन्तरिक लेखा परीक्षण र अन्तिम लेखा परीक्षणमा सहजिकरण र समन्वय,

६. इकाईसँग सम्बन्धित अन्य कार्यहरु ।

## ५.५. निष्कर्ष तथा सुझावहरु

- स्थानीय सरकार संचालन ऐन २०७४ मा स्थानीय तहमा शाखा वा इकाईमा रहेको सगंठन संरचना कायम गर्न सकिने प्राबधान रहेको छ ।
- कर्मचारी समायोजन ऐन, २०७५ को दफा ३ उपदफा (१०) मा कर्मचारी समायोजनको कार्य सम्पन्न भइ सकेपछि प्रदेश सरकार वा स्थानीय तहले आवश्यकता अनुसार सङ्गठन संरचना वा दरबन्दी थपघट हेरफेर वा परिमार्जन गर्न सक्ने व्यवस्था रहेको छ । यी कानूनी संरचना र प्रचलित व्यवहारलाई ध्यानमा राखी यो सांगठनिक ढाँचा तयार गरिएको हो ।
- वर्तमान अवस्थामा विशेष गरेर गाउँपालिकाकाले संबिधान, विद्यमान ऐन नियम रप्रचलित कार्य सीमा र प्रणाली बमोजिम संगठन संरचना छ ।
- स्थानीय स्तरमाा सेवा प्रबाहका लागि छुट्टै कुनै थप निकाय तीनै तहको सरकारबाट राख्न जरुरी छैन । संघ तथा प्रदेशस्तरवाट प्रदान गर्ने सेवा स्थानीय तहलाई अधिकार प्रत्यायोजन गरी गर्न सकिन्छ ।
- प्रस्तुत संगठन संरचनामा अधिकृत स्तर २३ जना, सहायक स्तर ६२ जना र सहयोगी स्तरका २२ गरी जम्मा १०७ जना दरबन्दी रहने गरी संगठन संरचना प्रस्ताव गरिएको छ ।
- पद तथा कार्यस्थल अनुसार केन्द्र, वडा तथा सेवा केन्द्रमा रहने पदहरु र संख्या उल्लेख गरिएको छ ।

**सुझावहरु**

१. संविधान र कानुनले दिएको अधिकार क्षेत्रको आधारमा कार्यबोझ विश्लेषण गरि संगठन संरचना प्रस्ताव गरिएको छ । प्रस्ताव गरिएको पद रिक्त भएमा कार्यबोझ र गाउँपालिकाको आर्थिक श्रोतको आधारमा क्रमश पदपूर्ती गर्दै जान उपयुक्त हुनेछ ।

२. कम्प्युटर नगर प्रहरी, हलुका सवारी चालक, दमकल भएमा फायरम्यान र हेवी सवारी चालक तथा कार्यालय सहयोगी जस्ता श्रेणी विहिन कर्मचारीहरु आवश्यकता अनुसार करारमा नियुक्त गर्न सकिने छ ।

३. गाउँपालिकाको कार्यसम्पादन कार्य प्रभावकारी बनाउन कार्यालय प्रमुखले शाखा प्रमुखसँग र शाखा प्रमुखले इकाई प्रमुखसँग वार्षिक रुपमा कार्यसम्पादन करार गर्ने र सोको मूल्याँकनको आधारमा पुरस्कृत तथा दण्डको व्यवस्था लागु गर्नु उपयुक्त हुन्छ ।

४. कर्मचारीलाई नयाँ सम्भावना, जानकारी, विषयगत दक्षता बृद्धि गर्न तालिम, अनुशिक्षण गर्ने, कार्य जिम्मेवारी दिई वस्तुगत आधारमा मूल्यांकन गर्ने परिपाटी स्थापित गर्ने,

५. गाउँपालिकामा रहने सबै प्रकारका कर्मचारीलाई साझा वृत्ति विकासको अबसर सृजना हुने गरी स्थानीय सेवको कानून तर्जुमा गर्ने,

६. स्थानीय स्रोत परिचालन गर्न सकिएन भने अन्तर सरकार वित्त व्यवस्थपन ऐन, २०७४ तथा अन्य कानूनले तोकेको प्रशासनिक खर्चको सीमाभित्र खर्च नपुग्ने हुँदा आम्दानीका क्षेत्रको खोजी विस्तार र प्रवर्द्धन गर्नुपर्दछ ।

७. निर्वाचित जनप्रतिनिधिलाई सहभागिता मूलक योजना छनौट प्रकृयामाको चरणहरु प्राथमिकता पहिचान देखि योजना छनौट र कार्यान्वयन सम्मका प्रकृयामा सहयोग पुऱ्याउने गरी कर्मचारी संयन्त्र प्रयोग गर्ने,

८. यथार्थ आन्तरिक आम्दानीको तुलानामा प्रशासनिक खर्चको अनुपात बढि रहेको छ । यो खर्च अन्तर सरकार वित्त संचालन ऐनले तोकेको व्यवस्था भन्दा प्रतिकुल रहेकोले यसलाई बान्छित सीमामा राख्नु पर्ने हुन्छ । त्यसैले आन्तरिक स्रोत परिचालनको क्षेत्र विस्तारको आधारमा मात्र जनशक्ति बृद्धि र मानवीय स्रोत विकास कार्यक्रममा समन्वय गर्नु आवश्यक छ ।

९. संबिधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लगायत अन्य कानूनले स्थानीय तहको कार्य जिम्मेवारीमा परेको क्षेत्रको कार्यबोझ र गाउँपालिकाको स्रोत कार्य क्षेत्र समेत विश्लेषण गरी दुई/दुई दरबन्दी पुनरावलोकन गर्न सकिनेछ ।

१०. संघ/प्रदेश सरकारले आफ्नो शसर्त कार्यक्रममा निर्धारण गरेको काम गर्ने गरी पठाएकोमा कार्यरत कर्मचारी बहेक अन्य कर्मचारीको शाखा र जिम्मेवारी हेरफेर गर्ने नीति बनाउने ।


११. गाउँपालिकालाई भविश्यमा थप भार पर्ने गरी कार्यक्रम पिच्छे जनशक्ति थप्ने प्रवृत्तिको अन्त्य गर्ने ।


१२. आन्तरिक लेखापरिक्षण इकाईलाई प्रभावकारी परिचालनको लागि आन्तरिक लेखापरिक्षणमा मात्र परिचालन गर्ने ।

१३. पुस्तकालय तथा सूचना केन्द्र सम्बन्धी, योजना प्राथमिकीकरण, समाजिक विकास र समावेशी सिद्धान्त, राजस्व र कर शुल्क, मानव श्रोत, आन्तरिक नियमन आदिमा अनुशिक्षण तालीम दिने व्यवस्था गर्न पर्ने ।

१४. कार्य जिम्मेवारी र कार्यबोझलाई मध्यनजर गर्दै गाउँपालिकामा कार्यरत कर्मचारी भन्दा एकतह माथिको प्रमुख प्रशासकीय अधिकृत व्यवस्था गर्ने ।


## शुद्धोधन गाउँपालिकाको प्रस्तावित संगठन संरचना






**प्राथमिक स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकीहरु

# प्रशासन, योजना तथा अनुगमन शाखाको संगठन संरचना



# पूर्वाधार विकास शाखा
# संगठन संरचना

## पूर्वाधार विकास शाखा

### सडक तथा अन्य पूर्वाधार उपशाखा

इन्जिनियर छैठौ/सातौ (प्रा.) (सिभिल, जनलर, वि.आ./स्यानीटरी/ सिंचाई/हाइवे) वा इन्जिनियर छैठौ/सातौ -१ जना
सव ईजिजियर सहायक (प्रा.) पाँचौ -१
असिष्टेण्ट सव इन्जिनियर चौथो -३

### भवन तथा वस्ती विकास उपशाखा


ईन्जिनियर (प्रा.) छैठौ/सातौ सिभिल/जनरल/वि.आ.) वा इन्जिनियर छैठौ/सातौ-१
सव ईजिजियर सहायक पाँचौ -१
असिष्टेण्ट सव इन्जिनियर चौथो -१
सर्वेक्षक/अमिन, सहायक चौथो/पाँचौ -१

### वातावरण, खापा तथा सरसफाई एवं विपद् व्यवस्थापन उपशाखा


खा.पा.स.टे पाँचौ/छैठौ -१
सहायक पाँचौ/चौथो (प्र.)-१

# योजना तथा अनुगमन शाखा

## संगठन संरचना



# शिक्षा, युवा तथा खेलकुद विकास शाखा
## संगठन संरचना



# स्वास्थ्य शाखाको सँगठन सँरचना

## स्वास्थ्य शाखा

स्वास्थ्य संयोजक/जनस्वास्थ्य अधिकृत छैठौं/सातौं (स्वा.से., हे.इ) १ जना (शाखा प्रमुख)

स्वास्थ्य सहसंयोजक/अधिकृत (छैठौं) स्वास्थ्य सेवा क.न./ज.न. १

### आयुर्वेद औषधालय

स्वास्थ्य अधिकृत (कविराज)
छैठौं/सातौ (स्वा.से. आयुर्वेद) -१ जना
बैद्य सहायक चौथो/पाँचौ -१ जना
कार्यालय सहयोगी -१ जना


### स्वास्थ्य चौकी (३ वटा)

अधिकृत (छैठौं) /(स्वा.से. हे.ई.) ३ जना
अधिकृत (छैठौं) /(स्वा.से. क.न.) ३ जना
सहायक (पाँचौ) (स्वा.से., हे.ई.) ६ जना
सहायक (चौथो) (स्वा.से., हे.ई.) ३ जना

### प्राथमिक स्वास्थ्य केन्द्र

मेडकिल अधिकृत/स्वास्थ्य चिकित्सक (आठौं/नवौं) -१ जना
हेल्थ असिस्टेण्ट पाँचौ/छैठौ/सातौ १ जना
अ.हे.ब. चौथो/पाँचौ/छैठौ हे.ई., (अधिकृत १, सहायक २ जना)
नर्सिङ पाँचौ/छैठौ/सातौ -१ जना
अ.न.मि. चौथो/पाचौ/छैठौ (अधिकृत १, सहायक २ जना)
ल्याव टेक्निसियन चौथो/पाँचौ/छैठौ -१ जना
कार्यालय सहयोगी -२ जना

# आर्थिक तथा राजश्व प्रशासन शाखा
## संगठन संरचना



# आर्थिक तथा राजश्व प्रशासन शाखा
## संगठन संरचना


**आर्थिक विकास शाखा**
वरिष्ठतम् अधिकृत शाखा प्रमुख

**कृषि विकास उपशाखा**
कृषि विकास अधिकृत छैठौ/सातौ/ आठौं (कृषि), १ जना
प्राविधिक सहायक (प्रा.कृषि) पाचौ –२ जना
नायब प्राविधिक सहायक (ना.प्रा.स.), (प्रा.कृषि) चौथौ –१ जना

**पशुपंक्षी विकास उपशाखा**
पशु विकास अधिकृत वा पशु चिकित्सक सातौ÷आठौं (पशु) –१ जना पशु सेवा÷पशु स्वास्थ्य प्राविधिक –१ जना
नायब प्राविधिक सहायक (ना.प्रा.स.), (प्रा.) (पशु) चौथो –१ जना
नायब पशु स्वास्थ्य प्राविधिक चौथौ –१ जना

**सहकारी, उद्योग तथा रोजगार प्रवद्र्धन उपशाखा**
सहायक पाँचौ (प्र.) १ जना

**वडा समितिको सँगठन सँरचना** (वडा सँख्या ७)



## प्रस्तावित दरवन्दी बमोजिम वार्षिक खर्च अनुमान विश्लेषण

| क्र स | तह | दरवन्दी सँख्या | तलव स्केल | ग्रेड (सरदर) | जम्मा | क सचय कोष | विमा | महँगी भत्ता | मासिक जम्मा | एक वर्षको | चाडपर्व खर्च | पोशाक | एक जनाको जम्मा | कुल जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | आठौ | ४ | ४०३८० | ६००० | ४६३८० | ४६३८ | ४०० | २००० | ५३४१८ | ६४१०१६ | ४०३८० | १०००० | ६९१३९६ | २७६५५८४ |
| २ | सातौ | ५ | ३७८७० | ५५०० | ४३३७० | ४३३७ | ४०० | २००० | ५०१०७ | ६०१२८४ | ४३३७० | १०००० | ६५४६५४ | ३२७३२७० |
| ३ | छैठौ | १४ | ३५९९० | ६००० | ४१९९० | ४१९९ | ४०० | २००० | ४८५८९ | ५८३०६८ | ४१९९० | १०००० | ६३५०५८ | ८८९०८१२ |
| ४ | पाँचौ | ४१ | २८२०० | ५५०० | ३३७०० | ३३७० | ४०० | २००० | ३९४७० | ४७३६४० | ३३७०० | १०००० | ५१७३४० | २१२१०९४० |
| ५ | चौथो | २१ | २६६१० | ४००० | ३०६१० | ३०६१ | ४०० | २००० | ३६०७१ | ४३२८५२ | ३०६१० | १०००० | ४७३४६२ | ९९४२७०२ |
| ७ | श्रेणी विहिन | ३ | २२०१० | ० | २२०१० | ० | ० | ० | २२०१० | २६४१२० | २२०१० | १०००० | २९६१३० | ८८८३९० |
| ८ | श्रेणी विहिन | ३ | २०६८० | ० | २०६८० | ० | ० | ० | २०६८० | २४८१६० | २०६८० | १०००० | २७८८४० | ८३६५२० |
| ९ | श्रेणी विहिन | १६ | १९४८० | ० | १९४८० | ० | ० | ० | १९४८० | २३३७६० | १९४८० | १०००० | २६३२४० | ४२११८४० |
| | **जम्मा** | **१०७** | | | | | | | | | | | | **५२०२००५८** |